# नेपालमा प्रारम्भिक बालनीति पुनरावलोकन

(अध्ययन प्रतिवेदन)





United Nations
Educational, Scientific and
Cultural Organization

UNESCO Kathmandu Office

United Nations
Educational, Scientific and
Cultural Organization

यो प्रतिवेदन सेरिडको सहकार्यमा डा. किशोर श्रेष्ठ, डा. प्रेमनारायण अर्याल र सम्बद्ध अनुसन्धान टोलिद्वारा तयार पारिएको हो । यसको नेपाली अनुवाद रीष्ट्रिय समाहित शिक्षा केन्द्र नेपालद्वारा गरिएको हो ।

यो प्रकाशनमा भएका तथ्यहरूको छनौट र प्रस्तुतिका साथै तिनमा व्यक्त विचारहरू युनेस्कोका नभएकाले यो संस्थाती अभिव्यक्तिप्रति आफ्नो प्रतिबद्धता जाहेर गर्दैन र यसका लागि लेखकहरू नै पूर्ण जिम्मेवार हुनेछन् । यस प्रकाशनका लागि निर्दिष्ट पदहरू र सामग्रीको प्रस्तुतिले कुनै पनि देशको, संरक्षित राज्यको, सहरको वा क्षेत्रको अथवा यसका अधिकारीको कानुनी स्थिति वा देश र क्षेत्रको सीमाका सम्बन्धमा युनेस्कोको विचारको अभिव्यक्तिलाई जनाउँदैन ।

युनेस्को काठमाडौंद्वारा सन् २००८ मा प्रकाशित ।

ISBN 978-9937-8075-4-8

© युनेस्को काठमाडौं

आवरण फोटो © युनेस्को काठमाडौं/एलिजा एस. ढुंगाना

मुद्रक : लुष प्रेस, काठमाडौं, नेपाल फोन नं : ४७८२८२४

For more information please contact:
UNESCO Office in Kathmandu
Jawalakhel, Lalitpur, P.O. Box 14391
Kathmandu, NEPAL
E-mail:kathmandu@unesco.org
Tel: +977-1-5554-396/769
Fax: +977-1-5554-450
http://www.unesco.org/kathmandu

# नेपालमा प्रारम्भिक बालनीति पुनरावलोकन

## (अध्ययन प्रतिवेदन)


अध्ययन टोली

| | | |
|---|---|---|
| डा. किशोर श्रेष्ठ | - | प्रमुख अनुसन्धानकर्ता |
| डा. हृदयरत्न वज्राचार्य | - | सल्लाहकार |
| डा. प्रेमनारायण अर्याल | - | अनुसन्धानकर्ता |
| श्रीमती रेनु थापा | - | अनुसन्धान सहयोगी |
| श्रीमती उत्तरा बज्राचार्य | - | अनुसन्धान सहयोगी |



UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization

# प्राक्कथन

सवैका लागि शिक्षाको पहिलो उद्देश्य “विशेष गरी नाजुक र सुविधाविहिन बालबालिकाको निम्ति प्रारम्भिक बाल हेरचाह र शिक्षा कार्यक्रमको व्यापक विस्तार तथा सुधार गर्ने” परिपूर्तिका लागि यो प्रारम्भिक बालनीतिको पुनरावलोकन गरिएको छ । नेपालमा प्रारम्भिक बालनीतिको विकास र कार्यान्वयनमा देखिएका असल अभ्यास तथा बाधा र चुनौतिहरूको पहिचान गर्ने, तिनको अभिलेखिकरण गरी पारस्परिक आदानप्रदान गर्ने सम्बन्धमा यो पुनरावलोकन उपयोगी र समसामयिक हुने आशा गरिएको छ । यद्यपि प्रारम्भिक बालविकासको एजेण्डा तुलनात्मकरूपमा नयाँ चासो र पछि आएको कुरा भए तापनि देशमा यसको विकास द्रुतगतिमा भएको कुरा स्विकार्न पर्दछ । अन्तराष्ट्रिय मञ्चहरू जस्तै *वालवालिकाका लागि विश्व सम्मेलन, सबैका लागि शिक्षा विश्व अधिवेशन र वालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको अभिसन्धि* प्रारम्भिक बालविकासको योजना र कार्यक्रमका लागि महत्वपूर्ण मानिएका छन् । प्रारम्भिक बालविकासकालागि विशेष राष्ट्रिय नीति नभए तापनि नीतिसम्बन्धी प्रावधानहरू विभिन्न राष्ट्रिय योजनाहरू र नीतिगतदस्तावेजहरूमा पाउन सकिन्छ । यो अध्ययनमा राष्ट्रिय योजना र कार्यक्रमहरूका साथै सम्बन्धित दस्तावेजहरूमा उल्लेख भएका पारम्भिक वालविकास सम्बन्धी नीतिहरूको पुनरावलोकन गरिएको छ । विभिन्न मन्त्रालयहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्रसंघका निकायहरू-युनेस्को र युनिसेफ तथा नीजि क्षेत्रले प्रारम्भिक वालविकासको विस्तारमा योगदान पुऱ्याएका छन् ।

नेपालको परिप्रेक्ष्यमा प्रारम्भिक बालविकासको पुनरावलोकन युनेस्को एशिया-प्यासिफिक शिक्षाको क्षेत्रीय व्यूरो (एपीआरवीई) र यूनिसेफ इस्ट एशिया र प्यासिफिक क्षेत्रीय कार्यालय (ईएपीआरओ), बैङ्कक थाइल्याण्डद्वारा प्रायोजित प्रारम्भिक बालविकासको नीतिगत प्रयास हो ।

सम्बन्धित साहित्यको पुनरावलोकन, केन्द्रीय तहका उच्चस्तरीय अधिकारीहरू र तीन जिल्लाहरू (तनहुँ, मोरङ र सुन्सरी) मा संचालित मामला अध्ययनबाट प्रारम्भिक वालविकाससम्बन्धी सूचनाहरू खासगरी विद्यमान नीतिगत दस्तावेजहरूमा भएको सवल र दुर्वल पक्षहरूमा पर्याप्त सूचनाहरू उपलब्ध भएको छ । ती सूचनाहरूको विश्लेषणले प्रारम्भिक वाल्याकालको नीतिगत संरचना खासगरी नेपालमा प्रारम्भिक बालविकासको मूलप्रवाहीकरण, अन्तरक्षेत्रीय समन्वय र दीगोपनसम्बन्धी केही नीतिगत सिफारिशहरू सुझाउन सहयोग पुगेको छ । यस पुनरावलोकनले सुविधाविहिन अवस्थामा र सीमान्त समुदायहरूमा वसोवास गर्ने वालवालिकाहरूकालागि गुणात्मकरूपमा प्रारम्भिक बाल सेवाको विस्तार गर्ने नीतिलाई अभ्यासमा परिणत गर्न आधार प्रदान गर्दछ । यो अध्ययन नेपालमा साना वालवालिकाको

हेरचाह, शिक्षा र विकासमा अभिरूची राख्ने र संलग्न सबै व्यक्तिलाई पूर्णरूपले महत्वपूर्ण हुनेछ ।

यस्तो महत्वपूर्ण काम गर्नका लागि यो केन्द्रलाई छनोट गरिएकोमा युनेस्को काठमाडौंलाई हार्दिक धन्यवाद दिन चाहन्छु । पूरा अधयथन अविधिभर सशक्त सहयोग उपलब्ध गराएकोमा युनेस्को बैङकक र युनिसेफ, इयाप्रो वैङ्ककलाई कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । पेशागत सहयोगका लागि हाम्रो विशेष प्रशंसा डा. जुडिथ इभान्स, पुनरावलोकनका लागि युनिसेफ इयाप्राका क्षेत्रीय सल्लाहकार ल्किफ मेयर्स, युनेस्को वैङ्कककका माकि हायाशिकावा र युनेस्को काठमाडौंका तपराज पन्त र एलिजा श्रेष्ठ ढुगांनालाई दिन चाहन्छौं । पुनरावलोकनको उद्देश्यका लागि आयोजित परामर्श कार्यशालामा भागलिने तथा स्थलगत अध्ययनका क्रममा महत्वपूर्ण सोच र विचार दिने सबैलाई सेरिड धन्यवाद दिन चाहन्छ ।

**डा. श्रीराम प्रसाद लामिछाने**

निमित्त कार्यकारी निर्देशक, सेरिड

# विषयसूची


**खण्ड-एक** १-५

*परिचय* १

देशपरिचय १

पुनरावलोकनको सन्दर्भ २

पुनरावलोकनको उद्देश्य ४

अपेक्षित परिणाहरू ४

पुनरावलोकनको क्षेत्र ५

पुनरावलोकनका विषय र मुद्दाहरू ५

**खण्ड दुई** ६-९

*पुनरावलोकनका विधि र प्रक्रियाहरू* ६

अनुसन्धान टोली र सल्लाहकार समितिको निर्माण ६

नीतिगत दस्तावेजको पुनरावलोकन ६

केन्द्रीय कार्यशालाको आयोजना ७

अध्ययन साधन र उत्तरदाताहरूको तयारी ८

स्थलगत अध्ययन संचालन ९

**खण्ड-तीन** १०-१९

*नेपालमा प्रारम्भिक बालविकासको सिंहावलोकन* १०

प्रारम्भिक बालविकास, हेरचाह र शिक्षाको परिभाषा १०

प्रारम्भिक बालविकासको ऐतिहासिक विकास १०

कार्यान्वयन गर्ने मूख्य संस्थाहरू १२

कार्यान्वयन रणनीति १३

नेपालमा प्रारम्भिक बालविकास वर्तमान नीति १६

नाजुक तथा सुविधाविहीन बालबालिकासम्म प्रारम्भिक
वालविकास सेवा पुऱ्याउने नीतिहरू १९

**खण्ड-चार** **२०-४१**

*विषयमा आधारित विश्लेषण र व्याख्या* २०

विषयवस्तु १ : प्रारम्भिक बालविकास कार्यक्रमको मूलप्रवाहीकरण २०

विषयवस्तु २ : अन्तरक्षेत्रीय समन्वय २६

विषयवस्तु ३ : प्रारम्भिक बालविकास कार्यक्रमको दीगोपन ३४

**खण्ड-पाँच** **४२-४८**

*पुनरावलोकनको प्राप्ति र सिफारिशहरू* ४२

प्राप्ति ४२

सिफारिशहरू ४६

**खण्ड-६** **४९-५०**

*राम्रा अभ्यासहरु, सिकेका पाठहरू र भावि कार्यदिशा* ४९

राम्रा अभ्यासहरू ४९

सिकेका पाठहरू ४९

भावि कार्यदिशा ५०

**सन्दर्भ सूची** **५१**

## खण्ड एक

# परिचय

### देश परिचय

नेपाल एउटा भूपरिवेष्ठित देश हो जसको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र पूर्व, दक्षिण र पश्चिममा भारत रहेको छ । यसले १४७, १८१ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ । यसको आकार दक्षिण-पूर्वबाट उत्तर पश्चिम फर्किएको लगभग ८८५ किलोमिटर लम्वाई भएको आयताकार छ । यसको उत्तरदेखि दक्षिणतिरको चौडाइ २४१ देखि १४५ किलोमिटर सम्मको विविधतामा रही औषत १९३ किलोमिटर छ । भौगोलिकरूपमा यो तीन फरक फरक भूक्षेत्रमा विभाजित छ । (१) हिमाल: यो क्षेत्रमा हिउँले ढाकिएका उच्च हिमश्रृखंलाहरू पर्दछन् । यो क्षेत्रमा संसारकै सबभन्दा अग्लो हिमाल सगरमाथा पनि पर्दछ । (२) पहाड : यो क्षेत्रमा भिराला पहाडहरू र उपत्यकाहरू पर्दछन् र (३) तराई : यो क्षेत्रमा समतल उर्वर भूमि पर्दछ । यी सबै भौगोलिक क्षेत्रहरू पूर्वबाट पश्चिमतिर फैलिएका छन् । जनगणना २००१ अनुसार नेपालको जनसंख्या २,३१,५१,४२३ छ । तर हालैको अनुमान अनुसार नेपालको जनसंख्या २ करोड ६० लाख भन्दा पनि बढी छ ।




राजनैतिकरूपले नेपाल एक बहुदलीय प्रजातान्त्रिक मुलुक हो । प्रशासनिक उद्देश्यको लागि देशलाई ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लाहरूमा विभाजन गरिएको छ । मुलुकभित्र ३,९०० गाउँ विकास समितिहरू र ५८ नगरपालिकाहरू रहेका छन् । नगरपालिका र गाउँविकास समितिहरूलाई सरकारको सवभन्दा तल्लो निर्वाचित निकायको रूपमा लिइन्छ ।

नेपालमा विविध सामाजिक, सांस्कृतिक र जातीय पृष्ठभूमिका मानिसहरूको बसोबास रहेको छ । नेपाली समाजको एउटा महत्वपूर्ण विशेषता भनेको यसको सामाजिक-साँस्कृतिक विविधता हो । नेपालीहरूलाई विभिन्न जात तथा जातीय समुदायहरूमा विभाजित छन् । देशको शक्तिलाई हिन्दु जातप्रणालीसँग परस्पर जोडेर संचित गरिएको थियो । हाल यो प्रणालीलाई कमजोर बनाइएको छ तापनि यस्तो यो परम्परा अहिले पनि कायम छ । यस प्रणालीअनुसार सबैभन्दा माथि बाहुनहरू त्यसपछि क्रमैले क्षेत्री, वैश्य (व्यापारीहरू) र शुद्र (किसान र श्रमिकहरू) पर्दछन । दलित वा अछुत

भनिने तल्लो जातिका जनताहरू विभिन्न पेशागत समूहहरूमा  पर्दछन् (वेनेट, २००५) । सामान्यत : नेपालको हिन्दुप्रधान समाजले दलित वा तल्लो जातका मानिस, आदिवासी जनजाति, मधेसी र महिलाहरू गरी चार समूहलाई बिकासको प्रक्रियाबाट अलग्याएको छ ।

विभेदकारी व्यवहारको शिकार भएअनुरूप दलितहरूलाई अरू जातजातिका मानिसहरूसित घुलमिल गर्न प्रतिवन्धित गरिएको छ । परिणामस्वरूप केटाकेटीहरूको शैक्षिक क्रियाकलापहरूमा सहभागिता लगायत सामाजिक क्रियाकलापहरूमा सहभागी हुन उनीहरूलाई असम्भव भएको छ । दलितहरूलाई शिक्षा सम्पत्ति र शासनको पहुँचबाट बञ्चित गर्नु पर्दछ भन्ने भनाई छ । यस्ता मूल्य र मान्यताहरूले पूर्व बाल्यावस्था देखिनै समाजलाई निर्देशित गरेको हुन्छ (विश्वकर्मा,२००६) ।

सामाजिक समावेशीकरण राज्य रूपान्तरणका लागि एउटा राजनैतिक मुद्दा हो (गुरूङ, २००६) । नेपालमा सन् १९९० मा प्रजातन्त्रको पूनर्वाहालीले विभिन्न समुदाय र समूहहरूलाई आफ्नो परिचय र नागरिकको रूपमा आफ्नो अधिकार उपयोग गर्न स्थान प्रदान गरेको छ । विभिन्न सामाजिक आन्दोलनहरू विशेषत महिला आन्दोलन, लैङ्गिक समानता र न्याय जस्ता राष्ट्रिय सवालका प्रश्नहरूलाई स्थान दिन सफल भएको देखिन्छ र दलितहरूले नेपालको जातीय प्रणालीलाई चुनौती दिन शुरू गरेका छन् । जनजाति आन्दोलनले पनि समान जातीय प्रतिनिधित्व, नेपाली बाहेक अरू भाषाहरूको अधिकार र हिन्दु धर्म बाहेकका अरू संस्कृतिहरू र धर्महरूको अधिकारको आधारभूत मुद्दाहरू उठायो (बेनेट, २००५) । त्यसैगरी तराई मूलका वासिन्दाहरूले पनि समान अधिकारका लागि आफ्ना आवाजहरू उठाएका छन् ।

सन् १९९० देखि सुविधाबिहीन समूहहरूका विभिन्न क्षेत्रमा पहुँच बढाउन विभिन्न प्रयासहरू गरिएका छन् । सबैजसो दातृ निकायहरूले महिला, बालबालिका र सुविधाविहीन अवस्थामा रहेका जनताको विकासका लागि रकम खर्च गर्न जोड दिएका छन् । प्रारम्भिक बाल हेरचाह र शिक्षा सेवाहरू विस्तार गर्न सेभ द चिल्ड्रेन अमेरिका र नर्वे, एक्सन ऐड, प्लान इन्टरनेशनल जस्ता अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू प्रारम्भिक बाल हेरचाह र शिक्षा (ECCE) सेवाहरू प्रदान गर्न १९८० को दशकका शुरूदेखि नै लागेका थिए तर तिनीहरूको कार्य क्षेत्र सानो थियो । अति गरीवहरू ती संस्थाहरूको लक्ष्यित समूह भएअनुसार परम्परागतरूपले अलग्याइएका समूहको समस्या समाधानका लागि तिनीहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

राष्ट्रिय जनगणना - २००१ ले ११२ सामाजिक समूहहरू र ९२ भाषाहरू भएको देखाएको छ । ती मध्ये एक दर्जनभन्दा बढी मात्र अर्थपूर्ण जनसंख्याको आकारमा सक्रियरूपमा प्रयोग भएका छन् (प्रत्येकको एकलाखभन्दा बढी जनसंख्या छ) । देशको अर्थतन्त्र कृषिमा आधारित छ र नेपालीहरूको प्रतिव्यक्ति आय, लगभग ३७० अमेरिकि डलर छ (मानव विकास संशाधन, HDR, २००४) । देशमा प्रायजसो दुर्गम क्षेत्रमा बसोबास गर्ने र गरीवहरूको वसोबास छ जहाँ ३१% मानिसहरू गरिवीको रेखामुनि बाँचिरहेका छन् । हालको औसत आयु लगभग ६३ वर्ष छ - पुरूषको ६२.९ र महिलाको ६३.७ (केन्द्रीय तथ्याङ्क विभाग, २००३)

**पुनरावलोकनको सन्दर्भ (Context of Review)**

नेपालमा अनिवार्य शिक्षाको कुनै प्रावधान छैन । यहाँ अधिकारमा आधारित शैक्षिक प्रावधान अहिले सम्म पनि बन्न सकेको छैन । आधारभूत र प्राथमिक शिक्षा निशुल्क छ । प्राथमिक बाल हेरचाह र शिक्षालाई आधारभूत शिक्षाको एउटा अङ्गको रूपमा समावेश गरिएपनि प्रायजसो सबै अवस्थाहरूमा यो निशुल्क हुन सकेको छैन । निशुल्क आधारभूत र प्राथमिक शिक्षाले अध्ययन शुल्क र पाठ्यपुस्तक शुल्क नलाग्ने भन्ने बुझाउँछ । तथापि, विद्यालयको विकास र मर्मत खर्चको लागि

समुदाय र अभिभावकबाट चन्दा लिन विद्यालयहरूलाई छुट छ । यस्तो चन्दा र आधारभूत तथा प्राथमिक तहसम्म निशुल्क विद्यालय शिक्षाको मुद्दा विरोधाभासपूर्ण छ ।

राष्ट्रिय साक्षरता दर ५४% पुगेको छ । तर महिला साक्षरता दर केवल ४३% मात्र छ । पिछडिएको तथा सुविधाबिहिन समुदाय र पारिवारिक पृष्ठभूमि कमजोर भएका बालबालिकाहरू लगायत अल्पसंख्यक जाति, दलित र केटीहरूको लागि विशेष प्रोत्साहन र छात्रवृत्तिका कार्यक्रमहरू शुरू भएका छन् । नेपालमा १९७५ देखि नै प्राथमिक शिक्षालाई सबै बालबालिकाहरूका लागि निशुल्क बनाइएको छ । परिणामस्वरूप २००६ मा प्राथमिक विद्यालयमा बालबालिकाहरूको खुद भर्नादर ८७.४ प्रतिशत पुगेको छ ।

कुल जनसंख्याको १८ प्रतिशतभन्दा बढी भाग ६ वर्षभन्दा मुनिका बालबालिकाहरूले ओगटेका छन् । तिनीहरूमध्ये लगभग आधा (९.७७%) बालबालिकाहरू ३ देखि ६ वर्षसमूहका छन् ।

स्वास्थ्य तथा जनसङख्या मन्त्रालय, न्यू एरा र म्याक्रो इन्टरनेशनल इन्क २००७ (Macro International Inc., 2007), अनुसार ५ वर्षमूनिका बच्चाहरूको मृत्युदर प्रत्येक १००० जन्ममा ६१ छ र बाँचेका बालबालिकाहरू पनि विभिन्न पीडा, रोग र विकृतिहरूबाट सताइएका छन् । विकृतिको घटना उच्च छ र यसले मनोवैज्ञानिक, सामाजिक र शारीरिक विकासमा प्रत्यक्ष असर पार्दछ । यो अनुमान गरिएको छ कि ५ वर्षमुनिका बच्चाहरू कठोर वा सामान्य कुपोशणबाट सताइएका छन् । तिनीहरूमध्ये पनि प्रोटिनको कमीले हुने कुपोषणको अंश बढी छ । धेरै बालबालिकाहरू आयोडिन अल्पता असन्तुलन र लौह अल्पता, एनेमियाबाट ग्रसित छन् । यस प्रकार नेपालमा महत्वपूर्ण बढ्दो उमेरको बहुसंख्यक बालबालिकाहरू कित खानेकुराको अभाव वा अनुपयुक्त भोजन, अस्वस्थ्य भौतिक वातावरणको स्थिति कि त प्रारम्भिक बाल हेरचाह र शिक्षा जस्ता आधारभूत सेवाहरूको अभावले ग्रसित छन् ।

नेपालमा बालबालिकाहरूको औपचारिक शिक्षा ६ वर्ष उमेर पुगेपछि मात्र शुरू हुन्छ । तथापि के अनुमान गरिएको छ भने एक कक्षामा पढ्ने ३०-४० प्रतिशत बालबालिकाहरू ६ वर्षभन्दा कम उमेरका  छन् (एक्सन नेपाल, १९९२, इभान्स १९९२, पृष्ठ १३ मा उधृत) । ३-५ वर्ष उमेर समूहका वच्चाहरू कि त उनीहरूका दिदी, दाजुहरूसित विद्यालय जान्छन् । कित घरमै बस्छन् । यसले कक्षा १ मा कम उमेर भएका बालबावालिकाहरूको भर्नादरमा अत्यधिक वृद्धि हुनेगरेको छ र परिणामस्वरुप । विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने बच्चाहरूको संख्या उच्च भएको  छ (युनिसेफ १९९७ । हालसालै मात्र औपचारिक प्राथमिक शिक्षामा प्रवेश गर्न पाउने उमेर ५ वर्षमा झारिएको छ ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम १९८६ अर्न्तगत शिक्षा मन्त्रालयले कम उमेरका बालबालिकाहरूलाई कक्षा १ बाट अलग्याउन र कक्षा १ को शिक्षण सिकाई अवस्था सुधार गर्नको लागि पूर्व प्राथमिक कक्षाहरू शुरूवात गर्न कदम चल्यो । शुरूवातमा कम उमेरका बच्चाहरूलाई कक्षा १ बाट अलग्याउनु नै यसको प्राथमिक उद्देश्य र जोड थियो भने उनीहरूको विकासको कुरा चाहीँ गौंण थियो । तथापि, सबैका लागि शिक्षा कार्यक्रमको पहिलो उद्देश्यको रूपमा प्रारम्भिक बाल हेरचाह र शिक्षाको समावेशले यो अवधारणामा परिवर्तन ल्याएको छ । कक्षा १ बाट कम उमेरका बालबालिकाहरूलाई अलग्याउने पहिलेको जोड प्रारम्भिक बाल विकास कार्यक्रमहरूमार्फत उनीहरूको विकासतिर सऱ्यो । पूर्व वाल्यावस्था विकास र पूर्व प्राथमिक शिक्षाका अवधारणा र अभ्यासहरू महत्वपूर्ण विकासका रूपमा आइरहेका छन् तर तिनीहरू औपचारिक राष्ट्रिय शिक्षा संरचनाको अङ्ग हुन सकेका छैनन् ।

नेपालमा प्राप्त भएका प्राथमिक बालविकास सेवाहरूको पुनरावलोकनले यस्ता कार्यक्रमहरू ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि लक्ष्यित भएको देखाउँदछ । धेरैजसो यस्ता कार्यक्रमहरू

मनोवैज्ञानिक र सामाजिक विकासतर्फ ढल्किएको देखिन्छ अथवा शैक्षिक र संज्ञानात्मक विकाससँग जोडिएको छ तर स्वास्थ्य र पोषण सम्बन्धी कुराहरूलाई कम जोड दिइएको वा जोड दिइएकै छैन । गर्भधारण देखि ३ वर्ष उमेरका बच्चाहरूको विकासका लागि प्रदान गरिने प्रायजसो सेवाहरू स्वास्थ्य मन्त्रालयले यसको मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमहरू मार्फत् सम्हाली रहेको छ । तथापि स्वास्थ्य मन्त्रालयले प्रदान गर्ने सेवाहरूमा शिशुहरूको मनोसामाजिक र संवेगात्मक विकासकालागि आवश्यक उत्प्रेरक तत्वहरूको अभाव छ । वर्तमान संगठनात्मक ढाँचामा शिक्षामन्त्रालयले प्रारम्भिक विद्यालय शिक्षासम्बन्धी काम शुरू गरेका भएतापनि ३ देखि ५ वर्ष उमेरका बच्चाहरूको विकास औपचारिक रूपमा कुनै पनि मन्त्रालयमा समावेश गरिएको छैन । परिणामस्वरूप अहिलेसम्म पनि यो तहको शिक्षामा सरकारको लगानी हुन सकेको छैन ।

देशले सन् २०.१५ सम्ममा ३ देखि ५ वर्षसम्मका ८० प्रतिशत बालबालिकाहरूलाई प्रारम्भिक बाल हेरचाह सेवा पु¥याउने लक्ष्य लिएको छ । यसैगरी सन् सन् २०१५ सम्ममा कक्षा १ मा प्रारम्भिक बाल हेरचाह सम्बन्धी सेवा पाएका नवप्रवेशीहरू ८० प्रतिशत पु¥याउने लक्ष्य लिएको छ । सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना र सवैकालागि शिक्षाको मुख्य दस्तावेज (EPA Core Document)-२००४-२००९का कार्यक्रमहरूले नेपालमा आफ्नो उद्देश्य प्राप्त गर्न प्रारम्भिक बाल हेरचाहका प्रावधानहरूलाई देशभर विस्तार र विकास गर्ने प्रतिवद्धताहरू गरेका छन् ।

## पुनरावलोकनको उद्देश्य

पुनरावलोकनको मुख्य उद्देश्य भनेको नेपालमा प्रारम्भिक बाल हेरचाह सम्बन्धी नीति निर्माण र कार्यान्वयनका राम्रा अभ्यासहरूका साथै सीमा तथा चुनौतीहरूको पहिचान, अभिलेखीकरण र साझेदारी गरी “नाजुक अवस्थामा रहेका र सुविधाबाट बञ्चित समुदायका बालबालिकाहरूको लागि प्रारम्भिक बाल हेरचाह र शिक्षाको बिस्तार र सुधार” भन्ने सबैका लागि शिक्षा कार्यक्रमको पहिलो उद्देश्य प्राप्त गर्न देशलाई सहयोग पु¥याउनु थियो ।

उल्लेखित समग्र उद्देश्यअनुरूप पुनरावलोकनका निम्नलिखित विशेष उद्देश्यहरू थिए :

- राष्ट्रिय कानुन, विधि र विकास योजनाहरूमा उल्लेख भएका पूर्व प्ररम्भिक बाल हेरचाह सम्बन्धी नीतिहरूको पहिचान गर्नु ।
- नीतिको सान्दर्भिकताको मुल्याङ्कन सबैका लागि शिक्षाको मध्यदशक मुल्याङ्कन (Mid Decade Assess event) अनुसारका कार्यक्रम र अभ्यासअनुरूप गर्नु ।
- प्रारम्भिक बाल हेरचाह कार्यक्रमहरूको समावेशीकरण, अन्तर-क्षेत्रीय समन्वयन र दिगोपनमा नीतिगत अन्तरहरू पहिचान गर्नु ।
- प्रारम्भिक बाल हेरचाहको नीतिगत संरचनाको विकासका लागि राजनैतिक उपायहरू सुझाव गर्नु ।

## अपेक्षित परिणामहरू

- विद्यमान प्रारम्भिक बाल हेरचाहसम्बन्धी नीतिहरूको संयोजन ।
- प्रारम्भिक बाल हेरचाह सेवाहरू र प्रावधानहरूलाई सुधार्न गर्ने नीतिको खाका बनाउन क्षमता अभिवृद्धि
- नीति निर्माताहरूको लागि प्रारम्भिक वाल्यावस्थाको पुष्टी र आधारको सन्दर्भ सामग्रीको निम्ति नीतिगत ज्ञान  र संशाधनको आधार निर्माण ।

- प्रारम्भिक बाल सेवाहरू/प्रावधानहरू कार्यान्वयनको लागि जिम्मेवार सम्बन्धित संस्थाहरू (सरकारी संस्था, राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरू, निजी क्षेत्रका संस्थाहरू) माफ नीति निर्माण र कार्यान्वयनका अनुभवहरू र दृष्टिकोण  आदानप्रदान ।

**पुनरावलोकनको क्षेत्र**

नीतिगत पुनरावलोकनले सबै क्षेत्रगत (शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य मन्त्रालय, महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय, स्थानीय विकास मन्त्रालय र सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू) र अन्तरक्षेत्रीय क्रियाकलापहरू तथा उमेर परिधि (०-५वर्ष) समावेश गर्छ ।

- पुनरावलोकनले संविधान, व्यस्थापकीय, संसदीय तथा कार्यकारी आदेश र योजनाहरू तथा सरकारको श्रृंखलाबद्ध राष्ट्रिय नीतिका निर्णयहरू समेट्छ ।
- विभिन्न राष्ट्रियस्तरका नीति निर्माताहरू, सरकारी कर्मचारीहरू, राजनैतिक नेताहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कर्मचारीहरूको विचार, दृष्टिकोण र अपेक्षाहरूका साथै जिल्ला तथा स्थानीय स्तरका सम्बन्धित सरोकारवालाहरूलाई पुनरावलोकन प्रक्रियाले समावेश गर्छ ।
- पुनरावलोकनले पूर्वस्थापित सबै क्षेत्रीय तथा अन्तर-क्षेत्रीय नीति योजना र राणनीतिहरूलाई समावेश गर्छ ।
- यसले मुख्य नीति र समन्वयका अन्तरहरू, द्वन्द्वहरू र दोहोरोपन पहिल्याउने नीतिगत क्षेत्रहरूमाफ प्राथमिकताहरू निर्धारण गर्ने तथा मुख्य रणनीतिहरू र स्तरहरू स्थापित गर्ने कोशिस गर्छ ।

**पुनरावलोकनका विषय र मुद्दाहरू**

- प्ररम्भिक बालविकासमा स्थानीय सरकारी निकायहरूको सहभागिता (विकेन्द्रीकरण अधिकारवालाहरूको प्रतिनिधित्व तथा आर्थिक सहयोग लगानी र अनुगमन प्रणालीका नीतिको पुनरावलोकन)
- प्रारम्भिक बाल विकास कार्यक्रमलाई शिक्षा संरचनाको (सार्वजनिक/निजी) मूलप्रवाहमा ल्याउने ।
- अन्तरक्षेत्रीय समन्वयका प्रावधान र दुरी
- प्रारम्भिक बालविकास सेवाहरूको नाजुक तथा सुविधाविहीन समूदायहरूमा बस्ने बच्चाहरूतर्फ विस्तार
- प्रारम्भिक बालविकास कार्यक्रम र नीतिगत अन्तरहरूको दिगोपनको अवस्था ।
- गुणात्मक प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयनका लीग विभिन्न तहमा आवश्यक मानव संशाधनहरूको विकास ।

# खण्ड दुई
# पुरावलोकनका विधि र प्रक्रियाहरू

अध्ययनको प्रकृतिलाई ध्यानमा राखी यस अध्ययनमा निम्न लिखित रणनीति र विधिहरू प्रयोग गरिएका थिए ।

## अनुसन्धान टोली र सल्लाहकार समितिको निर्माण

अध्ययन सञ्चालन गर्ने अनुसन्धाताहरूको ५ सदस्यीय टोली निर्माण भएको थियो । टोलीमा सेरिड (CERID) का कार्यकारी निर्देशक, अनुसन्धाताहरू र प्रारम्भिक बालविकास स्रोत केन्द्रमा काम गर्ने २ जना अनुसन्धान सहायकहरू समावेश थिए । उक्त टोलीको निर्माण युनेस्को काठमाडौंको परामर्शमा भएको थियो । टोलीले पुनरावलोकनको लागि निर्देशिका र  अनुसन्धान साधनहरूको निर्माण, केन्द्रीय स्तरको कार्यशालाको आयोजना, जिल्लाहरूमा स्थलगत सर्वेक्षण, केन्द्रीय स्तरका प्रमुख नीति निर्माण तहका कर्मचारीहरूसित अर्न्तवार्ता,  सल्लाहकार समितिसित समन्वय गर्नुका साथै विभिन्न समयको अन्तरमा पुनरावलोकनको प्रगतिहरूमा छलफल आदान प्रदान गऱ्यो र पुनरावलोकनको प्रतिवेदन तयार पाऱ्यो ।

सम्बन्धित संस्थाहरू र व्यक्तिहरूलाई पुनरावलोकन प्रक्रियामा समावेश गर्नुका साथै अध्ययनको लागि आवश्यक पर्ने सल्लाह र निर्देशन प्राप्त गर्नको लागि एउटा सल्लाहकार समितिको निर्माण गरिएको थियो सल्लाहकार समितिका सदस्यहरूमा सम्बन्धित मन्त्रालयहरूको प्रतिनिधि-शिक्षा तथा खेलकुद (मन्त्रालय/शिक्षा विभाग, स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, संयुक्त राष्ट्र संघका निकायहरू युनेस्को र युनिसेफ, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू-सेभ द चिल्ड्रेन एलाईन्स (Save the Children Alliance) र प्लान नेपाल (Plan Nepal), गैर सरकारी सस्थाका प्रतिनिधिहरू-सेतो गुराँस राष्ट्रिय बालविकास सेवा तथा अनुसन्धाताहरूको समूह समावेश गरेको थियो । सल्लाहकार टोलीको सूची परिशिष्टमा दिइएको छ ।

सल्लाहकार समितिको वैठकहरू परियोजना अवधिको विभिन्न अवसरहरूमा बसेको थियो । यसको पहिलो वैठक परियोजनाको शुरूवातमा बसेको थियो । यस वैठकमा सदस्यहरूले अनुसन्धानधाताहरूद्वारा तयार पारिएको मस्यौदा प्रस्ताव पुनरावलोकन गर्नुका साथै युनेस्को र युनिसेफले दिएका निर्देशिकाहरूको प्रयोग गरे । दोस्रो बैठक स्थलगत कार्यसञ्चालन अगाडि बसेको थियो । सल्लाहकार समितिका सदस्यहरूले स्थलगत कार्यको नमूना ढाँचा (Sample design) र अनुसन्धान टोलीले निर्माण गरेको अनुसन्धान साधनहरू (Research tools) को पुनरावलोकन गरी आवश्यक सुझावहरू प्रदान गरेका थिए । तेस्रो वैठक स्थलगत अध्ययन क्षेत्र पछि तथा तथ्याङ्क विश्लेषण र व्याख्याको अवधिमा वसेको थियो । यो बैठकमा सदस्यहरूले परियोजनाको प्रगतिको पुनरावलोकनका साथै तथ्याङ्क विश्लेषणमा चाहिने आवश्यक रायहरू प्रदान गरेका थिए ।

## नीतिगत दस्तावेजहरूको पुनरावलोकन

पूर्व बाल्यावस्थाको विद्यमान अवस्था सिंहावलोकन गर्न र नेपालमा प्रारम्भिक बाल हेरचाह तथा शिक्षा का ताजा नीतिहरूको पहिचान गर्नका लागि सान्दर्भिक दस्तावेजहरूको एउटा विस्तृत पुनरावलोकन कार्य गरिएको थियो । पुनरावलोकन गरिएका दस्तावेजहरूमा राष्ट्रिय विकासका योजनाहरू, सबैकालागि शिक्षा कार्यक्रमका दस्तावेजहरू, नीतिगत दस्तावेजहरू तथा अनुसन्धान प्रतिवेदनहरू समावेश थिए ।

## केन्द्रीयस्तरको कार्यशालाहरूको आयोजना

पूर्व बाल्यावस्थाको नीतिगत पुनरावलोकनको सम्बन्धमा दुईपटक केन्द्रीयस्तरको परामर्श कार्यशाला आयोजना गरिएको थियो । कार्यशालाहरूको आयोजना युनेस्कोको कार्यालय काठमाडौं, नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा आयोजना गरिएको थियो । पहिलो कार्यशाला साहित्य पुनरावलोकन (Literative Review) पश्चात् तर अनुसन्धान साधनहरूको अन्तिमरूप तथा क्षेत्र कार्यसञ्चालन अघि आयोजना गरिएको थियो । कार्यशालाहरूको आयोजना प्रारम्भिक बालविकास सम्बन्धी साहित्यको पुनरावलोकनबाट प्राप्त उपलब्धिहरू आदानप्रदान गर्नको लागि तथा प्रारम्भिक बालविकास कार्यक्रमहरूको मूलप्रवाहीकरणलाई प्रोत्साहन गर्ने विद्यमान नीतिहरू तथा नीतिगत अन्तरहरू, अन्तर क्षेत्रीय समन्वय तथा प्रारम्भिक बालविकास कार्यक्रमहरूको दीगोपनको पहिचान गर्नको लागि गरिएको थियो ।

कार्यशालामा विद्यमान प्रारम्भिक बालविकासका नीति तथा अभ्यास माथि एउटा कार्यपत्र प्रस्तुत गरिनुका साथै प्रस्तुत कार्यपत्र माथि छलफल गर्न एउटा पूर्णसत्र (Plenary)मा छलफल भएको थियो । कार्यशालाले समूह कार्य पनि समावेश गरेको थियो । सहभागीहरूलाई ३ विभिन्न समूहमा विभाजन गरिएको थियो । समुहहरू थिए : (क) प्रारम्भिक बालबिकास कार्यक्रमहरूको मूलप्रवाहीकरण, (ख) विभिन्न प्रारम्भिक बालविकासका क्षेत्रमा काम गर्ने संस्थाहरूमा अन्तर क्षेत्रीय समन्वय र (ग) प्रारम्भिक बाल विकास कार्यक्रमहरूको दिगोपन ।

कार्यशालामा शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, शिक्षा विभागको प्रारम्भिक वालविकास इकाई, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, गैरसरकारी संस्था, सेभ द चिल्ड्रेन एलाइन्स, डिएफआइडी (DFID) तथा गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरू, विश्वविद्यालय विभागहरूका प्रमुखहरू, अनुसन्धान केन्द्रहरूका प्रतिनिधिहरू र सेवा प्रदायकहरूका प्रतिनिधिहरू सहभागी  थिए ।

दोस्रो केन्द्रीयस्तरको कार्याशाला परामर्श कार्यशालाको रूपमा नीति पुनरावलोकनको मूख्य प्रारम्भिक उपलब्धिहरूको आदानप्रदान तथा सम्बन्धित साझेदारहरूको समग्र दृष्टिकोण संकलन गर्नको लागि आयोजना गरिएको थियो । कार्यशालामा दुईवटा प्रस्तुतिहरू गरिएका थिए- एउटा नीतिगत पुनरावलोकन कार्य अन्तर्गतका मुख्य कार्यहरू र अर्को चाहीँ पुनरावलोकनको मुख्य उपलब्धिहरू, प्रारम्भिक बालविकासको मूलप्रवाहीकरण र अन्तर-क्षेत्रीय समन्वय तथा दिगोपन जस्ता पुनरावलोकनका ३ पक्षहरूमाथि कार्यशालाको मुख्य जोड रहेको थियो ।

कार्यशालाले समूह कार्यलाई पनि समावेश गरेको थियो जसमा प्रतिनिधित्व गरेका संस्थाहरूको आधारमा सहभागीहरूलाई ३ समूहमा विभाजन गरिएको थियो । समूहको निर्माण (१) सरकारी अधिकृतहरू, (२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र (३) नीजि विद्यालयहरूको आधारमा गरिएको थियो । सबै समूहलाई प्रारम्भिक बालविकासको मूलप्रवाहीकरण, अन्तरक्षेत्रीय संमन्वय, तथा दिगोपनसँग सम्बन्धित प्रश्नहरू छलफलका लागि दिइएको थियो । माननीय शिक्षा तथा खेलकुदमन्त्री, शिक्षा मन्त्रालयका सचिव, शिक्षा विभागका महानिर्देशकका साथै कार्यशालामा विभिन्न सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, केन्द्रीय बाल कल्याण वोर्ड, युनेस्को र युनिसेफ नेपाल, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, गैरसरकारी संस्थाहरू, विश्वविद्यालयका प्राध्यापकहरू तथा अनुसन्धाताहरूको कार्याशालामा सहभागिता भएको थियो । कार्यशालामा ३५ सहभागीहरूले भाग लिएका थिए ।

### अध्ययन साधनहरूको निर्माण तथा उत्तरदाताहरू

केन्द्रीय तथा जिल्ला तहहरूमा विभिन्न सरोकारवालाहरूबाट सुचना संकलन गर्नको लागि अनुसन्धान साधनहरूको निर्माण गरिएको थियो । अनुसन्धान साधनले लक्ष्यित समूह छलफल निर्देशिका र अर्न्तवार्ताको संरचनालाई समेट्दछ ।

### लक्ष्यित समूह छलफल निर्देशिका

जिल्ला स्तरमा शिक्षकहरू/सहजकर्ताहरू तथा समुदायका व्यक्तिहरू (राजनीतिक दलहरूका प्रतिनिधि तथा सामाजिक कार्यकर्ताहरूसमेत) सित छलफल गर्नको लागि लक्ष्यित समूह छलफल निर्देशिका तयार पारिएको थियो । छलफलका विषयहरूमा अन्तरक्षेत्रीय सहयोग दिगोपन र प्रारम्भिक बालविकास कार्यक्रमहरूको मूलप्रवाहीकरण थिए । विद्यमान नीति, नीतिगत अन्तरहरूको पहिचान तथा माथिका तीन क्षेत्रहरूमा नीति निर्माणका लागि सुझावहरू संकलन गर्ने कोशिश गरिएको थियो ।

### अन्तर्वार्ता तालिका

केन्द्रीय तहका कर्मचारीहरू तथा जिल्लास्तरका सरोकारवालाहरूबाट सूचना संकलन गर्न असंरचित अर्न्तवार्ताको निर्माण गरिएको थियो । केन्द्रीयस्तरका मुख्य व्यक्तिहरूको लागि निर्माण गरिएको अर्न्तवार्ताका तालिकामा सार्वजनिक तथा निजी प्रारम्भिक वाल विकास केन्द्रहरूलाई राष्ट्रिय प्रणालीको मूलप्रवाहीकरण, अन्तर-क्षेत्रीय सहकार्य तथा प्रारम्भिक बालविकास कार्यक्रमहरूको दिगोपनको सवल र अन्तरहरूको बारेमा असंरचित प्रश्नहरू समावेश गरिएको थियो । निर्देशिकामा प्रारम्भिक बालविकाससँग सम्बन्धित मन्त्रालयहरूबीच केन्द्रीय, जिल्ला तथा स्थानीय तहहरूमा विभिन्न क्रियाकलापहरू संचालनका लागि आवश्यक सहकार्य पनि समावेश गरिएको थियो । अर्न्तवार्ता निर्देशिकाले अन्तरक्षेत्रीय समन्वयका समस्या तथा समाधानहरू पनि समेटेको थियो । अर्न्तवार्ता तालिकाले मूलप्रवाहीकरणको आवश्यकता तथा प्रक्रिया, नीतिनिर्माण तथा संरचनात्मक ढाँचामा जोड दिएको थियो । अन्तरक्षेत्रीय समन्वयका समस्या र समाधानहरू पनि अन्तवार्तामा समावेश गरिएका थिए । त्यसैगरी यसले अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू तथा मन्त्रालयहरूबीच सहकार्यको विद्यमान अवस्था र समस्या तथा समाधानका उपायहरू पनि समावेश गरेको थियो । दिगोपनको सन्दर्भमा यसको अधारभूत आवश्यकताहरू, यसको लागि प्रारम्भिक बालविकास कार्यक्रमहरूका विभिन्न प्रकारका नीति निर्माण तथा प्रारम्भिक बालविकास कार्यक्रमहरूको दिगोपनका लागि समुदायको सहभागिताको महत्व र उपायहरू पनि अन्तवार्ता तालिकामा समावेश गरिएको थियो । सम्बन्धित संस्था र मन्त्रालयहरूबाट सूचना संकलन गर्न अर्न्तवार्ता निर्देशिकाको प्रयोग गरिएको थियो । केन्द्रीयस्तरका कर्मचारीहरूमा योजना आयोगका माननीय सदस्यहरू, शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव वा सह-सचिव वा उपसचिव स्तरका कर्मचारीहरू, तथा केन्द्रीय बालकल्याण परिषद्का प्रतिनिधि सहभागी थिए ।

त्यसैगरी जिल्लास्तरका कर्मचारीहरूका लागि बनाइएको अर्न्तवार्ता तालिमा विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूको मूलप्रवाहीकरण, अन्तरक्षेत्रीय सहकार्यका विद्यमान अभ्यासहरू र आवश्यकता तथा समुदायमा आधारित, विद्यालयमा आधारित, र निजी विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूको दिगोपनको लागि निर्माण गर्नुपर्ने नीतिहरू सम्वद्ध क्षेत्रसँग सम्बन्धित असंरचित प्रश्नहरू समावेश थिए । केही प्रश्नहरू भौतिक सुविधाहरूको आवश्यकता (शैक्षिक सामग्रीहरू र पाठ्यक्रमसँग सम्बन्धित सामग्रीहरू लगायत) प्रारम्भिक बालविकास कार्यक्रमहरूको मूल्याङ्कन तथा अनुगमन र यसको दिगोपनको सुनिश्चितताका लागि आवश्यक नीतिहरूमाथि सरोकारवालाहरूको धारणा संकलन गर्नको लागि पनि लक्ष्यित थिए ।

जिल्लास्तरका अधिकृतहरूमा जिशिअ, मुख्य व्यक्ति (Focal Person), बाल तथा महिला विकास परिषद् (DCWB) का सदस्य, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा स्थानीयस्तरमा विद्यालयका प्रधानाध्यापक, प्रारम्भिक बालविकासका समुदाय व्यवस्थापन समितिका सदस्य, र गैरसरकारी संस्थाका प्रशिक्षकहरू थिए ।

**स्थलगत अध्ययनको सञ्चालन**

विभिन्न सरोकारवालाहरू र प्रारम्भिक बालविकास कार्यक्रम संचालनकर्ताहरूको क्षेत्रमा आधारित अनुभवहरू संकलन गर्नका लागि स्थलगत अध्ययनहरू सञ्चालन गरिएका थिए । नमूना जिल्लाहरू प्रारम्भिक बालबिकास सेवाहरूको उपलब्धताको आधारमा सल्लाहकार समितिले दिएको सुझाव अनुरूप छानिएका थिए । स्थलगत अध्ययनलाई प्रारम्भिक बालविकास नीति पुनरावलोकन गर्नका लागि विद्यमान प्रारम्भिक बालविकास सेवाहरू र नीतिगत अन्तरहरूको पहिचान गर्नका लागि एउटा विधिको रूपमा लिइएको थियो । स्थलगत अध्ययनको मुख्य उद्देश्य भनेको जिल्लाहरूमा विभिन्न संस्थाहरूले आयोजना गरेका विद्यमान प्रारम्भिक बालविकास कर्यक्रमहरूका अभ्यासहरूको पहिचान प्रारम्भिक बालविकास कार्यक्रमहरूको संयोजन र दिगोपनका अन्तरहरूको खोजी गर्नु थियो । स्थलगत अध्ययन तनहुँ, मोरङ्ग र सुनसरी जिल्लामा संचालन गरिएको थियो ।

सरोकारवालाहरूसित अन्तर्वार्ता, सहजकर्ताहरू/शिक्षकहरू, राजनैतिक दलका प्रतिनिधिहरू तथा जिल्ला शिक्षाका कर्मचारीहरूसित लक्ष्यित समूह छलफल, प्रारम्भिक बालविकास केन्द्रहरूको अवलोकन सम्बन्धित क्षेत्रबाट सूचना गर्नको लागि प्रयोग गरिएका विधिहरू थिए । अध्ययनको उद्देश्यअनुरूप विभिन्न सरोकारवालाहरूबाट तथ्याङ्क संकलन गर्न तीन सदस्यीय अनुसन्धान टोली नमूना जिल्लाहरूमा खटाइएको थियो । अनुसन्धान टोलीले जि.शि.का.सँग सम्पर्क गरी जिल्लाहरूको लागि अध्ययन योजना तयार गऱ्यो । अनुसन्धान टोलीले जि. शि अ.लाई अन्तर्वार्ता लियो । प्रारम्भिक बालविकासका सहजकर्ता, प्याब्सन (निजी तथा आवासीय विद्यालय संघ, नेपाल) प्रतिनिधि, शिक्षक, प्रधानाध्यापक, जिल्ला शिक्षाका कर्मचारीहरू, स्रोतव्यक्ति तथा विद्यालय निरीक्षक लगायतका व्यक्तिहरूसित लक्ष्यित समूह छलफल गरिएको थियो । तथ्याङ्क संकलन गर्न विभिन्न जिल्लास्तरका सरोकारवालाहरू जस्तै स्थानीय विकास अधिकारी, युनिसेफका स्थानीय अधिकृत, सेभ द चिल्ड्रेन अमेरिकाका शिक्षा व्यवस्थापक, प्लान नेपालका कार्यक्रम अधिकृतहरूसँग अन्तर्वार्ता लिइएको थियो । अध्ययन टोलीले मोरङ्ग जिल्लामा सेतो गुराँस राष्ट्रिय वालविकास सेवाले सञ्चान गरेको एउटा समुदायमा आधारित प्रारम्भिक बालविकास कार्यक्रममा तथा एउटा सार्वजनिक विद्यालयले तनहुँमा सञ्चालन गरेको प्रारम्भिक बालविकास केन्द्रको अवलोकन गरेको थियो ।

## खण्ड-तीन

## नेपालमा प्रारम्भिक बालविकासको पुनरावलोकन

यो खण्डले नेपालमा प्रारम्भिक बालविकासका विभिन्न पक्षहरूको पुनरावलोकनलाई प्रस्तुत गर्छ । मूलतः यसले प्रारम्भिक बालविकास, हेरचाह र शिक्षाको परिभाषा; यसको ऐतिहासिक विकास र मुख्य उपलब्धिहरू कार्यान्वयनका लागि उत्तरदायी संस्थाहरू, कार्यान्वयनका रणनीतिहरू र नेपालमा प्रारम्भिक बाल विकासका वर्तमान नीतिहरूबारे व्याख्या गर्छ ।

### प्रारम्भिक बालबिकास, हेरचाह तथा शिक्षाको परिभाषा

नेपालमा प्रारम्भिक बालविकासका कार्यक्रमहरूलाई विभिन्न नामहरूले चिनिन्छ । प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत प्रारम्भिक बालहेरचाह कार्यक्रमहरू जस्तै दिवा हेरचाह केन्द्रहरू र बाल हेरचाह केन्द्रहरू तथा प्रारम्भिक बालशिक्षा कार्यक्रमहरू जस्तै नर्सरी, बालउद्यान कक्षा, पूर्व विद्यालय र पूर्व प्राथमिक विद्यालयहरू पर्दछन् । बालविकासमा दिइने जोड क्रमशः प्रारम्भिक बाल शिक्षाबाट प्रारम्भिक बाल हेरचाह र शिक्षा तथा प्रारम्भिक बाल हेरचाह र शिक्षाबाट प्रारम्भिक बालविकासमा सरेको छ । प्रारम्भिक बालशिक्षाले बालबालिकाहरूको प्रारम्भिक बाल्यावस्थामा दिइने शिक्षालाई जनाउँछ भने प्रारम्भिक बालहेरचाह र शिक्षाले अभिभावकहरूको अनुपस्थिति अवधिभर बालबालिकाहरूको हेरचाह र उनीहरूलाई दिइने शिक्षालाई बुझाउँछ । प्रारम्भिक बालविकासले बालबालिकाहरूको समग्र विकासलाई जनाउँदछ । प्रारम्भिक बालविकास बढी सान्दर्भिक भएकाले हाल यसको प्रयोग व्यापकरूपमा गरिन्छ ।

### प्रारम्भिक बालविकासको ऐतिहासिक विकास

नेपालमा प्रारम्भिक बालशिक्षाको इतिहास धेरै लामो छैन । सन् १९५० मा देशको राजधानी काठमाडौंमा स्थापना गरिएको मन्टेसोरी विद्यालयलाई नेपालको पहिलो प्रारम्भिक बालशिक्षा दिने विद्यालयको रूपमा लिइन्छ ।

सन् १९६२ मा नेपाल बालसंगठनको स्थापनाले प्रारम्भिक बालशिक्षा सेवाहरूलाई संगठितरूपमा विस्तार गर्नका लागि नेतृत्व प्रदान गऱ्यो । यो संस्थाले देशका प्रत्येक जिल्लामा एउटा बालहेरचाह केन्द्र स्थापना गरेको छ । तथापि, नेपाल बाल संगठनद्वारा स्थापित बालहेरचाह केन्द्रहरू जिल्ला सदरमुकामहरूमा रहने भएकाले यिनीहरूले विशेषत : सुगम वा उपनगरीय क्षेत्रका बासिन्दाहरूको आवश्यकता र जिल्ला सदरमुकाममा काम गर्ने सरकारी कर्मचारीहरूका छोराछोरीहरूको आवश्यकताअनुरूप सेवाप्रदान गर्छन् (जोशी, १९९१) । यस्तो भएतापनि ६० र ७० को दशकहरूमा स्थापित बालहेरचाह केन्द्रहरू अहिले अस्तित्वमा छैनन् । धेरैजसो केन्द्रहरूलाई प्राथमिकदेखि माध्यमिक तहसम्मको विद्यालयहरूमा विस्तारित गरिएको छ । अहिले नेपाल बाल संगठन अन्तर्गत अत्यन्तै कम केन्द्रहरूमात्र सञ्चालन भइरहेका छन् ।

सन् १९८० को मध्यमा कार्यान्वयन भएका ग्रामिण विकास परियोजनाहरू जस्तै ग्रामिण महिलाहरूका लागि उत्पादनसिल ऋण (Production credit for rural women) परियोजना र साना किसान विकास परियोजनाहरूले मूलतः आमाहरूलाई आय-आर्जनका क्रियाकलापहरूमा सहभागी गराउनको लागि परियोजनाहरूले बालहेरचाह केन्द्रहरूको स्थापनामा दिएको जोडले केही हदसम्म भएपनी ग्रामिण क्षेत्रमा रहेका बालबालिकाहरूका लागि प्रारम्भिक बालहेरचाह तथा शिक्षा सेवाहरू उपलब्ध गराउन सहयोग गरेका छन् ।

स्थानीय विकास मन्त्रालयले ग्रामीण महिलाहरूका लागि उत्पादन ऋण परियोजना अन्तर्गत बालहेरचाह केन्द्र कार्यक्रमहरू सुरूवात गऱ्यो जसले केही प्रारम्भिक बालविकास केन्द्रहरू ग्रामिण क्षेत्रहरूमा स्थापना गऱ्यो । बालस्याहार केन्द्रलाई विद्यालय जाने उमेरभन्दा मुनिका स्थानीय बालबालिकालाई बाल-हेरचाह प्रदायक आदर्श थलोको रूपमा लिइन्छ । यो कार्यक्रम मुख्य गरी व्यापकरूपमा आय-आर्जन क्रियाकलापहरूमा विशेषत : घरायसी र कृषिजन्य काममा लाग्नुपर्ने आवश्यकता भएका आमाहरूमा लक्ष्यित छ । बालहेरचाह केन्द्र कार्यक्रमहरूले आमा र अभिभावकहरूको बच्चाको हेरचाहमा खर्च हुने समयलाई बचाउने र बालबालिकाहरूको शारीरिक र मनो-सामाजिक पक्षहरूको विकास गर्ने लक्ष्य राख्दछन् ।

सरकारको नेतृत्वमा शुरू भएको कृषिविकास बैंक अन्तर्गतको साना किसान विकास परियोजनाले बालहेरचाह कार्यक्रमहरूको शुरूवात गरेको छ । साना किसान विकास परियोजना अन्तर्गतका वाल हेरचाह केन्द्र कार्यक्रमहरूको लक्ष्य पनि ग्रामीण महिलाहरूका लागि उत्पादन ऋण कार्यक्रम अन्तर्गतका बालहेरचाह केन्द्रहरूको जस्तै बालहेरचाहबाट आमाहरूलाई मुक्त गर्न र साना किसानहरूका बालबालिकाको समग्र विकासको लागि वातावरण प्रदान गर्नु हो । यस्तो केन्द्र एउटा कार्यकारी समितिद्वारा चल्छ । समितिका सदस्यहरू परियोजनाका महिला प्रवर्तकहरू हुन्छन् ।

सयुक्त राष्ट्र संघीय निकायहरू मुख्य गरेर युनिसेफ र युनेस्को, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र राष्ट्रिय गैरसरकारी संस्थाहरूले सन् १९८० को दशकको अन्ततिर र १९९० को दशकको शुरूमा गरेका योगदानहरू नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमहरूको विकासमा अत्यधिक महत्वपूर्ण मानिएका छन् । युनिसेफ र युनेस्कोले सरकारका साथै गैरसरकारी संस्थाहरूसँगको सहकार्यअर्न्तगत हुने प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयनमा आफ्ना सहयोगहरू विस्तार गरेका छन् ।

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमहरूलाई सहयोग गर्ने र कार्यक्रम कार्यान्वयनमा संलग्न मुख्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका रूपमा सेभ द चिल्ड्रेन अमेरिका र नर्वे तथा प्लान नेपाल छन् । धेरै गैरसरकारी सस्थाहरू पनि प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयनमा लागेका छन् । यिनीहरू मध्ये सेतो गुराँस रीष्ट्रिय बालविकास सेवा प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक पर्ने मानवीय संशाधन विकास र सहयोगको आवश्यकता भएका संस्थाहरूलाई प्राविधिक सहयोग प्रदानमा संलग्न एक नेतृत्वदायी राष्ट्रिय गैर सरकारी संस्था हो । धेरैजसो अन्तर्रराष्ट्रिय गैरसरकारी संस्थाहरूले प्रारम्भिक बालविकास कार्यक्रमहरूलाई स्थानीय राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू वा समुदायमा आधारित संस्थाहरूका माध्यमबाट सञ्चालन गरिरहेका तर केही अवस्थामा तिनीहरूले यस्ता कार्यक्रमहरू प्रत्यक्ष र आत्मनिर्भररूपमा पनि चलाइरहेका छन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा चलाइएका धेरै जसो प्रारम्भिक बालविकास कार्यक्रमहरूमा प्राय जसो दोहोरिने खर्चहरू (recurring expenses) जस्तै सहजकर्ता र सहयोगीहरूको तलव, तालिम खर्च, तथा सामग्रीको खर्च र पोषण वितरणको लागि कार्यान्वयन गर्ने संस्थारूले रकम प्रदान गर्थे । यी कार्यक्रमहरूले प्रारम्भिक वालविकास केन्द्रहरू सञ्चालन गर्न व्यवस्थापन समितिको निर्माणमा पनि जोड दिएका छन् । प्लान इन्टरनेशनल अर्न्तगतका कार्यक्रमहरू वाहेक अन्य कार्यक्रमहरूमा वालहेरचाह केन्द्रहरूमा बालबालिकाहरू राखे बापत उचित मासिक शुल्क असुल्ने अनुमति समितिहरूलाई दिइन्छ । अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा चलाइएका कार्यक्रमहरूमा स्थानीय समुदायहरूबाट नै सहजकर्ताहरू नियुक्त गरिनुपर्ने कुरामा जोड दिइएको हुन्छ । नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको छाताअर्न्तगत लगभग १०७९ वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन भइरहेको अनुमान छ ।

सन् १९७० को दशकको पूर्वाद्धमा निजि विद्यालयहरूले खोलेका पूर्वविद्यालय शिक्षा कक्षाहरूले प्रारम्भिक बालशिक्षा सेवाहरूलाई देशका ठूलो संख्यामा रहेका बालबालिकाहरूको पहुँचसम्म पुऱ्याएका

छन् । यी मध्ये धेरै कार्यक्रमहरू पूर्वप्राथमिक शिक्षाकेन्द्र वा प्रारम्भिक विद्यालयहरूकारूपमा चिनिन्छन् र तिनिहरूको नामले बुझाएअनुसार यी कार्यक्रमहरू प्राथमिक विद्यालयहरूको मुनिका तहहरू हुन् । निजि क्षेत्रको संलग्नताले देशमा ठूलो संख्यामा रहेका बालबालिकाहरूसम्म प्रारम्भिक बालविकास सेवाहरूको पुहुँचलाई बढाएको छ । तथापि यी बालकेन्द्रहरू पूर्णतया बालबालिकाहरूबाट अशुलिएको शुल्कमा निर्भर रहने भएकाले खर्चिला हुन्छन् । यी बालकेन्द्रहरूसुगम क्षेत्रहरूमा मात्र सिमित हुन्छन् र उच्च आर्थिक अवस्थाका परिवारहरूको लागि मात्र सेवा प्रदान गर्दछन् । यी कार्यक्रमहरू ग्रामीण क्षेत्रमा बस्ने गरिब परिवारका बालबालिकाहरूको पहुँचसम्म पुग्न सक्दैनन् । दिवा हेरचाह, पूर्व प्राथमिक, नर्सरी, वालउद्यान कक्षा आदिका नाममा लागभग ८००० पूर्व प्राथमिक कक्षाहरू निजि विद्यालयहरूद्वारा सञ्चालन भइरहेको अनुमान छ ।

सन् १९९७ मा शुरू भएको शिक्षा विभागको आधारभूत प्राथमिक शिक्षा परियोजना BPEP. कार्यक्रम अर्न्तात शिशु कक्षा कार्यक्रम सरकारबाट शुरूभएको प्रमुख परियोजना भएको छ । केही वर्षको अवधिमै यो परियोजना नेपालको मुख्य परियोजनाहरू मध्ये एक हुन पुगेको छ जसले धेरै जिल्ला र स्थान समेटेको छ । शिशुकक्षा कार्यक्रम सञ्चालनका गर्नको प्रारम्भिक लक्ष्यहरू कक्षा-१ बाट कम उमेरका बालबालिकाहरूलाई हटाउनु र प्राथमिक शिक्षाको शैक्षणिक अभ्यासहरूमा सुधार ल्याउनु थिए । तथापि विस्तारै यसका विकासात्मक लक्ष्यहरू क्रमशः कक्षा-१ मा प्रवेश गराउन पूर्व-विद्यालयमा बालबालिकाहरू तयार पार्ने, त्यसपछि ३ देखि ५ वर्ष उमेरका बालबालिकाहरूको समग्र विकास गराउनेतर्फ परिवर्तन भएका छन् । प्रारम्भिक बालविकास सेवाहरूलाई देशभरी विस्तार गर्नमा शिक्षा विभागले नेतृत्वदायी भूमिका खेलेको छ । शिक्षा विभागले सबैका लागि शिक्षा कार्यक्रमअर्न्तगत समुदायमा र विद्यालयमा आधारित प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो (१९९९-२००४) को अन्तसम्ममा जम्मा ५०२३ प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा थिए । सबैका लागि शिक्षा कार्यक्रम ( २००४-०९)को पहिलो वर्ष देशभरी थप २००० प्रारम्भिक बाल विकास केन्द्रहरू स्थापना गर्ने योजना राखिएको थियो । सन् २००७ को अन्तमा शिक्षा विभाग अर्न्तगत लगभग १७ हजार प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा थिए । बालविकास केन्द्रहरूको संख्या प्रत्येक वर्ष बढिरहेको छ । बढ्दो संख्यामा प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना सँगै राष्ट्रिय प्रारम्भिक बालविकास पाठ्यक्रमको विकास, तालिम कार्यक्रमहरू र प्रारम्भिक बालविकासमा आवद्ध सङगठनहरूबीचको सञ्जालमा शिक्षा विभागको योगदान अत्यधिक महत्वपूर्ण भएको छ ।

## कार्यान्वयनमा उत्तरदायी मुख्य संस्थाहरू

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयनमा उत्तरदायी संगठनहरूलाई निम्नानुसार विभाजन गरिन्छ । (१) सरकारी मन्त्रालय (२) संयुक्त राष्ट्र संघीय निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाहरू, र (३) निजी क्षेत्र । सरकारी मन्त्रालयहरू अन्तर्गत मूलतः शिक्षा, स्थानीय विकास, स्वास्थ्य महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयहरू जिम्मेवार छन् । शिक्षा तथा खेलकुद मन्त्रालयले सबैका लागि शिक्षा कार्यक्रमको अङ्गकोरूमा धेरै संख्यामा प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

स्वास्थ्य मन्त्रालयले यसका विभिन्न कार्यक्रमहरूअन्तर्गत विशेष गरी मातृशिशु स्वास्थ्य कार्यक्रमहरूले गर्भवती महिला, दुध चुसाउने आमाहरू र बालबालिकाहरूलाई स्वास्थ्य सेवाहरू प्रदान गरिरहेको छ । यसले केही जिल्लाहरूमा विस्तारित कार्यक्रमहरू अन्तर्गत ३ वर्ष मुनिका बालबालिकाहरूको पौष्टिक स्थीतिको पनि मूल्याङ्कन गरिरहेको छ ।

स्थानीय विकास मन्त्रालयले केन्द्रीयस्तरमा आफ्ना बालविकास कार्यक्रमहरू अन्य सम्बन्धित मन्त्रालयहरू र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय गर्छ । स्थानीय स्तरमा प्रारम्भिक बालविकास कार्यक्रमहरूको सञ्चालन र मूल्याङ्कनमा नगरपालिका र गा.वि.स.हरू जिम्मेवार हुन्छन् ।

महिला, बालवालिका तथा समाजकल्याण मन्त्रालयले बालविकास कार्यक्रम हाल सालै मात्र शुरू गरेको छ । हालसम्म यसका क्रियाकलापहरू टुहुरा, बेवारिसे र विस्थापित बालबालिकाहरूको आवश्यकताअनुरूप हेरचाहमा मात्र सीमित रहेका छन् ।

संयुक्त राष्ट्र संघीय निकायअन्तर्गत युनिसेफ नेपालले एकातर्फ प्रारम्भिक बालविकास कार्यक्रमहरूको विकास र कार्यान्वयनमा सरकार र अन्य निकायहरूलाई सहयोग गरिरहेको छ भने अर्कोतर्फ यसले आफ्ना क्षेत्रीय कार्यालयहरूद्वारा प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गरिहेको छ । यसैगरी युनेस्को काठमाण्डौले प्रारम्भिक बालविकाससँग सम्बन्धित विभिन्न क्रियाकलापहरूको शुरूवातका लागि सरकार र अन्य संस्थाहरूलाई सहयोग प्रदान गरिरहेको छ । यसले प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयमा शिक्षा विभागलाई दिएको सहयोग प्रारम्भिक बालविकास सेवाहरूको विस्तारमा महत्वपूर्ण कारक तत्व भएको छ । यसका प्रमुख सहयोगहरू अन्तर्गत प्रारम्भिक बालविकास रणनीति पत्र निर्माण, प्रारम्भिक बालबिकास कार्यक्रमहरूको सञ्चालन र शिक्षा विभागमा प्रारम्भिक बालविकास स्रोतकेन्द्रको स्थापना पर्दछन् ।

अन्तर्राष्ट्रिय गैर-सरकारी संघ/संस्थाहरू, विशेष गरी सेभ द चिल्ड्रेन अमेरिका र नर्वे तथा प्लान नेपाल प्रारम्भिक बालविकास सेवाहरूलाई ग्रामीण, दुर्गम र सुविधाविहीन समुदायका बालबालिकाहरूसम्म विस्तार गर्नमा सम्बद्ध छन् । यी संस्थाहरूले प्रारम्भिक बालबिकास कार्यक्रमहरू स्थानीय गैरसरकारी संस्था तथा समुदायमा आधारित संगठनहरूसँग समन्वय गरी कार्यान्वयन गरिरहेका छन् । प्रारम्भिक बालविकास कार्यक्रमहरू कार्यान्वयन गर्ने केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू अर्न्तगत एजुकेट द चिल्ड्रेन, द वर्ल्ड भिजन, सेभ द चिल्ड्रेन वेलायत र जापान तथा इन्टरनेशनल चाइल्ड रिसोर्स इन्स्टिच्युट पर्दछन् । सयभन्दा बढी राष्ट्रिय गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरू प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयनमा आवद्ध भएका छन् । यिनीहरू मध्ये सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा सबैभन्दा प्रमुख नेतृत्वदायी राष्ट्रिय गैर-सरकारी संस्था हो ।

**कार्यान्वयनका रणनीतिहरू**

विद्यमान कानूनी प्रावधानहरू तथा नीतिगत मापदण्डहरूमा आधारित भएर शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभागले सबैका लागि शिक्षाको प्रारम्भिक बाल विकास सम्बन्धी लक्ष्य प्राप्त गर्न धेरै रणनीतिहरू अपनाएका छन् । अपनाएका प्रमुख रणनीतिहरू तल प्रस्तुत गरिएका छन् ।

*समन्वय, सञ्जाल र साझेदारी*

सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (२००१-२०१५) र मुख्य दस्तावेज (२००४ २००९) दुवैले प्रारम्भिक बालविकास कार्यक्रमहरूको सञ्चालनमा समुदायहरूसँगको समन्वय, सञ्जाल र साझेदारीको आवश्यकतामा जोड दिएका छन् । यो रणनीति सेवाहरूको दोहोरोपन घटाउन र उपलब्ध स्रोत/साधनहरूको उच्चतम उपयोगको लागि अपनाइएको हो । प्रारम्भिक बालविकास कार्यक्रमहरूमा समन्वयले बालविकास कार्यक्रमका विषयवस्तुहरूको कार्यकुशलता, कार्यक्रमहरू बाँडफाँड र कार्यक्रमहरूबीच सामञ्जस्यताको आधारमा एकिकृत अवधारणाको विकास गर्ने लक्ष्य राखेको छ । प्रारम्भिक बालविकास तालिम प्याकेजहरू, पाठ्यक्रमहरू र सिकाइ सामग्रीहरू बालबालिकाहरूको विविधता र स्थानीय आवश्कतासँग मेल खाने गरी निर्माण गरिएका छन् ।

कार्यक्रम सामग्रीहरूको आदानप्रदान र एक अर्कालाई उच्चतम फाइदाका लागि ज्ञान र अनुभवहरूको आदानप्रदानलाई सहज गराउनकालागि सम्बन्धित संघ/संस्थाहरूबीच सञ्जालको शुरूवात गरियो । नेपालमा प्रारम्भिक बालविकासमा समर्पित संस्थाहरू र व्यक्तिहरूमा सञ्जालकालागि केन्द्रिय स्तरमा शिक्षा विभागले

एउटा मञ्चको विकास गरेको छ । राष्ट्रिय स्तरमा कार्यरत सबै संस्थाहरूलाई प्रारम्भिक बालविकास राष्ट्रिय सञ्जालको सदस्य हुन प्रोत्साहन गरिएको छ । त्यसैगरी जिल्ला र गा.वि.स./नगरपालिका तहहरूमा कार्यरत सबै संस्थाहरूलाई प्रारम्भिक बालविकास सञ्जालमा आवद्ध हुन प्रोत्साहन गरिन्छ । स्थानीय निकायहरू, संयुक्त राष्ट्र संघीय निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्था र समुदायमा आधारित संस्थाहरूद्वारा सञ्चालन गरिएका वा सहयोग प्रदान गरिएका प्रारम्भिक बालविकास कार्यक्रमहरूबीच स्थानीय र साथसाथै राष्ट्रिय तहका सञ्जालहरूले सामञ्जस्यता गराउँछन् ।

कार्यक्रम कार्यान्वयनको लागि विभिन्न सरोकारवालाहरू र सम्बन्धित संस्थाहरूबीचको साझेदारीको खोजी भएको छ । साझेदार संस्थाहरूलाई कार्यक्रम सञ्चालन र मूल्याङ्कन गर्न र कोषको प्रयोग गर्न आवश्यक साझेदारी नीतिहरू र मार्गनिर्देशनहरू विकसित गरिएका छन् । संयुक्त राष्ट्र संघीय निकायहरू, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र समुदायमा आधारित संस्थाहरू सरकारको स्रोतसाधनहरू आपर्याप्त भएका कार्यक्रमहरूमा प्राविधिक र आर्थिकरूपमा संलग्न हुन्छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयका सचिवको अध्यक्षतामा केन्द्रीयस्तरमा एउटा राष्ट्रिय प्रारम्भिक बालविकास परिषद्को गठन भएको छ । परिषद्का सदस्यहरूमा स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका प्रतिनिधिहरू र संयुक्त राष्ट्र संघीय. निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिहरू रहन्छन् । शिक्षा विभागको निर्देशक परिषद्को सदस्य सचिव हुन्छन् ।

जिल्ला स्तरमा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा ३५ जिल्लाहरूमा जिल्ला बालविकास परिषद् (DCDB) को स्थापना भएको छ । सम्बन्धित निकायहरूका व्यक्तिहरू परिषदका सदस्य हुन्छन् । समुदायको सहभागिता तथा स्थानीय निकाय र गैर सरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसित सहकार्यको सुनिश्चितता गर्न परिषद् जिम्मेवार छ । परिषद्ले प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना गर्न र कोष खडा गर्न  सहयोग प्रदान गर्नेछ ।

*विकेन्द्रीकृत व्यवस्थापन*

प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयनमा निपुणता र दिगोपन प्रवर्द्धन गर्न स्थानीय निकायहरूमा अधिकारको विकेन्द्रीकरण गर्नुलाई एउटा मुख्य रणनीतिको रूपमा लिइएको छ । स्थानीय-स्वायत्त शासन ऐन अनुसार निर्वाचित स्थानीय निकायहरू - गा.वि.स. र नगरपालिकालाई गैरसरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू र स्थानीय समूहहरूसितको साझेदारीमा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन गर्ने अधिकारका साथै इच्छुक निकायहरूलाई प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन गर्ने अख्तियार प्रत्यायोजन गरिएको छ । विकेन्द्रीकरणको प्रक्रिया र प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकायहरूलाई सशक्तीकरण गर्न सहयोग पुऱ्याउनकोलागि निर्देशिकाहरू निर्माण गरिएका छन् । स्थानीय आवश्यकता अनुसार नगरपालिकाहरूले प्रारम्भिक बालविकास केन्द्रहरू खोल्ने र खोल्न अनुमति दिने काम गर्न सक्छन् । गा.वि.स.हरू र नगरपालिकाहरूले निश्चित स्थानहरूमा प्रारम्भिक बालविकास केन्द्रहरू खोल्न अनुमति दिने जिम्मेवारी लिएका छन् ।

जिल्लामा विद्यमान प्रारम्भिक बालविकास केन्द्रहरूको मूल्याङ्कन सरकारको प्राविधिक सहयोग तथा यो क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको आर्थिक सहयोगमा जिल्लाद्वारा गरिएको छ ।

प्रारम्भिक बालविकास केन्द्रहरूको दक्षताको आधारमा विभिन्न क्रियाकलापहरूको पहिचान गर्ने तथा सुम्पिने काम भएको छ । साथै सबै सम्बन्धित सरोकारवालाहरू र साझेदारहरू प्रारम्भिक बालविकास सेवाहरूको स्थापना र विस्तारको लागि संयुक्तरूपमा योजना बनाउन सहभागी छन् ।

जिल्ला शिक्षा कार्यालयहरूले शिक्षा सहजकर्ता, प्रशिक्षक, विकास साझेदार, प्रारम्भिक बालविकासमा कामगर्ने स्थानीय निकायहरू तथा शिक्षा विभागले व्यवस्था गरेका स्रोतसामग्रीहरू आदिको अभिलेख राखेका छन् । यो सूचना सबै प्रारम्भिक बालविकास साझेदारहरूको पहुँचमा पुग्ने गरी बनाइएको छ । केन्द्रको एकजना अभिभावकको अध्यक्षतामा एउटा प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समिति गठन गरिएको छ ।

सदस्यहरूमा गा.वि.स./नगरपालिकाका वडा अध्यक्ष तथा समुदायमा आधारित संस्थाहरूको प्रतिनिधिहरू, नजिकैको विद्यालयका प्रधानाध्यापक तथा अभिभावकहरू पर्दछन् । प्रारम्भिक बालविकास व्यवस्थापन समिति केन्द्रको मुल्याङ्कन, कार्यान्वयन र सुपरीवेक्षणको लीग उत्तरदायी हुन्छ । संशाधनहरूको विकास तथा प्राप्त संशाधनहरूको सदुपयोग गर्ने जिम्मेवारी सम्बन्धित व्यवस्थापन समितिहरूको नै हुन्छ। प्रारम्भिक बालविकास व्यवस्थापन समिति प्रारम्भिक बालविकास का कामदारहरू (सहजकर्ता र सहयोगी) को भर्ना, तालिम, सहयोग तथा कार्यदक्षताको मूल्याङ्कन पारदर्शिरूपमा गर्नको लागि पनि जिम्मेवार छ । समितिको एउटा मुख्य कार्य भनेको प्रारम्भिक बालविकास केन्द्रहरूको सञ्चालनमा समुदायको सहभागिता सुनिश्चित गर्नु र व्यवस्थापन तथा वित्तीय पक्षबाट केन्द्रको स्वामित्व लिनु हो ।

देशमा समुदायमा आधारित विद्यालयहरूको सञ्जाल भएको विद्यमान अवस्थामा यो सञ्जाललाई पूर्व प्राथमिक कक्षाहरू वा बालविकास केन्द्रहरू सम्भव भएका ठाउँहरूमा सञ्चालन गर्नको लागि प्रेरित तथा परिचालन गरिने छ । सामुदायिक विद्यालयहरूमा पूर्वप्राथमिक कक्षाहरूको व्यवस्थापनको जिम्मा विद्यालय समितिको एकमुष्ट सुपरिवेक्षणस्तरमा कामगर्ने अभिभावकहरूको एउटा छुट्टै उपसमितिले लिएको छ ।

*समुदायको सहभागिता*

कार्यक्रमको शुरूवातदेखि मुल्याङ्कनसम्मको सम्पूर्ण प्रक्रियाको लागि समुदायको सहभागिता महत्वपूर्ण भएको छ । प्रारम्भिक बालविकास केन्द्रहरू तथा पूर्वप्राथमिक कक्षाहरू समुदायमा आधारित इकाईहरूको रूपमा समुदायमा स्थापना हुने भएकाले प्रारम्भिक बालबिकास कार्यक्रम कार्यान्वयन र मूल्याङ्कनमा समुदायहरूले मूख्य भूमिका खेल्दछन् ।

प्रारम्भिक बालविकास केन्द्रहरूको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मा स्थानीय निकायहरूमा निर्भर रहन्छ तथापि समुदायको व्यापक सहयोग र सहभागितामा पूर्व प्राथमिक कक्षाहरूको सञ्चालन र व्यवस्थापन गर्ने जिम्मा विद्यालयहरूको हो । दुवै कार्यक्रमहरू लागत साझेदारीको सिद्धान्तमा कार्यान्वयन भइरहेका छन् । यदि सरोकारवालाहरूले पूर्व प्राथमिक कक्षाहरूको लागि स्थानीय माग प्राप्त गरेमा विद्यालयहरूले लागत साझेदारीको उपायहरू पहिचान गर्नुपर्छ । विद्यालय र समुदायमा आधारित संस्थाहरू गैरसरकारी संस्थाहरूबीच साझेदारीलाई उत्प्रेरित गरिएको छ ।

अभिभावकहरूको चेतना तथा समुदायका व्यक्तिहरूको प्रारम्भिक बालविकास कार्यक्रमहरूको व्यवस्थापनमा सहभागिता बढाउन बिभिन्न संस्थाहरूले विभिन्न किसिमका अभिभावक अभिमुखीकरण तथा शिक्षा कार्यक्रमहरू शुरूवात गरिरहेका छन् । शिक्षा विभागले प्रारम्भिक बालविकास सेवाहरूको महत्व तथा प्रारम्भिक बालविकास केन्द्रहरूको आवश्यकता बारे अभिभावकहरूलाई सचेत बनाउन अभिभावक अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

अभिभावकहरूका लागि शिक्षा कार्यक्रमहरू उनीहरूका बालबालिकाहरूलाई प्रारम्भिक बालसेवाहरू दिन सञ्चालनमा आइरहेका छन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, जस्तै सेभ द चिल्ड्रेन अमेरिका, प्लान नेपाल, यूनिसेफ, सेभ द चिल्ड्रेन नर्वे, तथा वर्ल्ड भिजनले यो कार्यक्रम आफ्नो सम्बन्धित परियोजनामा कार्यान्वयन गरेका छन् । हालसालैका वर्षहरूमा शिक्षा विभागले परिचयात्मक अभिभावक शिक्षा प्याकेजको विकास गरेको छ, साथै अभिभावक शिक्षाको लागि एउटा राष्ट्रिय संरचना तयारी हुने क्रममा छ ।

प्रारम्भिक बालविकास केन्द्रहरूले केन्द्रमा भर्ना हुने बालबालिकाहरूका अभिभावकहरूको लागि अभिभावक शिक्षा सञ्चालन गरेका छन् । यसैगरी, सामुदायिक सिकाई केन्द्रहरूले पनि तिनीहरूका प्रारम्भिक बालविकास केन्द्रहरूका अभिभावकहरूका लागि अभिभावक शिक्षा कार्यक्रमहरूको आयोजना हालै मात्र शुरू गरेका छन् ।

*मानव संशाधनहरूको विकास*

प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक मानव संशाधन पूर्ति गर्न निम्न रणनीतिहरू अपनाइएका थिए । प्रारम्भिक बालविकास कर्मचारीहरूलाई दिने तालिमको विस्तार प्रणाली लागु भइरहेको छ । यो प्रणालीअन्तर्गत केन्द्रीय स्तरमा गुरू प्रशिक्षक र प्रशिक्षकहरू तयार गरिन्छन् । त्यसपछि प्रशिक्षकहरूले अभिकर्ताहरूलाई तालिम दिन्छन् ।

प्रारम्भिक बालसेवा कार्यक्रमहरू शुरूवात गर्न आवश्यक मानव संशाधनहरूको विकास गर्नका लागि माध्यमिक विद्यालयहरूमा प्रारम्भिक बालविकासलाई ऐच्छिक विषयको रूपमा राख्ने प्रावधान बनाइएको छ ।

*सूचना तथा आमसञ्चार माध्यमहरूको प्रयोग*

प्रारम्भिक बालविकास सेवाहरूको महत्व तथा बालअधिकारका साथै साना बालबालिकाहरूसँग व्यवहार गर्न अपनाउनुपर्ने उपयुक्त उपायहरूको बारेमा विभिन्न सरोकारवालाहरूमाभ्र चेतना जगाउन सूचना तथा आम सञ्चारमाध्यमहरूको प्रयोगलाई एउटा मुख्य रणनीतिको रूपमा लिइएको छ । अभिभावक शिक्षा र सहजकर्ताहरूको तालिम विभिन्न संस्थाहरू जस्तै समान पहुँच (Equal Access), सेतो गुराँस राष्ट्रिय बालविकास सेवा र विकल्प ज्ञान तथा विकास केन्द्रले विभिन्न समयमा आम सञ्चार माध्यममार्फत सञ्चालन गरेका छन् । अभ्र युनिसेफ नेपालले आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-१ मा सहजकर्ताहरूलाई सहयोग गर्न भञ्ज्याङ्ग चौतारी भन्ने रेडियो कार्यक्रम शुरू गरेको थियो ।

शिक्षा विभागले प्रारम्भिक बालविकास कार्यक्रमहरूको पैरवी गर्न र प्रारम्भिक बालविकास कर्मचारीहरूलाई सहयोग पुऱ्याउनको लगि दुईवटा छुट्टा छुट्टै श्रब्य-दृश्य क्यासेटहरू निर्माण गरेको छ । पहिलो क्यासेट सर्वसाधारण जनता, खासगरी प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालकहरूको लागि लक्ष्यित छ भने दोस्रो क्यासेट अभिकर्ता र सहजकर्ताहरूलाई लक्ष्यित गरिएको छ यसले प्रारम्भिक बालविकास कक्षाकोठाका क्रियाकलापहरूलाई जोड दिएको छ ।

**नेपालमा प्रारम्भिक बालविकासको बर्तमान नीति**

सरकारको प्रारम्भिक बालविकाससँग सम्बन्धित योजना तथा नीतिहरू सबैका लागि शिक्षाको मुख्य दस्तावेज (२००४-२००९), सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (२००१-२०१५), प्रारम्भिक बालविकास रणनैतिक योजना (२००४), आधारभूत तथा प्राथमिक शिक्षा गुरूयोजना (१९९७-२००२), दशौं पञ्च बर्षीय योजना (२००२-२००७) नवौं पञ्च बर्षीय योजना (१९९८-२००२), बालबालिका तथा विकासका लागि दश बर्षीय राष्ट्रिय कार्ययोजना (१९९२) र स्थानीय स्वायत्त शासन ऐन (१९९९) मा प्रतिविम्वित भएका छन् ।

*सबैकालागि शिक्षामा प्रारम्भिक बालविकास : मुख्य दस्तावेज (२००४-२००९)*

विद्यालयमा आधारित तथा समुदायमा आधारित दुईप्रकारका प्रारम्भिक बालविकास कार्यक्रमहरूलाई निरन्तरता तथा विस्तार गरिनेछ । प्रारम्भिक बालविकास केन्द्रहरू व्यवस्थापन तथा सञ्चालन गर्न जिम्मा स्थानीय निकायहरूमा रहन्छ ।

दुवै कार्यक्रमहरू समग्र बालविकासको साभ्रा उद्देश्यद्वारा निर्देशित हुन्छन् । प्रारम्भिक बालविकास केन्द्रहरू कार्यक्रम सहयोग सहित सबैभन्दा नाजुक र सुविधाविहीन समुदायहरूमा स्थापना गरिनेछन् जसअन्तर्गत राष्ट्रिय योजना आयोगले बर्गीकरण गरेका “घ” र “ख” जिल्लाहरू पर्दछन् ।

प्रारम्भिक बालविकास केन्द्रहरू तथा पूर्वप्राथमिक कक्षाहरू स्थापना, सहयोग र सञ्चालन गर्नको लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू र निजी संस्थाहरूसितको साभ्रेदारीलाई सहज बनाइने ।

संज्ञानात्मक विकास, पोषण, स्वास्थ्य तथा अभिभावक शिक्षाको लागि सम्बन्धित सरकारी नियकायहरूसँगै अन्तरक्षेत्रीय सम्बन्ध स्थापना गरिने छ । ।

प्रारम्भिक बालविकास कार्यक्रम समावेशी शिक्षाको अवधारणाअनुरूप विकास गरिनेछ । ग्रामीण तथा दुर्गम क्षेत्रका अभिभावकहरूलाई लक्ष्यित गरी आमसञ्चार माध्यममार्फत बिस्तृत सूचना, शिक्षा तथा सञ्चार कार्यक्रमहरू रूपांकन तथा प्रसारण गरिनेछ ।

प्रारम्भिक बालविकास कार्यक्रमहरू लागि सहजकर्ता नियुक्ति गर्न सम्भव भएसम्म सुविधाविहीन समुदाय वा स्थानीय महिलाहरूलाई विशेष प्राथमिकता दिइने छ ।

*सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) मा प्रारम्भिक बालविकास*

सबैकालागि शिक्षा राष्ट्रिय कार्ययोजनाले निम्नलिखित प्रावधानहरू बनाएको छ।

- सबै पूर्वप्राथमिक उमेरका बालबालिकाहरूलाई कम्तिमा एक वर्षको विशेष हेरचाह सेवा प्रदान गरिनेछ। जसले प्रारम्भिक बिद्यालय तयारीको आवश्यकताहरूका साथै समग्र बालबालिकाहरूको आवश्यकतालाई सम्बोधन गर्छ।
- सरकारले प्रारम्भिक बालविकास कार्यक्रमको स्थापना तथा विकासका लागि सहयोग प्रदान गर्नेछ, शहरी तथा सुगम क्षेत्रहरूका लागि आंशिक सरकारी सहयोग तथा पिछडिएका तथा सुविधाविहीन समुदायहरूमा प्रारम्भिक बालविकास केन्द्रहरू स्थापना र सञ्चालन गर्नको लागि पूर्ण सरकारी सहयोग तथा सहजीकरणसहित मागमा आधारित अवधारणा अपनाइने छ।
- प्रारम्भिक बालविकास कार्यक्रमहरूलाई परिमाण र गुणस्तर दुवै पक्षहरूमा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँगको साझेदारीलाई बढाइएको छ।
- समुदायमा आधारित केन्द्रहरूले सबै सम्बन्धित मन्त्रालयहरू तथा अन्य निकायहरूबाट सहयोग प्राप्त गर्दछन्। यस सम्बन्धमा, शिक्षा तथा खेलकुद मन्त्रालयले प्रारम्भिक बालविकास परिषद्को सहयोगमा समन्वय निकायको रूपमा काम गर्नेछ।
- २००७ सम्ममा प्रत्येक गाविस तथा नगरपालिकाका वडाहरूमा कम्तिमा एकदेखि चारसम्म प्रारम्भिक बालविकास केन्द्रहरू हुनेछन्। सरकारको एकमुष्ट अनुदान तथा प्राविधिक सहयोगमा गा.वि.स. तथा नगरपालिकाहरूले ती केन्द्रहरूको स्थापना र संचालनको जिम्मा लिने छन्। स्थानीय तहमा स्रोतसाधनहरूको परिचालन पनि गरिने छ।
- चेतना जगाउने कार्यक्रमहरूको स्थापना तथा विस्तार गरिनेछ। एउटा बिस्तृत सूचना, शिक्षा तथा सञ्चार कार्यक्रमको रूपाङ्कन तथा कार्यान्वयन गरिनेछ।
- नवीनतम कार्यक्रमहरूको विकास तथा नमूना परीक्षण गरिनेछ। नमूना परीक्षणले समुदायमा आधारित क्रियाकलापलाई अरू क्रियाकलापहरू जस्तै प्राथमिक शिक्षक तालिम, अनौपचारिक शिक्षा तथा विशेष आवश्यकता शिक्षा कार्यक्रमहरूसित जोड्दै ती क्रियाकलापहरूको प्रवर्द्धनका लागि आवश्यक रणनीतिहरूको परीक्षण गर्ने छ।
- बालविकासका मुख्य सन्देशहरू अनौपचारिक शिक्षा कार्यक्रम, घुम्ती स्वास्थ्य क्लिनिकहरू तथा सामुदायिक स्वास्थ्य स्वयंसेवकहरूमा समावेश गरिने छ।
- स्वास्थ्य तथा पोषण समावेश गर्ने एउटा एकीकृत विधि अनुसरण गर्न स्थानीय व्यक्तिहरूलाई प्रारम्भिक बालविकास सहजकर्ता तथा स्रोत व्यक्तिहरूको रूपमा तालिम दिइनेछ।
- क्षमता विकास गर्नको लागि केन्द्रदेखि स्थानीय तहसम्म सान्दर्भिक संस्थागत संरचना स्थापना गरिनेछ।
- समुदायमा आधारित मूल्याङ्कन तथा सुपरिवेक्षण संयन्त्र गठन गरिनेछ र गा.वि.स., जिल्ला तथा राष्ट्रिय स्तरका सम्बन्धित निकायहरूबाट थप सहयोग खोजिने छ।

*आधारभूत तथा प्राथमिक शिक्षा गुरूयोजना (१९९७-२००२) मा प्रारम्भिक बालविकास*

यस योजनाले राष्ट्रिय योजना आयोग, शिक्षा, स्थानीय विकास, महिला विकास तथा समाजकल्याण, स्वास्थ्य र संचार मन्त्रालयका सदस्यहरू रहेको प्रारम्भिक बालहेरचाह तथा शिक्षा राष्ट्रिय समिति गठनमा जोड दिएको छ। प्रारम्भिक बालविकासका लागि नीति तथा कार्यक्रमहरू निर्माण गर्न समितिलाई उत्तरदायी बनाइनु पर्दछ।

योजनाले प्रारम्भिक बालशिक्षा तथा विकासले ४-५ वर्ष उमेरका बालबालिकाहरूको प्रारम्भिक बालविकासको शैक्षिक पाटोमा मात्र जोड दिने कुरा स्पष्ट पार्दै यसलाई प्रारम्भिक बाल हेरचाह तथा शिक्षाबाट छुटचाउने कोशिस गऱ्यो (पृष्ठ.८१) । योजनाले अरू के भनेको छ भने शिक्षा मन्त्रालय ४+ र ५+ उमेर समूहका बालबालिकाहरूको प्रारम्भिक बालविकास र प्रारम्भिक बालशिक्षाको लागि उत्तरदायी हुनुपर्दछ तथा स्थानीय विकासमन्त्रालय प्रारम्भिक बाल हेरचाह तथा शिक्षासँग सम्बन्धित कार्यक्रमहरूको लागि जिम्मेवार हुनुपर्दछ (पृष्ठ ५६९) । तथापि योजनाले विभिन्न मन्त्रालयहरूबाट उपर्युक्त दुवै अवस्थाहरूमा आवश्यकता अनुरूप सहयोग हुनुपर्ने कुरामा पनि जोड दियो । योजनाले इच्छुक गाविसहरूलाई आंशिकरूपमा वित्तीय सहयोग गर्दै प्रारम्भिक बालविकासको स्थापना गर्न नीति अपनाउनु पर्ने आवश्यकतामा जोड दियो ।

यसले प्रारम्भिक बालविकासका बारेमा चेतना जगाउनका लागि कार्यक्रमहरूको विस्तारको आवश्यकतामा पनि जोड दियो । प्रारम्भिक बालविकासको सन्देश ग्रामीण तथा दुर्गम क्षेत्रका अभिभावकहरूसम्म पुऱ्याउन आमसंचार माध्यमहरूको प्रयोगमा जोड दिईयो । गा.वि.स.हरूमा प्रारम्भिक बालविकास कार्यक्रमहरूको शुरूवातको तयारी गर्न चेतनाको विकास महत्वपूर्ण भएको छ ।

*नेपालमा प्रारम्भिक बालविकासका लागि रणनीति पत्र (२००४)*

प्रारम्भिक बालविकास रणनीति पत्रले निम्न प्रावधानहरू बनाएको छ :

- सन् २००७ सम्ममा प्रत्येक गा.वि.स.मा कम्तिमा १ तथा नगरपालिकामा ४ प्रारम्भिक बालविकास केन्द्रहरू हुनेछन् ।
- ती केन्द्रहरूको स्थापना र सञ्चालन गर्ने पूर्ण जिम्मेवारी सरकारी सहयोगका साथै स्थानीय तहमा संशाधनको परिचालन गराएर गाविस र नगरपालिकाहरूले लिनेछन् ।
- निजी संस्थाहरूलाई प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन र सहयोगका लागि उत्प्रेरित गरिने छ ।
- समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूले सम्बन्धित सबै मन्त्रालयहरू तथा अन्य निकायहरूबाट सहयोग प्राप्त गर्नेछन् । शिक्षा मन्त्रालयले प्रारम्भिक बालविकास परिषद्को सहयोगमा समन्वय निकायको रूपमा काम गर्नेछ ।

*दशौं योजना (२००२-२००७) मा प्रारम्भिक बालविकास*

दशौं पञ्चवर्षीय योजनाले प्रारम्भिक बालविकासलाई प्राथमिक शिक्षामा भर्नाको लागि बालबालिकाहरूलाई तयार पार्ने तथा उनीहरूको समग्र विकासगर्ने भन्ने कुरालाई मुख्य जोड दिई उल्लेख गरेको छ । योजनाले शिक्षक/सहजकर्ताहरूलाई उचित तालिम दिने तथा अभिभावकहरूको लागि सचेतना कार्यक्रमहरूको आयोजना गर्न पनि जोड दिएको छ ।

*नवौं योजना (१९९८-२००२) मा प्रारम्भिक बालविकास*

- योजनाले ५ वर्ष उमेरभन्दा मुनिका बच्चाहरूकोलागि उचित प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालनमा जोड दियो । योजनामा के भनिएको छ भने : यस्ता कार्यक्रमहरू समुदायमा आधारित अवधारणा अवलम्बन गरेर लागू गर्ने र ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा बसोबास गर्ने बालबालिकाहरूका लाीग विस्तार गरिनेछ ।
- रेडियो तथा टेलिभिजन जस्ता सञ्चार माध्यमहरूलाई बच्चाको मनोवैज्ञानिक साथै समग्र व्यक्तित्वको विकासका लागि बाल-केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्न परिचालन गरिनेछन् ।
- सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र अन्य संस्थाहरूले सञ्चालन गरेका बालविकास कार्यक्रमहरूको समन्वय, पर्यवेक्षण तथा मूल्याङ्कनलाई संस्थागत गरिनेछ ।

- बाल अधिकारको बारेमा चेनता अभिवृद्धि गर्ने गैरसरकारी तथा सामाजिक संस्थाहरूलाई अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्न परिचालन गरिनेछ ।

*बालबालिकाको विकासका लागि दशवर्षे राष्ट्रिय कार्ययोजनामा प्रारम्भिक बालविकास*

- यो राष्ट्रिय कार्ययोजनाले प्रारम्भिक बालविकासलाई राष्ट्रिय प्राथमिकताको स्तरमा राख्न जोड दिएको छ ।

- कार्ययोजनाले विभिन्न क्षेत्र तथा निकायहरूको खण्डित तथा अलग प्रयासहरू खर्चिलो हुने भएकोले एउटा अन्तरक्षेत्रीय सम्बन्धसहितको समन्वयात्मक तथा एकीकृत विधि खाँचो भएको कुरा औंल्याएको छ (पृष्ठ.७) । तसर्थ कार्ययोजनाले प्रभावकारी अन्तरक्षेत्रीय कार्यान्वयन तथा समन्वयन र प्रतिवद्ध समुदायको सहभागिता प्राप्त गर्ने उद्देश्य लिएको छ ।

- यो कार्ययोजनाको महत्वपूर्ण पक्ष भनेको यसले पूर्वद्धद्ध प्राथमिक शिक्षालाई आधारभूत शिक्षाको अङ्गकोरूपमा समावेश गरेको छ । कार्ययोजनाले, पूर्वप्राथमिक शिक्षालाई पनि समावेश गरेको आधारभूत शिक्षामा सर्वव्यापी पहुँच प्रदान गर्ने लक्ष्य लिएको छ ।

- कार्ययोजनाले निजी व्यवसायी तथा विद्यालयहरूले शुरू गरको पूर्वप्राथमिक शिक्षालाई व्यवस्थित गर्न, सार्वजनिक विद्यालयहरूमा कक्षा १ मा भर्ना भएका सबै कम उमेरका बालबालिकाहरूलाई पूर्व प्राथमिक शिक्षा दिन तथा समुदायमा आधारित पूर्वप्राथमिक शिक्षा कार्यक्रमहरूको बृद्धिलाई उत्प्रेरित तथा सहज बनाउन जोडदिएको छ ।

*स्थानीय स्वायत्त शासन ऐन १९९९ मा प्रारम्भिक बालविकास*

- स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायहरू- गाउँहरूको सन्दर्भमा गाउँ विकास समितिहरू र शहरी क्षेत्रहरूको सन्दर्भमा नगरपालिकाहरूलाई-उनीहरूको आफ्नै स्रोतमा पूर्व प्राथमिक विद्यालय/केन्द्रहरू खोल्न तथा यस्ता विद्यालय/केन्द्रहरू स्थापना, सञ्चालन र आयोजना गर्ने अनुमति दिने अधिकार दिएको छ ।

*नाजुक तथा सुविधाबिहीन बालबालिकाहरूलाई प्रारम्भिक बालविकास सेवाहरूको विस्तार गर्ने सम्बन्धी नीतिहरू*

यो सत्य हो कि देशका पिल्सिएका क्षेत्रहरूमा शंसाधनहरूको अत्यन्तै अभाव छ । यसले दुर्गम क्षेत्र तथा सुविधाविहीन समुदायहरूमा अनुदान तथा सहयोगको खाँचो रहेको देखाउँछ सरकार सबै क्षेत्रहरूमा आधारभूत सहयोग तथा पिछडिएका समुदायहरूलाई थप सहयोग दिन प्रतिबद्ध छ । यस सन्दर्भमा सुगम तथा दुर्गम क्षेत्रहरूको सहयोगको लागि दुई भिन्न सहयागेका तरीकाहरू अपनाइएका छन् : शहरी तथा सुगम क्षेत्रहरूको लागि आंशिक सरकारी सहयोग सहितको मागमा आधारित अवधारणा; र पिछडिएका तथा सुविधाविहिन समुदायहरूमा प्रारम्भिक बालविकास केन्द्रहरू स्थापना तथा सञ्चालनका लागि विशेष सहयोग ।

पिछडिएका समुदायहरूका लागि आवश्यक विशेष नीतिहरू बनाउँदा राष्ट्रिय योजना आयोगले विकास गरेको सुचकाङ्कले बर्गीकरण गरेअनुरूप चार वर्गका जिल्लाहरूलाई अनुशरण गरिएको छ । सरकारले वर्ग “घ” र “ग” (कम विकसीत) जिल्लाहरूका नाजुक तथा सुविधाविहीन समुदायहरूमा प्रारम्भिक बालविकास केन्द्रहरू स्थापना गर्ने नीति निर्माण गरेको छ । जिल्लास्तरमा प्रारम्भिक बालविकास केन्द्रहरूको बिनियोजनका लागि जनगणना तथ्याङ्कको प्रौढ निरक्षरता र विद्यार्थी भर्नाको प्रोक्सी (proxy) लाई निर्देशिकाको रूपमा लिइएको छ ।

# खण्ड-चार

# विषयमा आधारित विश्लेषण र व्याख्या

## विषय-१ : प्रारम्भिक बालबिकास कार्यक्रमको मूलप्रवाह

### अवधारणा र महत्व

नेपालमा कार्यान्वयन गरिएको प्रारम्भिक बालबिकासका कार्यक्रमको मूलप्रवाहसम्बन्धी अवधारणाका बारे विचार संकलन गर्ने प्रयास गरिएको थियो । प्रारम्भिक बालविकासको कार्यक्रमको मूलप्रवाहबारे नीति, कार्यक्रम र कार्यान्वयन तहका सरोकारवालाहरूलाई आफ्नो विचार भन्न लगाइएको थियो । यससम्बन्धी प्रतिक्रियाहरूको विश्लेषणले जिल्ला तथा स्थानीय तहका उत्तरदाताहरूले मूलप्रवाहलाई शिक्षाको संरचनाभित्र प्रारम्भिक बालबिकास सम्बन्धी कार्यक्रमलाई ल्याउनु तथा प्रारम्भिक बालविकासका केन्द्रहरू सञ्चालनका निम्ति बजेट विनियोजन गर्नु र यसलाई सरकारको उत्तरदायित्वका रूपमा लिनु भन्ने देखियो । तथापि शिक्षा, स्वास्थ्य तथा स्थानीय विकास मन्त्रालयका नीतिगत तहका अधिकारीहरूको विचार र स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्ने सरोकारवालाहरूको विचार फरक देखियो । शिक्षा मन्त्रालयका उच्चतहका अधिकारीहरूको विचारअनुसार प्रारम्भिक बालविकास कार्यक्रमलाई शिक्षाको संरचनाभित्र राख्नुको साटो स्थानीय सरकारी निकाय गा.वि.स. र नगरपालिका अन्तर्गत ल्याइनु  पर्दछ । गा.वि.स. र नगरपालिकाभित्र बजेटको व्यवस्था र प्रारम्भिक बालविकास केन्द्र खोल्न दिने प्रावधान नै यसलाई मूलप्रवाहमा ल्याउनु हो । यसको पक्षमा प्रस्तुत थप तर्कले विद्यालयलाई विकेन्द्रीत गर्ने र विद्यालय व्यवस्थापनको अधिकारलाई स्थानीय समुदायमा हस्तान्तरण गर्ने सम्बन्धी कुरालाई पुष्टि गर्दछ । यो नीति अनुसार शिक्षा विभागद्वारा विगत चारवर्षमा दुईहजार विद्यालयहरू स्थानीय समुदायमा हस्तान्तरण गरिए । अध्ययनहरूले के देखाएका छन् भने स्थानीय समुदायमा हस्तान्तरण गरेका विद्यालयहरूले कार्य संचालन तथा निपूणतामा तुलनात्मकरूपमा राम्रो गरेका छन् । त्यसैले शिक्षा तथा खेलकुद मन्त्रालय र स्थानीय विकास मन्त्रालयका अधिरीहरूले प्रारम्भिक बालविकास कार्यक्रमलाई शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत राख्नु सरकारको वर्तमान नीति विपरित हुने कुरा वताए । तिनीहरूको दुष्टिकोणअनुसार प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहमा ल्याउनका लागि स्थानीय विकास मन्त्रालयले प्रत्येक गा.वि.स. तथा न.पा.मा निश्चित संख्यामा प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन गर्ने अनिवार्य प्रावधान राखी आवश्यक कानूनको तर्जुमा गर्नु पर्दछ । तिनीहरूले प्रारम्भिक बालबिकासको बजेटलाई जिशिका मार्फत खर्च गरिनुभन्दा स्थानीय सरकारी निकाय मार्फत परिचालित गर्नुपर्ने कुरामा जोड दिए । तिनीहरूले अफ्र के व्यक्त गरे भने प्रारम्भिक बालबिकास ऐनमा जिविसले प्रारम्भिक बालबिकास कार्यक्रमलाई निश्चित रकम छुटयाउने र स्थानीय निकायलाई प्रदान गर्ने अनिवार्य प्रावधानको व्यवस्था हुनु पर्छ ।

जिल्ला तथा स्थानीय तहमा केही उत्तरदाताहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत राखेर मूलप्रवाहमा ल्याउन सकिन्छ भन्ने कुरा बताए ।

प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहमा ल्याउनुपर्छ भन्ने अवधारणामा विविधता भएता पनि राष्ट्रिय, जिल्ला तथा स्थानीय तहका उत्तरदाताहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहमा ल्याउनुपर्ने आवश्यकता भएको कुरा वताए । उत्तरदाताहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहमा ल्याउनका लागि निम्न लिखित कारणहरू मुख्य रहेको कुरा वताए :

*कार्यक्रमलाई दीगो बनाउन सहयोग*

अधिकांश उत्तरदाताहरूले कार्यक्रमलाई संरचनाभित्र ल्याएर सचालन गरेमा दीगो बनाउन सकिन्छ भन्ने विश्वास व्यक्त गरे । तिनीहरूले कार्यक्रमलाई मूलप्रवाहमा लग्ने र दीगो बनाउने कुरामा निकट सम्बन्ध देखेको पाइयो ।

*बजेट व्यवस्थाको सुनिश्चितता*

धेरै व्यक्तिहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहमा ल्याएपछि नियमित वजेटको प्रावधान हुने विश्वास व्यक्त गरे ।

*न्यूनतम स्तरको सुनिश्चितता*

उत्तरदाताहरूले गहिरो विश्वास व्यक्त गरे कि मूलप्रवाहले प्रारम्भिक बालबिकास केन्द्रमा प्रदान गरिएको प्रारम्भिक बालबिकास सेवाको न्यूनतम स्तरलाई कायम गर्न सकिन्छ । तिनीहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई एकपटक मूलप्रवाहमा ल्याइसकेपछि प्रारम्भिक बालबिकास कार्यकर्तालाई स्तरीय तालिम कार्यक्रम र प्रारम्भिक बालबिकास केन्द्रलाई चाहिने न्यूनतम भौतिक सुविधाको व्यवस्था हुने कुराको विश्वास व्यक्त गरे ।

*प्रारम्भिक बालबिकास सेवामा एकरूपता ल्याउने*

हाल सरकारी, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था निजी विद्यालयद्वारा संचालित प्रारम्भिक बालबिकास कार्यक्रमहरूको गुणात्मकता र कार्य संचालनमा मूल विविधताहरू छन् । सरकारले प्रारम्भ गरेका समुदायमा आधारित र विद्यालयमा आधारित कार्यक्रमहरूमा समेत भिन्नता पाइन्छ । सेरिड (२००४) द्वारा सम्पादित एक अध्ययनले समुदायमा आधारित केन्द्रहरूले बालकेन्द्रीत उपागम अपनाएको, बालबालिकाको सिकाइ सामग्रीको प्रशस्त प्रयोग गरेको तथा खेल-विधि अपनाएको देखाएको छ । तथापि विद्यालयमा आधारित प्रारम्भिक बालबिकास केन्द्रहरूमा पठन, लेखन तथा गणितीय शिक्षण गरेको तथा शिक्षक-केन्द्रित उपागम अपनाएको पाइयो । अझ प्लान नेपाल र सेभ द चिल्ड्रेन जस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमहरूले बालबालिकाको सर्वाङ्गिण विकासकालागि महत्वपूर्ण हुने स्वास्थ्य तथा पोषणका सेवाहरू पनि सञ्चालन गरेको पाइयो । तर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमहरूमा यस्तो व्यवस्था पाइएन । प्रारम्भिक बालबिकासलाई मूलप्रवाहमा ल्याउनाले यस्तो सेवाहरूमा एकरूपता हुनसक्ने कुरा उत्तरदाताहरूले विश्वास व्यक्त गरे ।

*नियमित अनुगमन तथा पृष्ठपोषण पद्धति स्थापनामा सहयोग*

केही उत्तरदाताहरू खासगरी जिशिका र शैक्षिक तालिम केन्द्रका प्रशिक्षकहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहमा ल्याएपछि नियमित अनुगमन तथा पृष्ठपोषणमा सुनिश्चितता हुन सहयोग पुग्ने बताए । कार्यक्रमलाई जिशिकाको संरचनाअन्तर्गत ल्याएमा जिल्ला शिक्षा कार्यालयहरूमा तालिमप्राप्त अधिकारीद्वारा सञ्चालित एउटा छुट्टै एकाइको व्यवस्था हुन सक्छ ।

*नाजुक बालबालिकाको पहुँचको सुनिश्चितता*

राष्ट्रियस्तरको परामर्श कार्यशालाका सहभागीहरूले दुर्गम र ग्रामिण समुदायमा वसोवास गर्ने नाजुक र सुविधाविहीन बालबालिकाहरूका लागि गुणात्मक प्रारम्भिक बालबिकास सेवाको विस्तार गर्न सकिने मुद्दालाई उठाए । प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहमा ल्याउनाले यस्ता बालबाविकाको सेवामा विस्तार गर्न सकिने कुरा पनि तिनीहरूले उल्लेख गरे ।

## विद्यमान अभ्यासहरू

नेपालमा प्रारम्भिक बालबिकासका कार्यक्रमहरू परियोजना र कार्यक्रमको नमूनाका रूपमा सञ्चालित छन् । शिक्षा विभागद्वारा सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत समुदायमा आधारित र विद्यालयमा आधारित कार्यक्रमहरू कार्यान्वयन गरिएका छन् । जिशिकामार्फत ती कार्यक्रमहरू सञ्चालित छन् । सबैका लागि शिक्षा कार्यक्रमद्वारा प्रारम्भिक बालबिकास कार्यक्रमका लागि बजेटको व्यवस्था गरिएको छ जसको लागि बाह्य दाताहरूद्वारा वित्तीय सहयोग प्राप्त भएको छ । ती केन्द्रहरू प्रारम्भिक बालबिकास केन्द्र व्यवस्थापन समिति, जसमा स्थानीय व्यक्तिहरू र केन्द्रमा भर्ना भएका बालबालिकाका आमाबाबुहरूको प्रतिनिधित्व हुन्छ, द्वारा सञ्चालित छन् । वास्तवमा त्यहाँ अनुगमन र पृष्ठपोषण पद्धतिको कुनै व्यवस्था छैन । विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरू ती केन्द्रहरूको अनुगमनका लागि उत्तरदायी छैनन् । तिनीहरू विद्यालय निरीक्षण गर्ने र तालिम कार्यक्रमहरू सञ्चालन गर्ने कामले गर्दा बढी बोझमा हुन्छन् । यसबाट के स्पष्ट हुन्छ भने तिनीहरू प्रारम्भिक बालबिकास केन्द्रको अनुगमन गर्ने थप जिम्मेवारी लिने अवस्थामा हुँदैनन् ।

सरकारले स्थानीय स्वशासित ऐन (१९९९) को कार्यान्वयनमार्फत स्थानीय सरकारी निकाय - गा.वि.स. र नगरपालिकालाई प्रारम्भिक बालबिकास कार्यक्रम कार्यान्वयन र व्यवस्था गर्न अधिकार दिएको छ । स्थानीय सरकारी निकायहरूलाई प्रारम्भिक बालबिकास केन्द्रहरू आफ्नै स्रोतमा स्थापना गर्न र यस्तो केन्द्रहरूको स्थापना, कार्यान्वयन र सञ्चालन गर्ने अनुमति दिने अधिकार दिइएको छ । तथापि स्थानीय सरकारी नियकायले आफ्नो मन्त्रालयबाट प्रारम्भिक बालबिकास कार्यक्रम र त्यसका लागि कोषको व्यवस्था गर्ने निर्देशन पाएका छैनन् । प्रारम्भिक बालबिकास केन्द्रहरूलाई शिक्षा तथा खेलकुद मन्त्रालय/शिक्षा विभागद्वारा सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत बजेट व्यवस्था गरिन्छ जुन जिशिका मार्फत प्रारम्भिक बालबिकास केन्द्रलाई उपलब्ध गराइन्छ । जिशिकामा अरू नियमित कामका अतिरिक्त प्रारम्भिक बालबिकास कार्यक्रम हेर्नका लागि एउटा सम्पर्क व्यक्ति (Focal person)को व्यवस्था गरिएको छ । यो प्रावधान प्रभावकारी नभएकाले यसलाई निरन्तरता दिइएन । शिक्षाको संरचनाभित्र प्रारम्भिक बालबिकास कार्यक्रमलाई समावेश नगरिएको हुँदा जिल्ला शिक्षा कार्यालयको मुख्य जिम्मेवारीका रूपमा यो कार्यक्रमलाई लिइएको छैन । प्रारम्भिक बालबिकास कार्यक्रमका कोटाहरू वितरण तथा सहजकर्ताको तालिम व्यवस्था जिशिकाले गर्ने भएतापनि प्रारम्भिक बालबिकास कार्यक्रमहरू कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवार अधिकारीको व्यवस्था भने गरिएको छैन ।

अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाअन्तर्गत सञ्चालित प्रारम्भिक बालबिकास कार्यक्रमका सम्बन्धमा सम्बन्धित संस्थाहरूले स्थानीय सरकारी निकायको स्वीकृति लिएर आफ्नै किसिमले कार्यक्रम सञ्चालन गरिरहेका छन् । वित्तीय व्यवस्था, तालिम र अन्य सहयोग प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले नै प्रदान गरेका छन् । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा सञ्चालित कार्यक्रमहरूको अनुगमन संयन्त्र र पृष्ठपोषण पद्धति तुलनात्मकरूपमा राम्रो छ । यी कार्यक्रमहरूमा संस्थाहरूद्वारा नियुक्त प्रशिक्षक र निरीक्षकले निरन्तररूपमा कार्यक्रमहरूको अनुगमन गर्दछन् । शिक्षा विभागद्वारा सञ्चालित कार्यक्रमहरूमा यस्तो व्यवस्था छैन । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाद्वारा संचालित कार्यक्रमका प्रारम्भिक बालबिकास कार्यकर्ताले सरकारद्वारा सञ्चालित कार्यक्रमकोभन्दा बढी पारिश्रमिक पाउँछन् । सरकार तथा अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमहरू स्थानीय तहका सरोकारवालाहरूको संलग्नता रहेको प्रारम्भिक बालबिकास केन्द्र व्यवस्थापन समितिद्वारा व्यवस्थित गरिएका छन् ।

निजी विद्यालयद्वारा सञ्चालित कार्यक्रमहरूका सम्बन्धमा सम्बन्धित विद्यालयहरूले जिशिकाबाट सहमति लिएर प्रारम्भिक बालबिकास कक्षाहरू सञ्चालन गर्दछन् । भर्ना भएका विद्यार्थीहरूका आमाबाबुबाट प्राप्त शुल्क नै त्यस्ता विद्यालयको कोषको स्रोत हो । विद्यालयका अधिकारीहरू नै प्रारम्भिक बालबिकास कक्षाहरूको व्यवस्थापन र अनुगमन गर्नका लागि जिम्मेवार हुन्छन् । निजी विद्यालयमा पढाउने शिक्षकहरूलाई तालिम दिने प्रावधान नभएकाले यी विद्यालयका अधिकांश शिक्षकहरूले तालिमको पहुँच पाएका छैनन् ।

**मूलप्रवाहका वाधाहरू**

स्थानीय तह र केन्द्रीय तहका उत्तरदाताहरूसँगको लक्ष्यित समूह छलफल र अन्तर्वार्ताले प्रारम्भिक बालबिकास कार्यक्रमको मूलप्रवाहको व्यवधानहरू देखाएको छ । उत्तरदाताहरूले देखाएका केही व्यवधानहरू निम्न छन् :

*कार्यक्रममा विविधता*

जिल्ला तहका अधिकारीहरूले तीन प्रकारका प्रारम्भिक बालबिकास कार्यक्रमहरू - जिल्ला शिक्षा कार्यालय मार्फत शिक्षा विभागद्वारा सञ्चालित विद्यालयमा आधारित, समुदायमा आधारित र निजीरूपमा सञ्चालित कार्यक्रमहरू - हुनु प्रारम्भिक बालबिकासको मूलप्रवाहका वाधामध्ये एउटा हो । कार्यक्रमका अंशहरू तथा व्यवस्थापन र प्रारम्भिक बालबिकास कार्यकर्तालाई प्रदान गर्ने पारिश्रमिकमा विविधता पाइन्छ । केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमहरूले बालबालिकाको सर्वाङ्गिण विकासमा जोड दिन्छन् । त्यसैले यस्ता कार्यक्रमहरूमा बालबालिकाको स्वास्थ्य र पोषणका साथै मनोसामाजिक विकासका अंश पनि समावेश गरिएका छन् । तर शिक्षा विभागद्वारा संचालित कार्यक्रमहरूमा यस्तो प्रावधान छैन । उदाहरणका रूपमा, प्लान नेपालद्वारा सञ्चालित केन्द्र अन्तर्गत प्रारम्भिक बालबिकासका सहजकर्ताहरूलाई मासिक पारिश्रमिकका रूपमा रू. २५०० प्रदान गरिन्छ भने शिक्षा विभाग/जिशिका अन्तर्गत सञ्चालित केन्द्रका सहजकर्ताहरूलाई जम्मा रू १,००० मासिक पारिश्रमिक दिइन्छ । निजीस्तरमा सञ्चालित विद्यालयहरूमा भने अझ ठूलो खाडल देखिन्छ । जिल्ला शिक्षा अधिकारी र अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैर सरकारी संस्थाका जिल्लातहका अधिकारीहरूले कार्यक्रम एकाइ र प्रारम्भिक बालबिकास केन्द्रको व्यवस्थापनमा आधारभूतरूपमा एकरूपताको स्तर कायमगर्नुको महत्व बताए । उत्तरदाताहरूमध्ये केहीले सरकारसँगको सहकार्यमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाद्वारा संचालित कार्यक्रमहरूमा अन्तर्राष्ट्रिय गैर सरकार सस्थाद्वारा व्यवस्थित केन्द्रहरूमा कार्यरत सहजकर्ताका लागि दिइने पारिश्रमिक सरह बनाउनका लागि सम्बन्धित अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाले अतिरिक्त पारिश्रमिक प्रदान गरेको कुरा केही उत्तरदाताहरूले पहिचान गरे ।

*एकद्वार प्रणालीको अभाव*

प्रारम्भिक बालबिकास कार्यक्रममा धेरै संस्थाहरू (सरकारी, अतर्न्राष्ट्रिय गैर सरकारी संस्था र निजी क्षेत्र) को संलग्नतालाई मूलप्रवाहको बाधककारूपमा लिइएको छ । माथि छलफल गरिएजस्तै प्रारम्भिक बालबिकास केन्द्रहरू स्थापना गर्ने र व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारी निकायलाई प्रत्यायोजन गरिएको छ तर प्रारम्भिक बालबिकास सेवाको विस्तार गर्ने कार्यक्रम र कोष भने शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागमा छ । स्थानीय विकास मन्त्रालय र महिला, वालबालिका तथा समाज कल्याण मन्त्रालयका केन्द्रीय तहका अधिकारीहरूका अनुसार बजेटको प्रावधान भएको मन्त्रालयले प्रारम्भिक बालबिकास कार्यक्रमको मूलप्रवाहीकरणको थालनी गर्नुपर्दछ । यस्तो अवस्थामा शिक्ष तथा खेलकुद मन्त्रालयले प्रारम्भिक बालबिकासलाई शिक्षाको संरचनाअन्तर्गत राख्नु पर्दछ । नीतिगतरूपमा स्थानीय सरकारी निकायलाई अधिकार प्रत्यायोजन गरिएको छ जुन स्थानीय विकास

मन्त्रालयअन्तर्गत पर्दछ । त्यसैगरी अरू जिम्मेवार मन्त्रालयहरू महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र स्वास्थ्य मन्त्रालय छन् । प्रारम्भिक बालबिकास कार्यक्रमको मूलप्रवाहीकरणका सम्बन्धमा कुन मन्त्रालय जिम्मेवार हुने बारे अझै भ्रम छ । प्रारम्भिक बालबिकास कार्यक्रम कार्यान्वयनका लागि निर्धारित मन्त्रालय नहुनुलाई प्रारम्भिक बालबिकास कार्यक्रमको मूलप्रवाहीकरणको बाधकको रूपमा लिइएको छ ।

जिल्ला र स्थानीय तहका उत्तरदाताहरूले प्रारम्भिक बालबिकास सेवाहरू प्रदान गर्ने काममा धेरै संस्थाहरूको संलग्नताले प्रारम्भिक बालबिकास कार्यक्रममा दोहोरोपन हुन गएको कुरा बताए । तिनीहरूले जिशिकाद्वारा पहिले नै प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन भएको ठाउँमा नयाँ प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन गर्न अनुमति दिन नहुने तर्क पेश गरे ।

*जिल्ला तथा स्थानीय तहका सरोकारवालाहरूमा चेतना तथा सरकारमा प्रतिवद्धताको कमी*

जिल्ला तथा स्थानीय तहका अधिकांश उत्तरदाताहरूले आमाबाबु र समुदायका मानिसहरूले प्रारम्भिक बालबिकासको महत्व र यसको तात्कालिक र दीर्घकालिक फाइदाका बारे पूर्णरूपले सचेत नभएको उल्लेख गरे । परिणामस्वरूप, सरोकारवालाहरू प्रारम्भिक बालबिकास कार्यक्रम स्थापना गर्न र सञ्चालन गर्न क्रियाशील देखिएनन् । त्यसै गरी सरकारले योजना तथा नीतिगत दस्तावेजमा प्रारम्भिक बालबिकास सेवा विस्तार गर्न प्राथमिकता दिएतापनि, सञ्चालित कार्यक्रमहरूलाई संस्थागत गर्ने प्रयास गरिएन । राष्ट्रिय बजेटमा प्रारम्भिक बालबिकास कार्यक्रमको लागि बजेटको निश्चित प्रतिशत छुट्याउने प्रयास पनि गरिएन ।

*संरचनात्मक प्रारूप र कार्यक्रम प्रारूपमा विवाद*

नेपालमा प्रारम्भिक बालबिकास कार्यक्रमलाई विस्तार गर्ने तथा दीगो बनाउने सवालमा उठ्ने मुद्धा भनेको प्रारम्भिक बालबिकास कार्यक्रमलाई संरचनागत प्रारूपमा विकसित गर्ने वा कार्यक्रम प्रारूपको विस्तारित क्षेत्रभित्र कायम राख्ने भन्ने विवाद हो । दवै गुणात्मक र संख्यात्मक उपलब्धिको विकास कार्यक्रम प्रारूपमा आधारित छ । कार्यक्रम प्रारूपमा विकास गर्नुको फाइदा के छ भने यसले कार्यक्रमको विकासका लागि चाहिने कोषका निमित्त विशेष आकर्षण पाउँछ । यसको वेफाइदा के छ भने कार्यक्रम त्यो वेलासम्म मात्र चल्छ जवसम्म कार्यक्रमले निरन्तरता पाउँछ । यस सम्बन्धमा ८० र ९० को दशकताका ग्रामीण महिलाका लागि उत्पादन ऋण र साना किसान परियोजना अन्तर्गत भएको बालहेरचाह केन्द्रहरूको विकासका राम्रो उदाहरण हो । त्यस समयमा स्थापित सैयौं बालस्याहार केन्द्रहरूलाई दीगो बनाउने कुरामा जोड दिइएता पनि संरचनात्मक प्रावधानका अभावमा निरन्तरता पाउन सकेनन् । प्रारम्भिक बालबिकास कार्यक्रमको सन् २००० मा १० प्रतिशतभन्दा कम कुल भर्नादर भएकोमा बढेर सन् २००७ मा ४१ प्रतिशत कुल भर्नादर हुनुलाई पनि प्रारम्भिक बालबिकासको प्रगति कार्यक्रम प्रारूपअन्तर्गत भएको मान्न सकिन्छ । कार्यक्रमलाई आधारभूत संरचना जस्तै संस्थागत प्रशिक्षण संस्थाहरू, नियमित कोषको व्यवस्था, सुपरीवेक्षण तथा अनुगमन संयन्त्र विना नै विस्तार गरिंदैछ । यस्तो संरचनाको अभावमा सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत संचालित यी केन्द्रहरूले सबैका लागि शिक्षा कार्यक्रमको समाप्तिसँगै निरन्तरता पाउने छैनन् भनी केन्द्रीय कार्यशालाका धेरै सहभागिहरूले यो मुद्दालाई उठाए र यस्ता स्थापित केन्द्रहरूलाई दीगो बनाउनका लागि मूलप्रवाहीकरण गर्ने पक्षमा तर्क प्रस्तुत गरे ।

## मूलप्रवाहीकरणका शर्त

जिल्ला तथा स्थानीय तहका उत्तरदाताहरूका साथै केन्द्रीय कार्यशालाका सहभागीहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहीकरण गर्नका लागि केही बुँदाहरू पहिचान गरे ।

*प्रारम्भिक बालबिकास कार्यक्रमहरूमा एकरूपता*

जिल्ला तथा स्थानीय तहका अधिकांश उत्तरदाताहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहीकरण गर्नका लागि प्रारम्भिक बालबिकास कार्यक्रमका एकाइहरू र सेवा प्रदान गर्ने संरचनामा एकरूपता हुनुपर्ने बताए । जिशिका तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूले प्रारम्भिक बालबिकास कार्यक्रममा एकरूपता ल्याउनका लागि निजी विद्यालय लगायतका सबै संस्थाहरूले शिक्षा विभागले बनाएको पाठचक्रम अनिवार्यरूपमा लागू गर्ने प्रावधान गर्नुपर्ने कुरा बताए । त्यसैगरी, प्रारम्भिक बालबिकास सहजकर्ताहरू र गैरसरकारी संस्थाका प्रतिनिधिहरूले प्रारम्भिक बालबिकास कार्यक्रममा एकरूपता ल्याउनका लागि प्रारम्भिक बालबिकाससँग सम्बन्धित सामग्रीहरूको किटवक्स (Kit box) बनाउने र सबै प्रारम्भिक बालबिकास केन्द्रमा वितरण गर्ने सुझाव दिए । केही अरू जिल्लास्तरका उत्तरदाताहरूले प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहीकरण गर्नका लागि प्रारम्भिक बालबिकास कार्यक्रमको एकाइहरू र सेवा प्रदान गर्ने संरचनामा एकरूपता हुनुपर्ने बताए । जिशिका तथा गैरसरकारी सस्थाका प्रतिनिधिहरूले प्रारम्भिक बालबिकास कार्यक्रममा एकरूपता ल्याउनका लागि निजी विद्यालय लगायतका सबै संस्थाहरूले शिक्षा विभागले बनाएको पाठचक्रम अनिवार्यरूपमा लागू गर्ने प्रावधान गर्नुपर्ने कुरा बताए । केही अरू जिल्लास्तरका उत्तरदाताहरूले प्रत्येक गाविसमा कम्तिमा एउटा नमूना प्रारम्भिक बालबिकास केन्द्र स्थापना गर्ने र प्रारम्भिक बालबिकास कार्यक्रममा एकरूपतालाई निश्चित गर्नका लागि त्यस केन्द्रले प्रारम्भिक बालबिकास सम्बन्धी सूचना प्रवाहित गर्ने र अरू प्रारम्भिक बालबिकास केन्द्रहरूसँग संयोजन गर्ने काम गर्नुपर्ने कुरा सुझाए । एक रूपतालाई सुनिश्चितता प्रदान गर्नका लागि केही जिल्ला तथा स्थानीय तहका उत्तरदाताहरूले प्रारम्भिक बालबिकास केन्द्रहरूको साझा कार्यान्वयन निर्देशिका बनाउनुपर्ने कुरा बताए ।

*तालिम कार्यक्रमहरूमा एकरूपता*

सरकारी तथा अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थामा काम गर्ने प्रारम्भिक बालबिकास कार्यकर्ताले दुइहप्ताको आधारभूत तालिम प्राप्त गर्छन् । विभिन्न संस्थाद्वारा सञ्चालित तालिम कार्यक्रमको विषयवस्तु र प्रारूपमा भने एकरूपता पाइँदैन । अझ सञ्चालित कार्यक्रमहरूको प्रमाणीकरण गर्नुका साथै गुणात्मकता र सान्दर्भिकता बारे निश्चितता प्रदान गर्ने कुनै आधिकारिक निकाय छैन । यस परिप्रेक्षमा प्रशिक्षक र विद्यालय निरीक्षकले बालबालिकाको सर्वाङ्गिण विकासका लागि आधारभूत एकाइहरू भएको स्तरीय तालिम प्याकेजको आवश्यकता बारे उल्लेख गरे । उत्तरदाताहरूले यसलाई सबै निजी विद्यालय समेतका संस्थाहरूले आफ्ना प्रारम्भिक बालबिकास कार्यक्रमहरूलाई तालिम दिनका लागि अनिवार्य गरिनुपर्ने कुरामा जोड दिए ।

*देशव्यापि प्रचार कार्यक्रम*

जिल्ला तथा स्थानीय तहका उत्तरदाताहरूले केन्द्रीय स्तरका नीति निर्माता र स्थानीय तहका आमाबाबु समेतका सरोकारवालाहरूलाई प्रारम्भिक बालबिकास सेवाको फाइदाबारे सचेत गर्नु पर्ने आवश्यकता भएको कुरालाई उल्लेख गरे । तिनीहरूले प्रारम्भिक बालबिकास कार्यक्रमद्वारा बालबालिकाको सर्वाङ्गिण विकासको आवश्यकतालाई जोड दिए ।

*प्रारम्भिक बालबिकास केन्द्रहरूको नक्साङ्कन*

राजनीतिक पार्टिका जिल्लास्तरका प्रतिनिधिहरू र प्रारम्भिक बालबिकास प्रशिक्षकसमेत धेरै उत्तरदाताहरूले कोटा प्रणालिद्वारा प्रारम्भिक बालबिकास केन्द्रहरू स्थापना गर्ने वर्तमान प्रणाली प्रभावकारी नभएको कुरा वताए । कार्यक्रम तथा सेवाको क्षेत्रमा भएको दोहोरोपनलाई सम्वोधन गरी सेवाको आवश्यकता भएका जनसंख्यासम्म सेवाको समान वितरणको निश्चितताका लागि प्रत्येक

जिल्लामा प्रारम्भिक बालबिकास केन्द्रहरूको आवश्यकताको नक्साङ्कन कार्य गर्नु महत्वपूर्ण हुन्छ । नक्साङ्कन तथा स्थानीय जनताको मागमा आधारित भएर नयाँ प्रारम्भिक बालबिकास केन्द्रहरू स्थापना गरिनुपर्दछ ।

*बजेट विनियोजन*

अर्न्तवार्ता लिइएका स्थानीय विकास मन्त्रालय तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका केन्द्रीय तहका अधिकारीहरू एवं जिल्लातहका अधिकारीहरूले सरकारले वार्षिक राष्ट्रिय वजेटमा प्रारम्भिक बालबिकासका लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने बताए । जिल्लास्तरमा जिविस तथा गाउँस्तरमा गाविसले प्रारम्भिक बालबिकासलाई प्राथमिकताको क्षेत्र तोक्ने र तिनीहरूको वार्षिक बजेटमा निश्चित बजेट छुटयाउनु पर्ने विचार पनि तिनीहरूले व्यक्त गरे । तिनीहरूमध्ये अधिकांशले बजेट उपलब्ध हुने कुरा समस्या नभएको तर समस्या भनेको प्रारम्भिक बालबिकास कार्यक्रमलाई प्राथमिकता दिने बारे सम्वन्धित अधिकारीले महसूस गर्ने र सो बारेको चेतनामा भरपर्दछ भने ।

*भवन तथा आवश्यक भौतिक सुविधाको उपलब्धता*

प्रारम्भिक बालबिकास कार्यक्रमको मूलप्रवाहीकरणका लाीग प्रारम्भिक बालबिकास केन्द्रको आफ्नै जमिन र आवश्यक भौतिक सुविधासमेतको स्तरीय भवन मूल आवश्यकताका रूपमा लिइन्छ । सेरिडले गरेको एक अध्ययन प्रतिवेदनले यस्तै किसिमको प्राप्ति प्रस्तुत गरेको थियो । (सेरिड, २००३)

## विषय २ : अन्तर-क्षेत्रीय समन्वय

### अवधारणा र महत्व

अन्तर-क्षेत्रीय समन्वय भन्नाले उद्देश्यका लागि संस्थाहरूका बीच र संस्थाभित्र कामगर्ने व्यक्तिहरूकाबीच सम्बन्ध स्थापित गर्ने प्रक्रिया भन्ने बुझिन्छ । नेपालमा साना बालबालिकाको विकासका लागि विभिन्न सरकारी संस्थाहरू, अन्तर्राािष्ट्रय गैरसरकारी संस्थाहरू, संयुक्तराष्ट्रसंघका निकायहरू, गैरसरकारी संस्थाहरू र निजिक्षेत्र संलग्न छन् । अहिलेसम्म तिनीहरूको भूमिका पनि परिभाषित गरिएको छैन । संस्थाहरूका बीचमा उपयुक्त संयोजनका लागि तिनीहरूको भूमिका परिभाषित गर्नु महत्वपूर्ण हुन्छ । त्यसैले चेतना र अवधारणागत स्पष्टताको कमीले प्रारम्भिक बालबिकास कार्यक्रममा महत्व दिइएको छैन । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका उत्तरदाताहरूले वताएअनुसार धेरै संस्थाहरूले आ-आफ्नो ढङगले प्रारम्भिक बालबिकास कार्यक्रमहरू संचालन गरेका हुनाले सरकार तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाकाबीचको समन्वय आवश्यक हुन्छ । संस्थाहरूबीचको समन्वयको महत्व र आवश्यकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

*कार्यक्रमको संस्थागत विकास*

केन्द्रीय तहको कार्यशालाका सहभागिहरूले अन्तर-संस्थागत समन्वय प्रभावकारी प्रारम्भिक बालविकास कार्यक्रमको स्वस्थ अवस्था हो भन्ने कुरामा सहमति जनाए । प्रारम्भिक बालबिकास सेवा प्रदान गर्ने संस्थाहरूबीचको समन्वयले कार्यक्रमलाई सफलताका साथ संचालन गर्ने प्रेरणादायी वातावरण सिर्जना गर्दछ । प्रारम्भिक बालबिकास कार्यक्रमहरूको संस्थागत विकासका लागि पनि समन्वय आवश्यक पर्दछ ।

*कार्यक्रमको दोहोरोपनलाई कम गर्ने*

प्रारम्भिक बालबिकास संस्थाहरूका बीचको समन्वय कार्यगत क्षेत्रमा कार्यक्रमको दोहोरोपनलाई कम गर्न र धेरै व्यक्तिलाई फाइदा पुऱ्याउन सहयोगी हुनेछ ।

*अनुगमन र मूल्याङ्कनलाई बढी कार्यमूलक बनाउने*

दोस्रो राष्ट्रिय कार्यशालामा गैरसरकारी संस्थाका प्रतिनिधिहरूले वताएअनुसार हरेक कार्यक्रममा अनुगमन र मूल्याङ्कनको कमी छ भने प्रारम्भिक बालबिकास यसको अपवाद छैन । अनुगमनका लागि पनि समन्वय जरूरी हुन्छ । मोरङ्ग जिल्लाको एउटा लक्ष्यित समूह छलफलका सहभागीहरूले भनेअनुसार सेतो गुराँस रीष्ट्रिय बालबिकास सेवाले जम्मा ३५ वटा प्रारम्भिक बालबिकास केन्द्रहरूको (सरकारको ५८५ केन्द्रहरूमध्ये) अनुगमन गर्दछ । यो जिल्लाका लक्ष्यित समूह छलफलका सहभागीहरूले प्रारम्भिक बालबिकास कार्यक्रमको अन्तर-संस्थागत समन्वयमा सुधार ल्याउनका लागि सरकारी अधिकारीहरूले कुनै प्रयास नगरेको दावी गरे । जिल्ला शिक्षा कार्यालय नै समन्वय लगायत केन्द्रको अनुगमनका कुराहरूमा जोडदाररूपले अगाडि बढ्नुपर्दछ । त्यसैले अनुगमन र मूल्याङ्कनलाई बढी कार्यमूलक बनाउनका लागि एउटा प्रणालीको स्थापना गर्नुपर्ने आवश्यकता देखिन्छ ।

*विनिमयको संस्कृतिको विकास*

नमूना जिल्लाहरूका उत्तरदाताहरूले केन्द्र, जिल्ला र गाविस तहमा वलियो समन्वयको आवश्यकता भएको विचार व्यक्त गरे । तिनीहरूले जिल्ला र स्थानीय तहको तुलनामा केन्द्रीय तहमा समन्वय प्रभावकारी नभएको बताए । केन्द्रीय तहमा समन्वय नभएसम्म कार्यक्रम प्रभावकारी हुन सक्दैन । केन्द्रीय तहका अन्तर्वार्ताका केही उत्तरदाताहरूले एउटै मन्त्रालयका अधिकारहिरूबीच समन्वयको अभाव भएको कुरा स्वीकार गरे । अधिकांश सरकारी र गैरसरकारी संस्थामा विचारको साझेदारी गर्ने संस्कारको कमी छ । कुनै नयाँ सूचना रोकि राख्नुलाई शक्ति हातमा लिनु वा अरूलाई प्रभाव पार्नु भन्नेरूपमा लिइन्छ । औपचारिक समन्वयको संयन्त्रले यो प्रवृत्तिलाई परिवर्तन गर्न सहयोग पुऱ्याउँछ ।

**विद्यमान अभ्यास**

विभिन्न समितिहरू र पषिद्हरू (सरकारी  र गैरसरकारी) प्रत्यक्ष वा परोक्षरूपमा प्रारम्भिक बालबिकास कार्यक्रममा संलग्न छन् । यी निकायहरूमा केन्द्रीय बालकल्याण परिषद्, जिल्ला बालकल्याण परिषद्, गैरसरकारी संस्था समन्वय समिति, नेपाल प्रारम्भिक बालबिकास मञ्च, प्रारम्भिक बालबिकास संजाल, प्रारम्भिक बालबिकास व्यवस्थापन समिति आदि पर्दछन् । केन्द्रीयतहका मुख्य अधिकारीहरूले विभिन्न मन्त्रालयहरू, संस्थाहरू र समितिहरूबीच संरचनागत र कार्यगत समन्वयको ठूलो आवश्यकता भएको राय व्यक्त गरे । कार्यशालाका सहभागीहरूले अन्तर-मन्त्रालय तहको समन्वयएकाइका रूपमा केन्द्रीय बालकल्याण परिषद्को प्रावधान भएतापनि प्रारम्भिक बालविकास सेवा प्रदान गर्ने संस्थाहरूका व्यक्तिहरूको प्रतिनिधित्वको प्रावधान पर्याप्त नभएको कुरा व्यक्त गरे । जिल्लातहका संस्थाहरू-जिशिका/जिविस/गैससका लाीग जिल्ला तहमा समन्वय गर्ने जिविस सभापतिको प्रावधान गरिएको  छ । कार्यशालाका केही सहभागीहरूले वर्तमान व्यवस्था राम्रो भएता पनि कार्यमूलक नभएको बताए । वर्तमान शिक्षा व्यवस्थापन सूचना प्रणालीविद्यालय सुधार योजना (EMIS/SIP) ले प्रारम्भिक बालबिकासका मुद्दाहरूलाई सम्बोधन नगरेको कुरा पनि छलफल गरियो । यस्तो अवस्थामा अन्तरक्षेत्रीय समन्वय प्रभावकारी हुन सक्दैन ।

गाउँ तहका संघ संस्थाहरू (गाविस/प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समिति, स्थानीय गैसस/समुदायमा आधारित संस्था) बीच समन्वय कायम गर्नका लागि परिषद्को निर्देशिकाले गाविसनगरपालिकालाई संजाल र समिति निर्माण गर्ने मान्यता दिएको छ । स्थानीय तहमा संजाल बनाउने सम्बन्धमा सेभ द चिल्ड्रेन यूएसले गाविस तहको संजाललाई प्रोत्साहित गरेको छ । यस अतिरिक्त, सेभ द चिल्ड्रेन नर्वेले इलाकातहको संजाललाई प्रोत्साहन गरेको छ ।

मोरङ जिल्लाको गैरसरकारी संस्थाका प्रतिनिधिहरूका अनुसार प्रारम्भिक बालबिकास केन्द्रहरू समुदायको मागमा सञ्चालन गरिएका हैनन् बरू तिनीहरूकै प्रयासमा सञ्चालन गरिएका हुन् । तथापि ३५ वटा केन्द्रहरू भने समुदायकै प्रयासमा सञ्चालन गरिएका हुन् । विभिन्न संस्थाहरूका बीचको समन्वयको अभावका कारणले दीगोपन र अवधारणागत स्पष्टताको समस्या कायम छ ।

मोरङ जिल्लाका युनिसेफका व्यक्तिहरूले प्रारम्भिक बालबिकास कार्यक्रममा दोहोरोपन भएको कुरा बताए । प्लान र वर्ल्ड भिजनका कार्यक्रम एउटै गाविसमा दोहोरो परेका छन् । तर दातृसंस्थाहरू यससँग सम्बन्धित छैनन् । त्यसैले सरकारले नै यस सम्बन्धमा ध्यान पुऱ्याउनु पर्दछ जसका लागि सरकार, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबीच समन्वय हुनु जरूरी हुन्छ र पूर्णरूपमा जिल्लामा सञ्चालित प्रारम्भिक बालबिकास शाखाले यो उद्देश्य पूरा गर्न सक्छ । लक्ष्यित समूह छलफलका क्रममा गैरसरकारी संस्थाका प्रतिनिधिहरू र सहजकर्ताहरूले जिशिकाबाट प्रारम्भिक बालबिकास केन्द्रका कोटाहरू वितरणका क्रमममा नगरपालिकाले केही प्रारम्भिक बालबिकासका कोटाहरू लियो जुनकुरा समुदायलाई केही थाहा छैन भन्ने कुरा उल्लेख गरे । सुविधाविहीन समुदायलाई प्रारम्भिक बालबिकास कार्यक्रममा सजिलोसँग पहुँच नभएको कुरा तिनीहरूले बताए । उदाहरणकारूपमा, गरीव समुदायले जोडकोष (matching fund) को माग गर्दैन जसले गर्दा गरीव र दुर्गम क्षेत्रमा प्रारम्भिक बालबिकास केन्द्रहरू स्थापना हुन सक्दैनन् । तथापि, प्रशिक्षकले प्रतिवेदन दिएअनुसार जिल्ला र स्थानीय तहका सञ्जालले समुदायमा कोटा वितरणका लागि सूचना सम्प्रेषण गर्नमा सहयोग पुऱ्याउँछ । यस दिशातर्फ भएको प्रगतिका रूपमा यसलाई लिन सकिन्छ ।

सुनसरी जिल्लाका उत्तरदाताहरू (गैसस प्रतिनिधि, जिशिका अधिकारीहरू र सहजकर्ताहरू)ले बालबालिकाहरूका लागि सञ्चालन गरिने प्रारम्भिक बालबिकास सेवाहरूका सम्बन्धमा जिल्लामा एकरूपता नभएको कुरा व्यक्त गरे । उदाहरणकारूपमा, निजी विद्यालयमा संचालित प्रारम्भिक बालबिकास कार्यक्रममा आठ वर्ष पूरा गर्नेले कक्षा १ मा भर्ना हुन्छ । समुदायमा आधारित प्रारम्भिक बालबिकास पूरा गर्नेले नर्सरी कक्षामा भर्ना हुन्छ र सामुदायिक विद्यालयमा कक्षा १ मा भर्ना हुन्छ । माथिको छलफलबाट प्रारम्भिक बालबिकास कार्यक्रमको अवधारणागत स्पष्टता र यसको महत्ववारे सबै सरोकारवाला खासगरी आमाबाबु देखि नीति निर्माण गर्ने तहसम्मकालाई प्रवोधिकरण गर्नुपर्दछ ।

सुनसरी जिल्लाका बालबालिका तथा महिलाका लागि विकेन्द्रित कार्य (DACAW) का सम्पर्क व्यक्तिले स्थानीय तह र राष्ट्रिय तहमा समन्वय नभएको कुरा देखाए । तथापि स्रोतव्यक्तिले व्यक्त गरेअनुसार अन्तर्राष्ट्रिय गैसस र जिल्ला शिक्षा कार्यालयकाबीचमा राम्रो समन्वय भएको पाए । यस परिप्रेक्षमा जि.शि.अले समन्वय गर्नुपर्दछ ।

जिविस सुनसरीका बालबालिका तथा महिलाहरूका लागि विकेन्द्रित कार्यक्रम (डकाउ) का अधिकारीले समुदायले जिशिकामा कार्यक्रमको माग गर्दछ र डकाउले समुदायलाई सहयोग गर्दछ । यो उद्देश्यकालागि जिशिकाअन्तर्गत जिल्लामा बढी जिम्मेवार र जवाफदेही सम्पर्क व्यक्ति रहेको प्रारम्भिक बालबिकास शाखाको आवश्यकता भएको कुरा डकाउ अधिकारीले बताए । सुनसरी जिल्लाका जिशिअ तथा स्रोतव्यक्तिले जिल्लाका ४०० केन्द्रहरूलाई एउटा सम्पर्क व्यक्ति, जो कार्यालयको अरू नियमित कामका लागि पनि जिम्मेवार हुन्छ, द्वारा रेखदेख पुऱ्याउन कठिन हुने कुरा बताए । उक्त समयसम्म स्रोतव्यक्तिद्वारा केन्द्रको अनुगमन भएको थियो । तर सबै केन्द्रहरू अनुगमन गर्न सम्भव थिएन ।

सहजकर्ताका लागि आयोजना गरिने तालिम कार्यक्रमका सम्बन्धमा पनि जिल्लामा विविधता पाइयो । उदाहरणकारूपमा, जिशिकाले तालिम सञ्चालन गर्न सेतो गुराँस राष्ट्रिय बालबिकास सेवाबाट प्राविधिक व्यक्तिलाई ल्याउने गर्दछ । प्लान नेपालको आफ्नो आवश्यकताअनुसार तालिम सञ्चालन गर्ने छुट्टै पद्दति छ । यसले जिशिका तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवा मार्फत तालिम सञ्चालन गर्दछ ।

स्वास्थ्य मन्त्रालयसँग सबै गाविसमा आमा तथा बालस्वास्थ्य स्वयम् सेविकाको बलियो जमात छ, स्वास्थ्य कार्यक्रम तिनीहरूको नियमित कार्य होइन । तिनीहरू स्वयंसेवक हुन् तर वर्षौदेखि तालिम प्राप्त छन् । तिनीहरूले स्वास्थ्य सेवा प्रदान गर्दै आएको हुनाले तिनीहरूलाई आवश्यक तालिम दिएर प्रारम्भिक बालबिकास सेवाका लागि पनि नियुक्त गर्न सकिन्छ भन्ने कुरा स्वास्थ्य मन्त्रालयका अधिकारील सुझाए ।

## अन्तर्क्षेत्रीय समन्वयका बाधाहरू

विद्यमान अभ्यासबाट यो स्पष्ट हुन्छ कि यद्दपि केन्द्रीय तथा स्थानीय तहका विभिन्न संस्थाहरूकाबीच विभिन्न समितिहरू हुने कुरा निश्चित छ तर ती समितिहरू र परिषद्हरूले राम्रोसँग काम गरेका छैनन् ।

*तालिम कार्यक्रमको समन्वयको समस्या*

प्रारम्भिक बालबिकास प्रशिक्षकको अभाव जिल्लामा तालिम कार्यक्रमलाई समन्वय गर्ने मुख्य समस्याहरूमध्ये एउटा थियो । निर्देशिकामा तालिम लगायतका सबै कुरा उल्लेख गरिएको भएता पनि प्रयोग भएको पाइएन । गैरसरकारी संस्थाका व्यक्तिहरूले के बताए भने यदि जिशिकालाई तालिमको सम्पूर्ण जिम्मेवार दिइन्छ भने तालिमको गुणात्मक पक्ष कायम हुँदैन, कुन अर्थमा भने जिशिकाले जिल्लाको आवश्यकताअनुसार तालिम प्राप्त मानव स्रोतको व्यवस्था गर्न सक्दैनन् । स्थानीय विकास अधिकारीकाअनुसार सेतो गुराँस राष्ट्रिय बालबिकास  सेवा मोरङ्ग जिल्लामा जिशिकासँगको समन्वयमा प्रारम्भिक बालबिकासको तालिमदिने मुख्य संस्था हो । जिल्लापिच्छे तालिम फरक परेको कुरा पनि व्यक्त गरियो । तालिममा गुणात्मक सुधार ल्याउने उद्देश्यका लागि जिशिकाले प्रारम्भिक बालबिकासको तालिम दिने संस्थाहरूसँग मिलेर तालिम दिनुपर्दछ ।

*समितिहरूमा अनुपयुक्त प्रतिनिधित्व हुने समस्या*

समन्वयको अर्को समस्या भनेको प्रारम्भिक बालविकासको क्षेत्रमा कामगर्ने जिल्लास्तरका समितिहरूमा शिक्षक प्रतिनिधिहरूको प्रतिनिधित्व नहुनु हो । विभिन्न क्षेत्रबाट जस्तै गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र प्रारम्भिक बालबिकास सेवा प्रदान गर्ने संस्थाहरू, विशेषज्ञहरू र सरोकारवालाहरूको प्रतिनिधित्व नुहनु पनि कार्यक्रमको समुचित विस्तारको लागि बाधा हो । लक्ष्यित समूह छलफलका सहभागीहरू, शिक्षकहरू र सहजकर्ताहरूले निजी तथा आवासीय विद्यालयको सङ्गगठन (प्याव्सन), शिक्षक तथा सहजकर्ताहरूको प्रारम्भिक बालबिकासको क्षेत्रमा कामगर्ने जिल्ला स्तरीय संगठनहरूमा प्रतिनिधित्व हुनुपर्ने कुरामा जोड दिए ।

*कार्यक्रमको दोहोरोपन*

देशमा प्रारम्भिक बालविकास कार्यक्रममा भएको दोहोरोपन यसको कार्यान्वयनको वाधकका रूपमा भएको कुरा व्यक्त गरियो । जिल्ला तहका सरोकारवालहरूले के महशुस गरे भने प्रारम्भिक बालबिकास कार्यक्रमको योजना र कार्यान्वयनमा सरकारी, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रिय गैरसरकारी संस्था र अरू स्थानीय निकायहरूबीचमा समन्वयको अभाव थियो । यूनिसेफ, सेभ द चिल्ड्रेन नर्वे र सेतो गुराँस राष्ट्रिय बालविकास सेवा बालविकासका सेवाहरूमा संलग्न भएतापनि

तिनीहरूका बीचमा उपयुक्त समन्वय नहुनाको परिणामस्वरुप कार्यक्रममा दोहोरोपन भएको छ । बालकल्याणका क्रियाकलापका क्षेत्रमा कार्यरतसमूहहरूमध्ये जिल्ला वालकल्याण समिति, महिला विकास समूह र आमा समूहहरू प्रारम्भिक बालविकास कार्यक्रमका कार्यान्वयनमा सक्रियरूपमा संलग्न रहेको पाइयो ।

*बजेट वितरणमा एकद्वार प्रणालीको अभाव*

सुनसरी जिल्लाको बालबालिका तथा महिलाहरूका लागि विकेन्द्रीत योजना (डकाउ) का सूचना अधिकारीले जिल्लामा प्रारम्भिक बालबिकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रारम्भिक बालबिकास कार्यक्रमको निम्ति निश्चित बजेट वितरण नगरिनु पनि बाधा भएको कुरा उल्लेख गरे । डकाउ सूचना अधिकारीले सबै प्रारम्भिक बालबिकास सेवा प्रदान गर्ने संस्थाहरूलाई समन्वय गर्नका लागि सबै प्रारम्भिक बालबिकास संस्थाहरूलाई परिषद् अथवा समितिका रूपमा एउटै छाता अन्तर्गत ल्याउनुपर्ने आवश्यकतामा जोड दिए ।

*कार्यक्रमको स्वामित्वको अभाव*

समुदाय कार्यक्रमको स्वामित्व लिन तयार छैन । यस्तो अवस्थामा समन्वय गर्ने संयन्त्रको सँधै आवश्यकता पर्दछ । गाविस र नगरपालिकाको वडाभित्र प्रारम्भिक बालबिकास केन्द्रहरूलाई समन्वय गर्नु पनि समस्या भएको छ । तीनवटै जिल्लाका सहजकर्ताहरूले विद्यालयमा आधारित प्रारम्भिक बालबिकास कार्यक्रमहरू विद्यालयको स्वामित्व तथा सुपरिवेक्षणमा संचालन भएका छन् भन्ने कुरा स्वीकार गरे । तथापि समुदायमा आधारित प्रारम्भिक बालबिकास केन्द्रहरूलाई रेखदेख गर्ने संस्था भने छैन । सुनसरी जिल्लाको लक्ष्यित समूहका सहभागीहरूका अनुसार समुदायको कुनै राम्रो स्तर भएको विद्यालयले समुदायमा आधारित प्रारम्भिक बालबिकास केन्द्रहरूलाई समन्वय गर्नु पर्दछ ।

*प्रारम्भिक बालबिकास केन्द्रहरूले प्राप्त गरेको सहयोगमा विविधता*

केही समुदायमा आधारित प्रारम्भिक बालबिकास केन्द्रहरूले गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सुविधा पुऱ्याएका छन् । यी केन्द्रहरूले सरकारी सहयोगका आतिरिक्त थप सुविधाहरू पाइरहेका छन् । जिशिकाका अधिकारीहरूले भनेअनुसार यो अभ्यासले अरू यस्तै प्रारम्भिक बालविकास केन्द्रहरूलाई अभिप्रेरणामा कमी ल्याउने काम गरेको छ ।

**अर्न्तक्षेत्रीय समन्वयका आवश्यकताहरू**

केन्द्रीय तहका प्रमुख अधिकारीहरू, केन्द्रीय तहको कार्यशालाका सहभागीहरू, जिल्ला तहका उत्तरदाताहरूले प्रारम्भिक बालविकास सेवा प्रदान गर्ने संस्थाहरूबीच समन्वय गर्नका लागि निम्नानुसारका आवश्कताहरू पहिचान गरे :

*केन्द्रीय समन्वय सयन्त्र*

केन्द्रीय तहमा स्थापित समन्वय सन्यन्त्रलाई गाविस स्तरसम्म विस्तार गरिनु पर्छ । पहिलो केन्द्रीय कार्यशालाका सहभागीहरूले सुझाएअनुसार मन्त्री अथवा उच्चस्तरीय व्यक्तिको नेतृत्वमा परिषदको गठन गर्नुपर्दछ । दोस्रो राष्ट्रिय कार्यशालाका सहभागीहरूले प्रारम्भिक बालबिकासको उत्थानमा संलग्न संस्थाहरूको समन्वयका लागि शिक्षा तथा खेलकूद मन्त्रीको अध्यक्षतामा केन्द्रीय स्तरको प्रारम्भिक बालविकास परिषद् गठन गर्ने सुझाव दिए । परिषद्को उत्तरदायित्व नीति निर्माण गर्ने तथा कार्यक्षेत्र एवं अभ्यासको लागि सुझाव दिने हुनुपर्दछ । उच्चस्तरीय परिषद्मा गैरसरकारी संस्थाहरू, प्रारम्भिक बालबिकास विज्ञ, पेशाकर्मीहरू र जिविस महासंघ तथा गाविस महासंघका प्रतिनिधिहरू हुनुपर्ने कुरा पनि सुझाइयो । शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव सदस्य सचिव हुनुपर्नेछ । परिषद्का सदस्यहरूमा स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय, एवं महिला,

बालवालिका तथा समाजकल्याण मन्त्रालयका सचिवहरू र सरोकारवालाहरूलाई सो परिषद्‌मा समावेश गर्नुपर्दछ ।

तीमध्ये केहीले ०-८ वर्षका वालवालिकाको लागि सेवा पुऱ्याउनका लागि यो शीघ्र परिवर्तनको कुरा भएता पनि छुट्टै मन्त्रालय बनाउने विचार पनि दिए । यस्तो मन्त्रालय तथा राष्ट्रिय संस्थाले स्वास्थ्यसम्बन्धी मुद्दाहरू, शिक्षा तथा विकासम्बन्धी मुद्दाहरू बारे समन्वयात्मक नीतिहरू ल्याउन सक्छ भन्ने आफ्ना तर्क तथा कारणहरू प्रस्तुत गरे । मोरङ्ग जिल्लाका लक्ष्यित समूहका सहभागीहरूले प्रारम्भिक बालबिकास क्रियाकलापहरूको रेखदेख गर्न राष्ट्रिय तहमा एउटा कार्यकारी पद सिर्जना गर्नुपर्दछ भने । परिषद्‌मा पदेन-सदस्यका रूपमा मनोनित हुने सदस्यहरूले आफ्नो उत्तरदायित्वको बोध गर्दैनन् भन्ने राय पनि व्यक्त गरे ।

केन्द्रीय कार्यशालाका सहभागीहरूले प्रारम्भिक बालबिकाससँग सम्बन्धित सबै संस्थाहरूलाई एउटै छातामुनि ल्याउनका लागि राष्ट्रिय योजना आयोगको अध्यक्षता रहेको परिषद्‌को गठन गर्ने विचार व्यक्त गरे ।

*जिल्ला स्तरीय अन्तरक्षेत्रीय समन्वय*

कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि जिल्ला तहमा समन्वय समिति गठन गर्नुपर्दछ । दुवै राष्ट्रिय कार्यशालाका सहभागीहरू र जिल्लाका गैरसरकारी संस्थाका सहभागीहरूले समाजको विभिन्न क्षेत्रको सहभागी हुने गरी जिल्ला परिषद्‌को प्रावधान गर्नुपर्ने कुरामा सहमति जनाए । तनहुँ जिल्लाका अधिकांश उत्तरदाता र सुनसरीका डकाउ अधिकारीले जिल्लाका विभिन्न संस्थाहरूबीच समन्वय ल्याउन जिविसले उत्तरदायित्व लिनुपर्दछ भन्ने विचार व्यक्त गरे । जिविसका सभापतिले परिषद्‌को अध्यक्षता गर्नुपर्दछ । प्रजिअ उपाध्यक्ष हुनुपर्दछ र जिशिअलाई जिल्ला प्रारम्भिक बालबिकास परिषद्‌को सदस्य सचिवमा नियुक्त गर्नुपर्दछ । स्थानीय विकास अधिकृत वडा विकास अधिकृत र जनस्वास्थ्य अधिकृतहरूलाई सदस्यकारूपमा मनोनित गर्नुपर्दछ । तनुहुँ जिल्लाका स्थानीय विकास अधिकारी, गैरसरकारी संस्था समन्वय समितिका अध्यक्ष, युनिसेफ प्रतिनिधि र सेतो गुराँस राष्ट्रिय बालबिकास सेवाका प्रशिक्षकले जिल्ला सञ्जाल मार्फत जिल्ला शिक्षा कार्यालयले समन्वय गर्नेगरी जिल्ला अनुगमन समितिको गठन गर्न जोड दिए ।

*गाविस समन्वय समिति*

प्रत्येक गाउँमा आमा समूह, वन उपभोक्ता समूह, स्थानीय समुदायमा आधारित संस्थाहरूको संलग्नतामा प्रारम्भिक बालबिकास समिति गठन गरिनुपर्दछ । सहजकर्ता, शिक्षक, प्रशिक्षक र गैसस प्रतिनिधिहरूकाअनुसार गाविस अध्यक्षले समन्वय समितिको अध्यक्षता गर्नुपर्दछ । विकेन्द्रीकरण ऐनले अनुगमन, स्रोत व्यवस्थापन, सम्पर्कको निर्माण गर्न र सयन्त्रलाई सशक्त बनाउनका लागि जिल्लाका सञ्जाल समूहलाई समन्वय गर्न गाउँहरूमा कार्यदल गठन गर्नुपर्दछ ।

गाविसले प्रारम्भिक बालबिकास क्रियाकलापलाई स्थानीय विकासको बजेटको केही प्रतिशत छुटचाउनु पर्दछ । लक्ष्यित समूह छलफलका सहभागीहरूले स्थानीय संस्थाहरू जस्तै गाविस, समुदायमा आधारित संस्थाहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाकलाई प्रारम्भिक बालबिकास क्रियाकलापलाई समन्वय गर्ने समितिमा राखिनु पर्दछ भन्ने कुरामा जोड दिए ।

*सरकारी/गैरसरकारी संस्थाहरूबीच समन्वय*

केन्द्रीय कार्यशालाका गैससका सहभागीहरूले अन्तर्राष्ट्रिय गैसस र नीति निर्माताकाबीच समन्वयको अभाव भएको बताए । अन्तर्राष्ट्रिय गैससबाट सहयोगको आवश्यकतालाई स्पष्ट पार्नका लागि एउटा स्पष्ट नीति हुनु आवश्यक छ । रणनीतिक कार्ययोजनामा उल्लेख भएजस्तै सरकारले

गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको भूमिका स्पष्ट पार्नुपर्दछ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले व्यवस्था गर्न सक्ने सहयोगबारे प्लानले पूर्वाधार विकास अथवा प्रारम्भिक बालबिकास सामग्रीको प्रावधान, तालिम तथा प्रशासनिक सहयोग जस्तै प्रारम्भिक बालबिकास सम्बन्धी क्रियाकलाप संचालन गर्नका लागि यातायात साधन तथा औजारजस्ता सहयोग गर्न सक्ने कुरा उल्लेख गऱ्यो । समुदायमा आधारित संस्थाहरू र गाविसहरूले प्रारम्भिक बालबिकास केन्द्रहरूको व्यवस्थापन र सञ्चालन गर्नुपर्दछ (सेरिड, १९९९)

सरकारी सस्थाहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूकाबीच समन्वय कायम गर्नकालागि प्रारम्भिक बालबिकासको राष्ट्रिय सञ्जाल छ, जुन सक्रिय छैन । सरकार र यी संस्थाहरूबीच समन्वय गर्नका लागि राष्ट्रिय र जिल्लास्तरका प्रारम्भिक बालबिकाससँग सम्बन्धित समितिहरूमा अन्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाको प्रतिनिधित्व सहयोगी हुन सक्छ । राष्ट्रिय परिषद्ले रष्ट्रिय प्रारम्भिक बालबिकास सञ्जालको भूमिका खेल्न सक्छ र यो परिषद् कार्यक्रममा एकरूपताको सुनिश्चितताका लागि पनि सहयोगी हुनसक्छ ।

*समुदायकालागि गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोग*

लक्ष्यित समूह छलफलका सहभागी सहजकर्ताहरूले समुदायमा आधारित प्रारम्भिक बालबिकास केन्द्रहरूलाई तिनीहरूको प्रभावकारी कार्यान्वयनका लागि गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोग आवश्यक पर्ने कुरा बताए । रणनीतिक कार्ययोजनाले गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको देशमा प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयनमा महत्व रहेको कुरामा जोड दिएको छ । प्रारम्भिक बालविकासको क्षेत्रमा गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको अनुभवहरूलाई प्रारम्भिक बालबिकास कार्यक्रमहरूमा लगाउन सकिन्छ र प्रारम्भिक बालविकास कार्यक्रमहरूका लागि चेतना अभिवृद्धि गर्न, सुपरिवेक्षण र अनुगमन गर्नमा प्रयोग गर्न सकिन्छ । सम्बन्धित उत्तरदायीत्वहरूलाई पूरा गर्न सक्षम नभएसम्म समुदायले गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोग प्राप्त गर्नु आवश्क हुन्छ ।

*सम्बन्धित मन्त्रालयमा प्रारम्भिक बालविकास एकाइ*

केन्द्रीय कार्यशालाका सहभागीहरूले प्रारम्भिक बाल्याव्यवस्थासम्बन्धी कार्यक्रमहरूको रेखदेख गर्नका लागि प्रत्येक सम्बन्धित मन्त्रालयमा प्रारम्भिक बालविकास एकाइ गठन गर्ने प्रावधान गरिनु पर्दछ; यसले विभिन्न मन्त्रालय अन्तर्गगत प्रारम्भिक बालविकास कार्यक्रमको सञ्जाल र संयोजन गर्नका लागि सहयोग पुऱ्याउँछ भन्ने कुरा बताए ।

*नयाँ कार्यविधि निर्माण र कार्यान्वयन*

केन्द्रीय कार्यशालाका सहभागीहरूले प्ररम्भिक बालविकास कार्यक्रममा संलग्न संस्थाहरूकाबीच नयाँ कार्यविधि निर्माण गर्ने कुरा सुझाए । एकपटक नयाँ कार्यविधि निर्माण गरेपछि यसले प्रारम्भिक बालविकासका क्रियाकलापको योजना र कार्यान्वयनमा सहयोग पुग्दछ ।

*नियमित अनुगमन तथा सुपरिवेक्षण*

दोस्रो राष्ट्रिय कार्यशालामा सरकारी अधिकारीहरूले सरकारले त्रैमासिक र वार्षिकरूपमा प्रारम्भिक बालबिकास कार्यक्रमको सुपरिवेक्षण गर्नु पर्ने कुरामा सहमति जनाए । प्रारम्भिक बालविकासको लागि पाँचवर्षे कार्ययोजना बनाउन र यो कार्ययोजनाको लागि बजेट वितरणको अनिवार्य व्यवस्था गर्न पनि जोडदार सुझाव दिइयो ।

*नीतिगत निर्णयका लागि सहयोगात्मक प्रयास*

नीतिगत निर्णयका लागि समन्वयको जरूरी पर्दछ । सबै प्रारम्भिक बालविकासका लागि कार्यरत संघ-संस्थाको नीति निर्माणकालागि सहयोगात्मक प्रयास हुनुपर्दछ । दोस्रो राष्ट्रिय कार्यशालाका सहभागीहरूले एकद्वार नीतिको प्रणालीका पक्षमा तर्क प्रस्तुत गेर । यस प्रकारको सहयोगात्मक प्रयासले प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने कार्यमा सरोकारवालाहरूलाई अभिप्रेरित गर्दछ र कार्यक्रममा एकरूपता कायम राख्न सकिन्छ ।

*राजनीतिक प्रतिवद्धता र प्रतिनिधत्व*

तनहुँ र मोरङ जिल्लाका स्थानीय विकास अधिकारीले समन्वय समितिमा राजनीतिक प्रतिनिधित्व गराउनुपर्ने कुरा सुझाए । प्लान नेपालका प्रतिनिधिहरूले प्रारम्भिक बालविकास केन्द्रको मानव संसाधन र भौतिक विकासको नीतिगत विकासका लागि यो प्रयास सहयोगी हुने कुरा बताए । यसले सन् २०१५ सम्ममा चौहत्तर हजार बालविकास केन्द्रहरू स्थापना गर्न सहयोग पुऱ्याउन सक्छ ।

*प्रारम्भिक बालविकास समितिहरूमा व्यापक प्रतिनिधित्व*

केन्द्रीय कार्यशालाका सहभागीहरूका अनुसार प्रारम्भिक बालविकासका क्रियाकलापको सञ्जाल विस्तारका लागि जिल्ला समितिमा जिल्ला बालकल्याण परिषद्, गाविस महासंघ र जिविस महासंघलाई सदस्य बनाउने प्रावधान गर्नुपर्दछ । यो सञ्जाललाई बढी कार्यमूलक बनाउनका लागि कार्ययोजना र प्रक्रिया निर्माण गर्नुपर्दछ अथवा संस्थाले उपयुक्त किसिमबाट काम गरोस् भन्नका लागि कार्यविधि (टीओआर) तयार गर्नुपर्दछ ।

*सक्षम संस्थाहरूको पहिचान*

जिल्ला शिक्षा कार्यालयले प्रारम्भिक बालविकास कार्यक्रमको रूपाङ्कन, कार्यान्वयन र अनुगमन गर्नुपर्दछ र सहजकर्तालाई तालिम दिने कार्यक्रम आयोजना गर्नका लागि सेतो गुराँस राष्ट्रिय बालबिकास सेवा सक्षम संस्थाहरू पहिचान गर्नुपर्दछ । जिशिअले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका क्रियाकलापहरूलाई समन्वय गर्नुपर्दछ र प्रारम्भिक बालबिकास कार्यक्रमलाई प्रोत्साहित गर्नका लागि उपयोगी हुने सक्षम क्षेत्रहरूको पहिचान गर्नुपर्दछ । दुर्गम क्षेत्रमा प्रारम्भिक वलाविकासका कार्यक्रमको पहुँच बढाउनका लागि समुदायमा प्रारम्भिक बालबिकास कार्यक्रम संचालन गर्न जिशिकाबाट अनुमति लिनुपर्ने प्रणाली हुनुपर्दछ । जिल्ला शिक्षा कार्यालयमा खुद भर्नादर लगायतका सबै तथ्याङ्कहरू उपलब्ध हुने हुँदा सोही अनुरुप आवश्यक ठाउँमा केन्द्र सस्थापना गर्न सकिने भएकोले जिल्लाको अनुमति लिनुपर्ने प्रणाली हुनुपर्दछ ।

*जिशिकामा जिम्मेवार व्यक्तिको नियुक्ति*

बालविकास कोष/संयुक्त राज्यले (एसीएफ/यूएस)ले जिल्लामा प्राम्भिक बालविकास क्रियाकलापको रेखदेख गर्नका लागि जिल्ला शिक्षा कार्यालयमा एकजना व्यक्तिको आवश्यकता भएको कुरामा जोड दिए । तथापि त्यहाँ एकजना मात्र सम्पर्क व्यक्ति हुन्छन् जो अरू जिम्मेवारीले बोझिलो भएको हुँदा प्रारम्भिक बालविकास कार्यक्रमको हेरचाह गर्न सक्दैनन् । मोरङ जिल्लाका जिशिकाका अधिकारीहरू र गैसस प्रतिनिधिहरूले जिल्लामा प्रारम्भिक बालकिास कार्यक्रमलाई समन्वय गर्नका निमित्त सम्पर्क व्यक्तिलाई बढी क्रियाशील र जिम्मेवारपूर्ण बनाउनुपर्छ भन्ने सुझाव दिए । तर गैरसरकारी संस्थाका प्रतिनिधिहरूले भने प्रारम्भिक बालविकास कार्यक्रमलाई विभिन्न तहमा रेखदेख गर्नका लागि जिशिका, जिप्रका र गाविसमा भिन्दाभिन्दै प्रारम्भिक बालाबिकास एकाइ गठन गर्ने दृष्टिकोण पेश गरे ।

*सुविधाविहीन व्यक्तिका आवश्यकताहरू पूरागर्नका लागि प्रभावकारी समन्वय*

जिल्लामा समन्वय पद्धतिको स्थापना प्रारम्भिक बालविकास सुविधा दुर्गमक्षेत्रसम्म विस्तार गर्न र सुविधाविहीन समूहसम्म पुग्नकालाीग आवश्यक आधार हो । नमूना जिल्लामा सञ्चालित लक्ष्यित समूह छलफलका सहभागी र जिशिकाका अधिकारीहरूका अनुसार स्थानीय गैससका विज्ञलाई सदुपयोग गर्नका लागि दुर्गम क्षेत्रमा काम गरेका दाताहरू र स्थानीय गैससको पहिचान गर्नुपर्दछ । जिल्लाको समन्वय संयन्त्र नाजुक अवस्थाका जनताहरूको हितमा जिल्लामा कामगर्ने संस्थाहरूबीच समन्वय ल्याउनको लागि महत्वपूर्ण हुन्छ ।

*वित्तीय स्रोतको व्यवस्थाका लागि वास्केट फण्डिङ्गको प्रावधान*

स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी र गैसस (सेतो गुराँस) का प्रतिनिधिहरूले प्रारम्भिक बालविकासका वित्तीय स्रोतको व्यवस्थाका लागि वास्केट फण्डिङ्गको व्यस्था गर्नु जरूरी छ भन्ने विचार व्यक्त गरे । बालबालिकाको विकासका लागि काम गर्ने सबै मन्त्रालयहरूले यही वास्केटमा पैसा जम्मा गर्नुपर्दछ । यो वास्केट फण्डिङ्ग प्रणालीलाई केन्द्र र जिल्लावीचको उपयुक्त समन्वय संयन्त्रको आवश्यकता पर्दछ ।

*संस्थाहरूको सञ्जाल कार्यमूलक समन्वयको आधार वन्न सक्छ*

केन्द्रीय तहका मुख्य अधिकारीहरूले जोडदाररूपले के सिफारिस गरे भने जिल्लाका गैर सरकारी संस्था/समुदायमा आधारित संस्था तथा पेशाकर्मीहरू (दुवै सहजकर्ता र प्रशिक्षकहरू) संजालमा रहनुपर्दछ र प्रारम्भिक बालविकासको सेवालाई प्रोत्साहित गर्न र उपयुक्त कार्यान्वयनका लागि ज्ञानको विनिमय गर्नु पर्दछ । संस्थाहरूको सञ्जाल निर्माण गर्ने कार्यले जिल्ला र समुदायका संस्थाहरूसँग कार्यगत समन्वयको आधार बन्न सक्छ । प्रारम्भिक बालबिकासका संस्थाहरू र यी संस्थाहरूका बीचको सञ्जाल निर्माण गर्नाले तालिम प्याकेजको विकास गर्न सहयोग पुग्दछ जसले गर्दा एकरूपताको तालिम प्याकेजको विकास र प्रयोग गर्न सकिन्छ । गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले तालिम प्रदान गर्ने कार्यमा समुदायलाई सहयोग गर्न सक्छन् ।

## विषय ३ : प्रारम्भिक बाल विकास कार्यक्रमको दिगोपन

### अवधारणा तथा महत्व

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमहरू नयाँ गतिविधि हुन् । तथापि यस क्षेत्रमा धेरै राम्रा उपलब्धिहरू भएका छन् । उल्लेखनीय संख्यामा प्रारम्भिक बालविकास केन्द्रहरू खोलिएका छन् । प्रारम्भिक बालविकास केन्द्रहरूमा बालबालिकाहरूको संख्या वृद्धि भएको छ र धेरै नवीनतम कार्यक्रम, स्वरूप तथा सामग्रीहरूको निर्माण भएको छ ।

- समुदायहरूलाई प्रारम्भिक बालविकास केन्द्रहरू स्थापना तथा संचालन गर्नका लागि सरकारद्वारा प्रदान गरिने जोड अनुदान (matching fund) तथा युनिसेफ नेपालको सहयोगकासाथ प्रोत्साहित गरिएको छ ।

- समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूलाई प्रदान गरिने सहयोग जस्तै विद्यालयहरूलाई पनि प्रारम्भिक बालविकास केन्द्रहरू खोल्न प्रोत्साहित गरिएको छ ।

- गैरसरकारी संस्था तथा आन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई विभिन्न प्रकारका प्रारम्भिक बालविकास केन्द्रहरू नमुनाको रूपमा वा दीर्घकालीनरूपमा खोल्न तथा सञ्चालन गर्न उत्प्रेरित गरिएको छ ।

- नीजि विद्यालयहरूलाई नर्सरी तथा बालउद्यान कक्षाहरू खोल्न तथा सञ्चालन गर्न प्रोत्साहित गरिएको छ ।

- प्रारम्भिक बालविकासका लागि पाठ्यक्रम निर्माण गरिएको छ, तालिम कार्यक्रमहरू सञ्चालन गरिएको छ तथा सामग्रीहरूको निर्माण गरिएको छ ।

तथापि यी विकासहरू सबैका लीग शिक्षाको प्रारम्भिक बालविकास लक्ष्य तथा राष्ट्रिय कार्य योजनाले लिएको लक्ष्यको तुलनामा साना छन् ।

अझ प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना, प्रशिक्षण सामग्रीको विकास आदिका प्रावधानहरूको दिगोपनको लागि यस क्षेत्रमा काम गर्ने व्यक्तिहरूले बढ्दो रूपमा चासो देखाएका छन् ।

यसरी देखाइएको चासोहरू कार्यक्रम वा नमुनाहरूको रूपमा धेरै राम्रा प्रयासहरू भएको तथ्यसँग सम्बन्धित छन् । धेरैजसो कार्यक्रमहरू अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दाताहरूको सहयोगमा सञ्चालन भएका छन् । यस्ता कार्यक्रमहरूले विकास ल्याउँछन् तर यिनीहरू दिगो छैनन् । सहयोग बन्द भएपछि यिनीहरू चल्न सक्दैनन । उदाहरणका लागि ग्रामीण महिलाका लागि उत्पादन ऋण कार्यक्रमहरूले आमाहरूलाई रोजगारीको अवसर प्रदान गर्‍यो र बालवालिकाहरूका लागि वालहेरचाह तथा शिक्षा कार्यक्रमले धेरै चाख र सहभागिता सृजना गर्‍यो । तथापि सहयोगको समयावधि सकिएपछि प्रावधानहरू अन्त भए तथा कार्यक्रमहरू रोकिए । स्पष्टरूपमा एउटा सफल तथा धेरै माग भएको कार्यक्रम दिगो रूपमा संचालन हुनको लागि फाइदा, अनुभव तथा विचारहरूमात्र पर्याप्त हुँदैनन् ।

कार्यक्रमको निरन्तरताका लागि स्पष्ट देखिने वा प्रत्यक्ष लगानीहरूमात्र महत्वपूर्ण हुँदैनन् बरू सहयोगका साथै सहकार्य प्रणालीहरू पनि उत्तिकै महत्वपूर्ण हुन्छन् ।

दिगोपनले केवल केही समयकोलागि एउटा कार्यक्रम सञ्चालन गर्नुसँग मात्र सम्बन्ध राख्दैन, यसले लक्ष्य अनुरूपको उत्प्रेरणा जोश तथा मागहरूसहितको निरन्तरतासँग सम्बन्ध राख्दछ । स्पष्टरूपमा दिगोपनले प्रारम्भिक बालविकासको भौतिक विकास मात्रै जनाउँदैन तर व्यवस्थापन, सहभागिता तथा व्यक्तिहरूको प्रतिवद्धतालाई पनि जनाउँदछ । परिस्थिति तथा नीति अन्तरहरू विश्लेषण गर्नका लागि विभिन्न सरोकारवालाहरूले प्रतिनिधित्व गरेको प्रारम्भिक बालविकासको राष्ट्रिय कार्यशालामा प्रारम्भिक बालविकास कार्यक्रमहरूमाथि छलफल गरी निम्न लिखित प्रारम्भिक बालविकास कार्यक्रमहरूको दिगोपनका लागि अत्यन्तै महत्वपूर्ण पक्षहरूको पहिचान गरियो । यस्ता पक्षहरू यसप्रकार छन् :

- भौतिक सुविधा/सामग्री र वातावरण
- पाठ्यक्रम निर्देशिकाहरू
- मानव संसाधनको विकास (क्षमता अभिवृद्धि) सहजकर्ता/प्रशिक्षकको सुविधा,
- आर्थिक सहयोग,
- मूल्याङ्कन तथा सुपरिवेक्षण, र
- सहभागिता तथा स्वामित्व

**दिगोपनका अवरोधहरू**

अहिलेको परिस्थितिमा माथि उल्लेखित पक्षहरूसँग सम्बन्धित कार्यक्रम तथा प्रावधानहरू दिगो रहन चुनौतीपूर्ण छ भन्ने कुरा समूहले औंल्यायो । चुनौतीका लागि विभिन्न तत्वहरू कारककारूपमा रहेको कुरा औंल्याइयो :

- उचित बुझाईको अभाव
- आधारभूत आवश्यकताका स्तरहरूको कमी,
- नियमहरूका साथै कानुनी संरचना,
- प्रारम्भिक बालविकास प्रावधानहरूको आवश्यकता, क्षेत्र तथा सम्भाव्यता बारे राजनीतिज्ञ तथा सम्भाव्य सरोकारवालाहरूबीच सचेतना जनाउनु,
- बाल-केन्द्रीत सामग्रीहरू तथा उचित कार्यक्रमहरूको उपलब्धता,

चेतना र उचित बुझाईको अभावले गर्दा नै जनताहरूको सहभागिता विस्तृत प्रारम्भिक बालविकास कार्यक्रमहरूको विकास तथा दिगोपनको लागि योगदान र पूर्ण सहभागिता भन्दा प्राय जसो प्रावधानहरूको उपयोगमा सिमित रहने गरेको छ ।

सहजकर्ताहरूका लागि उचित तालमिको अभाव प्रारम्भिक बालविकास कार्यक्रमहरूको दिगोपनाका लागि चुनौती थप्ने अर्को महत्वपूर्ण तत्व हो । स्रोतहरू व्यक्तिहरू प्राय जसो प्रारम्भिक बालविकास कार्यक्रमहरूलाई जीवन्त र आकर्षित बनाउन तथा अभिभावकहरूको ध्यान र सहयोग आकर्षण गर्नका लागि कम उत्प्रेरित भएको अवलोकनले देखाएको छ । यस सन्दर्भमा सहजकर्ताहरूलाई विशेष तालिम दिनुपर्ने प्रावधान कहीँ पनि छैन । साथै सहजकर्ताहरूलाई आवश्यकता भएको वखत उपलब्ध गराउनका लागि पेशागत सहयोग र अनुगमन कार्यक्रमहरूको पनि अभाव छ ।

धेरै अवस्थाहरूमा केन्द्रहरूको विकास तथा उचित व्यवस्थापनको लागि नीति, मानक तथा स्तरको अभाव, सहजकर्ताहरूको सेवाको मूल्याङ्कन पद्धतीको अभाव प्रारम्भिक बालविकास प्रावधानहरूको कमजोर गुणस्तरका कारक तत्वहरू हुन् ।

कार्यक्रमको मूल्याङ्कन तथा सुपरिवेक्षण केवल गैरसरकारी संस्था तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले सहयोग गरेका प्रारम्भिक बालविकास केन्द्रहरूमा मात्र भएको प्रतिवेदन छ । साथै यस्ता सेवाहरू आवश्यकताको तुलनामा ज्यादै कम छन् । समुदायले सञ्चालन गरेका प्रारम्भिक बालविकास केन्द्रहरूमा मूल्याङ्कन गर्ने प्रंणाली छैन भने विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूमा सरकारी मूल्याङ्कन प्रणाली प्रभावकारी छैन । फलस्वरूप प्रारम्भिक बालबिकास कार्यक्रमहरूको कमजोर गुणस्तरले गर्दा अभिभावकहरूलाई आकर्षित गर्न सकिएको छैन ।

देशमा प्रारम्भिक बालविकास केन्द्रहरूको दिगोपनका लागि महत्वपूर्ण अवरोध भनेको आवश्यक आर्थिक लगानीको अभाव हो । वर्तमान अवस्थामा सरकारी सहयोगमा सञ्चालन भएका सामुदायिक तथा विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूले राष्ट्रिय/अन्तर्राष्ट्रिय/गैरसरकारी संस्था वा निजी संस्थाहरूको सहयोगमा संचालन भएका प्रारम्भिक बालविकास केन्द्रहरूको तुलनामा अति न्यून आर्थिक सहयोग प्राप्त गर्दछन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससको सहयोगमा सञ्चालन भएका प्रारम्भिक बालविकास केन्द्रहरूको संख्या न्यून छ साथै तिनीहरूमा सहयोगको निरन्तरता टुट्ने चुनौती पनि विद्यमान छ । त्यसैगरी निजी संस्थाहरूले सञ्चालन गरेका प्रारम्भिक बालबिकास केन्द्रहरू सम्पन्न परिवारहरूको सेवाका लागि मात्र रहेका छन् जसको संख्या पनि कम छ

तथा विस्तारको क्षेत्र पनि न्यून छ । धेरैजसो प्रारम्भिक बालविकास केन्द्रहरू समुदाय वा सरकारी अनुदानप्राप्त सामुदायिक विद्यालयहरूले सञ्चालन गरेका छन् । साथै सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत विस्तारको क्षेत्र पनि त्यसैमा पर्दछ । तथापि आर्थिक अभावमा तिनीहरूले आधारभूत सुविधाहरूको विकास तथा व्यवस्थापन गर्न सकेका छैनन् । उनीहरूले व्यवस्थापनमा कठिनाई व्यहोरेका छन् । न्यून सुविधाहरूको कारण सहजकर्ताहरू निरूत्साहित छन् तथा सामग्रीहरू खरीद गर्न आर्थिक अभाव छ ।

यी चुनौतीहरूलाई सम्वोधन गर्न अनिवार्य अभिभावक शिक्षा तथा सरोकारवलाहरूलाई सचेतना कार्यक्रमहरूको संचालन सुझाव गरिएको छ ।

सहजकर्ताहरूको न्यूनतम प्राथमिक तहको तलव स्केल तथा शैक्षिक सामग्रीहरूका लागि न्यूनतम प्रावधानहरू नीतिले सम्बोधन गर्नुपर्ने क्षेत्रहरू हुन् ।

**विद्यमान अभ्यासहरू**

नेपालमा प्रारम्भिक बालविकास केन्द्रहरूको दिगोपनकालागि आम चासो भएतापनि केही मात्र प्रर्वतनात्मक उपागमहरू अपनाइएका छन् । यस्तो अवस्थामा आमाहरू, प्रारम्भिक बालविकास कार्यक्रमहरूलाई सहयोग गर्ने गैरसरकारी संस्था तथा सहजकर्ताहरूबीच निम्न लिखित बुँदाहरूमा सहमति भएको छ ।

बालवालिकाहरू प्रारम्भिक बालविकास केन्द्रहरूमा रहेको वेला गैरसरकारी संस्थाहरूले उनीहरूका लागि सामग्री र पोशाक सहयोग गर्ने व्यवस्था भयो ।

- प्रारम्भिक बालविकास केन्द्रहरूमा बालबालिकाहरू आउँदा र जाँदा लगाउने पोशाक नियमितरूपमा परिवर्तन, सरसफाई तथा सुरक्षित राख्न पनि सहजकर्ताहरू सहमत भए ।
- अभिभावकहरू विशेषगरी आमाहरू, स्रोत व्यक्तिलाई नियमितरूपमा सहयोग गर्न सहमत भए । उनीहरूले पालैपालो २-३ जना आमाहरू विद्यालयमा उपस्थित भई स्रोत व्यक्तिको कार्य गर्नुका साथै पोशाकहरू परिवर्तन गर्ने, विरामी परेको वेलामा वालवालिकाहरूको हेरचाह गर्ने, उनीहरूलाई चर्पी जान सहयोग गर्ने तथा प्रारम्भिक बालविकासका क्रियाकलापहरूमा भाग लिन सहयोग गर्ने नियम बनाए ।
- आमाहरूले बालबालिकाहरूका लागि खानेकुरा ल्याउन पनि सहमत भए । उनीहरू प्रायजसो बच्चाहरूकोलागि सागसब्जी र सुख्खा गरी पकाईएका खनेकुराहरू ल्याउने गर्थे । उनीहरूले बच्चाहरूको लागि खानेकुरा पकाउने, बाँड्ने तथा आवश्यकता अनुरूप खुवाउने काम पनि गर्थे । उनीहरूले भाँडाकुँडा पनि सफा गर्थे ।
- आमाहरूले बच्चाहरूको घर फर्कने काममा पनि सहयोग गर्थे ।

यो व्यवस्थाले प्रारम्भिक बालविकास केन्द्रहरू राम्ररी संचालन गर्न सहयोग गरेको भएतापनि आवश्यक कोषको चाहीं अभाव थियो । अभिभावक तथा स्रोत व्यक्तिहरूको संयुक्त प्रयासले केही हदसम्म सुरक्षित वातावरण, आहार, व्यवस्थित क्रियाकलाप तथा शैक्षिक सामग्रीहरूको सुनिश्चित गरेको छ ।

समयतालिकाको आधारमा धेरै समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूमा अभिभावकहरूको सहभागिता अवलोकन गरिएको थियो । त्यसैगरी धेरै केन्द्रहरूमा बच्चाहरूको आहारको व्यवस्थापन गरिएको पनि अवलोकन गरियो ।

समुदाय तथा विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूलाई दिइने सरकारी सहयोग प्रवर्द्धनात्मक कोष (लगभग २५,००० रूपैयाँ) तथा स्रोत व्यक्तिका लागि सानो प्रोत्साहन कार्यमा ( १००० रूपैयाँ प्रति महिना) रहेको थियो । समुदायले खडागरेका जोड मुद्दती कोष (matching fixed fund) र नियमित कोष (Regular fund) को आधारमा सहयोग प्रदान गरिएको थियो । समुदायहरूले कम्तिमा समान राशीको कोष खडा गर्न सक्छन् भन्ने अनुमान गरिएको थियो । कम्तिमा ५०,००० रूपैयाँको मुद्दती कोष वित्तीय संस्था वा वैंकहरूमा जम्मा गरिएको खण्डमा प्रारम्भिक बालविकास केन्द्रहरूलाई सहयोग गर्नका लागि प्रत्येक वर्ष ५,००० रूपैयाँ आम्दानी गर्न सकिन्छ भन्ने सोच बनाएको थियो ।

त्यसैगरी प्रत्येकमहिना १,००० रूपियाँको नियमति कोष खडा गर्दा एउटा स्रोत व्यक्तिले प्रत्येक महिना प्रोत्साहन स्वरूप २,००० रूपियाँ पाउन सक्थ्यो । धेरै प्रारम्भिक बालविकास केन्द्रहरूमा समुदायहरूले खडा गरेका जोड कोषलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले १,००,००० रूपियाँको मुद्दतिकोष खडा गरी सहयोग गरेका थिए, तर नियमिति कोष चाहीँ भविश्यमा आउनेखालको थिएन । धेरैजसो अवस्थाहरूमा समुदायहरूले न्यूनतम मुद्धती जोडकोष पनि खडा गर्न सकेनन् । समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूमा जिशिका र पैसा लिन जाने व्यक्तिसँगको राम्रो सम्बन्ध र चेतनाको अभाव तथा जिशिकाका कर्मचारीहरूले पैसालिन जाने स्रोतव्यक्ति र समुदायका मानिसलाई गर्ने सहयोगको अभावमा १,००० रूपियाँको नियमित सहयोग पाउन पनि कठिन थियो । प्रायजसो स्रोत व्यक्ति तथा समुदायका मानिसहरू उनीहरूले व्यहोर्नुपर्ने अमैत्री व्यवहारका कारण जिसिकामा दोहोऱ्याएर जाने चाहना राख्दैनथे ।

सरकारी सहयोगको सदुपयोग गर्ने सवालमा विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूको स्थिति राम्रो छ किनभने प्रणालीसँग परिचित प्रधानाध्यापक तथा अन्य शिक्षकहरूले नियमितरूपमा सहयोग प्राप्त गर्छन् । समयमै पैसा नपाएतापनि प्रणालीअन्तर्गतको विद्यालय एउटा अङ्ग भएकाले विद्यालयहरू आत्म विश्वासका साथ केन्द्रहरूको सञ्चालन गर्न सक्छन् । यसबाहेक एउटा स्रोत व्यक्ति नियुक्त गरिने समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरू भन्दा फरक धेरैजसो विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूमा प्रारम्भिक बालविकासकक्षाहरू नियमित प्राथमिक विद्यालय शिक्षकद्वारा नै सञ्चालन गरिएको पाइयो । प्रारम्भिक बालविकास कक्षाहरू सञ्चालन गर्ने शिक्षकहरूका लागि थप प्रोत्साहनका रूपमा सरकारी सहयोग प्राप्त हुन्छ । विद्यालयमा आधारित केन्द्रहरू किन राम्ररी सञ्चालन भएका छन् भन्ने कुराको यो एउटा महत्वपूर्ण कारण हो । तथापि, प्रारम्भिक बालबिकास कार्यक्रमको दिगो सञ्चालनको विस्तृत पक्षलाई विचार गर्दा, यी कार्यक्रमहरूमा अभ्यास अभिभावक संलग्नताको अवसर दुवैको अभाव पाइन्छ । त्यसमा पनि प्रारम्भिक बालविकास कक्षाहरूलाई प्रारम्भिक बालविकास केन्द्रहरूको सट्टामा प्राथमिक विद्यालयको तल्लो कक्षा विस्तारका विस्तारका रूपमा सञ्चालन गरिन्छ ।

निश्चय नै समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूको दिगो रूपमा सञ्चालनका लागि स्थायी भवन तथा तलबी शिक्षकहरू जस्ता आवश्यक प्रक्रियागत भौतिक पूर्वाधारहरूको अभाव थियो । स्रोतव्यक्तिहरूको आधारमा हेर्दा यी केन्द्रहरू कमजोर छन् किनभने यसमा स्रोत व्यक्तिहरू प्रक्रियागतरूपमा नियुक्त नभइकन समुदायले तोकेका व्यक्तिहरू हुन्छन् । यस्ता केन्द्रहरू स्थान र भवनको आधारमा पनि फितला हुन्छन् । किनकि यी कुरा अस्थायीरूपमा मानिसहरूले वा सामूदायिक गुठी वा कार्यालयहरूले प्रदान गरेका हुन्छन् । तथापि, माथि उल्लेख गरिए जस्तै समुदायमा आधारित प्रारम्भिक बालविकासमा अभिभावक सहभागिताको क्षेत्र र सम्भाव्यता रहन्छ र केन्द्रहरूलाई यसरी सञ्चालन गरिन्छ कि जसले गर्दा बालबालिकाहरूको सुरक्षित हेरचाहको वातावरण सुनिश्चित रहेको हुन्छ ।

अर्को महत्वपूर्ण के छ भने समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूलाई बालबालिकाहरूको आवश्यकता पहिचानको आधारमा सक्षम, राम्रो प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न आवश्यक पर्ने अवधारणा र परिकल्पनाहरूको आधारमा सक्षम र आपसी सहयोगमा प्रारम्भिक बालविकास केन्द्रको विकासमा प्रतिबद्ध तथा संवेदनशील र गैर सरकारी संस्थाहरू र समुदायमा आधारित संस्थाहरूको सहयोगको आवश्यकता   पर्दछ ।

निजी संस्थाहरूद्वारा सञ्चालन गरिएका प्रारम्भिक बालविकास केन्द्रहरू समुदायमा आधारित र विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरू भन्दा फरक हुन्छन् । यिनिहरूले प्रदान गर्ने सेवा अभिभावकहरूको माग र सेवा पाएवापत शुल्क तिर्न सक्ने जागरूकतामा निर्भर गर्छ । यस्ता केन्द्रहरूको वित्तीय दिगोपन अभिभावकहरूले तिरेको शुल्कमा निर्भर हुन्छ । तिनीहरूका कार्यक्रमहरू, पूर्वाधार र सामग्रीहरू अधिकरूपमा संस्थाको ज्ञान तथा क्रियाकलापहरूमा निर्भर गर्छन् साथै राम्रा पोशाक, बालबालिकाहरू आकर्षित गर्ने कार्यक्रमहरू, अंग्रेजी, भाषा र प्रतिष्ठित विद्यालयहरूमा बालबालिकाहरूलाई पढ्न सक्ने बनाउने जस्ता प्रत्यक्ष देखिने आकर्षणबाट यस्ता केन्द्रहरू प्रभावित् हुन्छन् ।

**दिगोपनकालागि लागि आवश्यक शर्तहरू**

प्रारम्भिक बालविकास केन्द्र सञ्चालनको दिगोपनका लागि विभिन्न क्षेत्रहरू हुन्छन्  :

- उपयुक्त नीति
- नीति कार्यान्वयनको रूपरेखा सहितको प्रणाली
- उपयुक्त भौतिक पूर्वाधार सहितको प्रारम्भिक बालबिकास केन्द्रहरू
- सहजकर्ताहरूहरूलाई राम्ररी काममा लगाइराख्नका लागि तालिम र पेशागत सहयोग
- तलव, सामग्री, विकास र रेखदेखकालागि आर्थिक सहयोगका प्रावधानहरू
- अन्य सेवाहरू, जस्तै स्वास्थ्य, पोषण र शैक्षिक प्रावधानहरूसँगको सम्बन्ध र तिनीहरूको प्रयोग ।
- अन्तर-मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, स्थानीय निकायहरू, अभिभावकहरू र समुदायबीच आपसी सहयोग ।

देशमा प्रारम्भिक बालविकास प्रावधानको दिगो सञ्चालनका लागि सबैभन्दा महत्वपूर्ण पक्ष यसको विकासको लागि आवश्यक अन्तरदृष्टी र यसको विकासलाई सरकारले गर्ने सहयोग तथा सहजीकरण हो । तसर्थ सरकारको उपयुक्त प्रारम्भिक बालविकास नीतिहरूको दिगो सञ्चाल सबैभन्दा महत्वपूर्ण आवश्यकता हो । प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनका लागि आवश्यक आधारभूत सरकारी नीतिहरूको पहिचानका लागि काठमाडौंमा केन्द्रीय स्तरको कार्यशालाहरू सञ्चालन गरिए । कार्यशालाहरूको प्रमुख उद्देश्य विशेष गरी प्रारम्भिक बालविकास कार्यक्रमहरूको मूलप्रवाहीकरण, अन्तर क्षेत्रीय समन्वय र प्रारम्भिक बालबिकास कार्यक्रमहरूको दिगोपनको  पहिचान गर्नु थियो । प्रारम्भिक बालविकास केन्द्रहरूको सञ्चालनलाई ख्याल गरेर निकालिएका केही महत्वपूर्ण सुझावहरू निम्न लिखित छन् :

- सरकारले समुदायलाई मुद्दती जोडकोषको रूपमा प्रदान गर्ने अनुदान र सहजकर्ताको लागि प्रदान गरिने प्रोत्साहनको अनुदानलाई निरन्तरता दिनुपर्दछ । प्रारम्भिक बालविकास केन्द्रहरूको

स्थापना र सञ्चालन कार्यमा योगदान गर्न सरकार र समूदाय दुवै सहभागी हुने भएकोले यो नीति सामुदायको सहभागिता बढाउन सहयोगी भएको छ । तथापि, अनुदानको मात्राको पुनरावलोकन गरिनुका साथै परिवर्तित आर्थिक अवस्थाहरूसँग मिल्ने गरी यसलाई बढाउनुपर्दछ । जस्तो मुद्धती कोषका लागि दिइने दानको निम्ति व्याजदर न्यूनतम बनाइयो । यो नीति पहिलोपल्ट बनाउँदा व्याजदर १०% थियो, अहिले ५% भन्दा कम छ ।

- प्रारम्भिक बालविकास केन्द्रहरूमा समुदायको स्वामित्व हुने नीतिको निरन्तरता हुनुपर्दछ । तसर्थ धेरै समुदायहरूले आफ्नो कमजोर आर्थिक अवस्थाको कारणले गर्दा जोडकोष स्थापना गर्न वा सहजकर्ताहरूको लागि थप सहयोग प्रदान गर्न नसक्ने अवस्था हुन सक्छ । परिणामस्वरूप कमजोर आर्थिक अवस्था भएका समुदायहरूले यो प्रावधानको फाइदा लिन सकेका छैनन् । सामाजिक आर्थिक अवस्थाहरूको आधारमा सरकारी सहयोगको लागि नीति हुनुपर्दछ । सहयोग एकीकृतरूपमा आउनुपर्दछ जसले गर्दा अभिभावकहरू भविष्यमा प्रारम्भिक बालविकास केन्द्रहरूलाई दिगो राख्न सक्छन् ।

- प्रारम्भिक बालविकास नीतिको आधार बाल अधिकारहरूको संरक्षण गर्ने, सुरक्षित वातावरणको अधिकार, शिक्षा, स्वास्थ्य, हेरचाह र विकासको अधिकार हुनुपर्दछ । यो प्रारम्भिक बालविकास पाठ्यक्रम, शिक्षक तालिम, भौतिक पूर्वाधारको विकास, मूल्याङ्कन र सुपररिवेक्षणको आधार हुनुपर्दछ । यस्तो नीतिले विस्तृतरूपमा प्रारम्भिक बालविकास कार्यक्रमहरूको विविध पक्षहरूको दिगो सञ्चालनमा सहयोग पुऱ्याउँदछ ।

प्रारम्भिक बालविकास केन्द्रहरूको दिगो सञ्चालनका लागि सरकारको बजेट प्रतिबद्धता हुनुपर्दछ भन्ने कुर औंल्याइएको थियो । यसका लागि सरकारले बास्केट फण्ड र स्थानीय कोष आर्जनको प्रणाली बनाउन सक्छ । बास्केट फण्डका लागि छुट्याइएको रकम प्रारम्भिक बालक्रियाकलापहरूका लागि सदुपयोग गर्न सकिन्छ । स्थानीय कोषले समुदायका मानिसहरूलाई स्थानीयस्तरमा प्रारम्भिक बालविकास लागि नेतृत्व लिन मद्दत गर्ने छ । संस्थाहरूले विभिन्न तरीकाहरू जस्तै अभिभावकहरूले योगदान गर्न सक्ने सानो मात्राका शुल्कहरू उठाएर पनि कोष खडा गर्न सक्छन् ।

समुदाय पैरवी र प्रारम्भिक बालविकासका लागि कोष स्थापना गर्ने कार्यक्रमहरू सञ्चालन गरेर पनि कोषको स्थापना गर्न सकिन्छ । यस्ता क्रियाकलापहरूले समुदायका मानिसहरूमा उत्तरदायी र स्वामित्वको भावना जगाउनेछन् । यसले अन्ततः प्रारम्भिक बालविकास कार्यक्रमहरूको स्थानीय स्तरमा दिगो सञ्चालन गर्न मद्दत गर्छ ।

प्रारम्भिक बालविकासप्रतिको उत्तरदायित्वलाई स्थानीय स्वायत्त शासन ऐनमा समावेश गरिनुपर्दछ । यसले गर्दा प्रारम्भिक बालविकासको दिगोपनका लागि स्थानीय व्यक्तिहरूलाई बढी जिम्मेबार बनाउछ । श्रोत/साधानहरू बढाउनका लागि सरकार, दातृ निकायका साथै समुदायहरू प्रतिवद्ध हुन आवश्कय छ ।

अन्य महत्वपूर्ण सुझावहरूमा सरकारले गरेका विद्यालय क्षेत्र सुधार कार्यक्रममा प्रारम्भिक बालविकासलाई समावेश गरिनु पर्दछ । विद्यालय क्षेत्र सुधारकार्यक्रकमले विद्यालय संरचनामा प्रारम्भिक बालविकासको सम्बन्धमा अर्न्तदृष्टि दिनु पर्छ । प्रारम्भिक बालबिकास प्रत्येक बालबालिकाको अधिकार हो भन्ने कुराको सुनिश्चितता शिक्षा तथा खेलकुद मन्त्रालय र नीतिगत दस्तावेजहरूले गर्नुपर्दछ । यस अर्थमा प्रारम्भिक बालविकासलाई विद्यालयक्षेत्र सुधारको प्राथमिकताकारूपमा सुनिश्चित गरिनुपर्ने र यसलाई प्रारम्भिक बालविकास ऐन अन्तर्गत विकसित गरिनुपर्ने सल्लाह दिइएको थियो ।

अझ के भनिएको छ भने विभिन्न जिल्लाहरूमा सञ्चालन गरिएका प्रारम्भिक बालविकास कार्यक्रमका सर्वोत्म अभ्यासहरूलाई यसको दिगो सञ्चालनका लागि प्रयोग गर्नुपर्दछ ।

प्रारम्भिक बालविकास प्रावधानको गुणस्तरलाई दिगो सञ्चालनको आधारभूत तत्वकारूपमा अत्यधिक जोड दिइन्छ । गुणस्तर कायम राख्नका लागि प्राविधिक सहयोग पनि उत्तिकै महत्वपूर्ण हुन्छ । गुणस्तरमा सुधार ल्याउनका लागि सहजकर्ताहरू र शिक्षकहरूलाई तालिम आवश्यक हुन्छ । रेखदेख तथा मुल्याङ्कनले प्रारम्भिक बालविकास कार्यक्रमहरूको गुणस्तर सुधारामा थप योगदान पुऱ्याउँछ ।

विभिन्न निकायहरू र संस्थाहरूले प्रारम्भिक बालविकासँग सम्बन्धित कार्यक्रम र क्रियाकलापहरू सञ्चालन गरिरहेका छन् भन्ने कुरा औंल्याइयो । उदाहरणका लागि स्वास्थ्य मन्त्रालयले स्वास्थ्य चौकीहरूको माध्यमबाट अधिराज्यभर बालपोषण र स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरेको छ । ठूलो संख्यामा तालिमप्राप्त स्वास्थ्यकर्मीहरूलाई यो कार्यक्रममा समावेश गरिएको छ । त्यसैगरी, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यक्रमहरूमा बालअधिकार संरक्षणका कार्यक्रमहरु छन् । युनिसेफ नेपाल, प्लान नेपाल र सेभ द चिल्ड्रेन अलायन्ससँग बालबालिकाहरूको स्वास्थ्य, शिक्षा र उनीहरूको समग्र विकासलाई सहयोग गर्ने कार्यक्रमहरू छन् । नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमहरूको प्रभावकारी तथा दिगो सञ्चालनका लागि समन्वयात्मक सहकार्यको आवश्यकता छ । राष्ट्रिय आवश्यकताको आधारमा सहकार्य र सहयोगका निम्ति एक उच्च स्तरीय समन्वयात्मक निकाय र एक नीति तथा निर्देशनहरूको आवश्यकता छ ।

# खण्ड पाँच

# पुनरावलोकनको प्राप्ति र सिफारिश

## प्राप्ति

यो नीतिगत पुनरावलोकन अध्ययनका प्राप्तिहरू तीन जिल्लामा गरिएको स्थलगत अध्ययन, केन्द्रीय कार्यशालाहरूका उत्तरदाताहरूका प्रतिक्रियाहरू र विभिन्न सरकारी संस्थाहरूका केन्द्रीय तहका अधिकारिहरूको विचारमा आधारित छन् । यस अध्ययनका प्राप्तिहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

*प्रारम्भिक बालविकास कार्यक्रमको मूलप्रवाहीकरण*

- बहुसंख्यक उत्तरदाताहरूले मूलप्रवाहीकरण भनेको प्रारम्भिक बालबिकासलाई यसका आफ्नै उद्देश्यमा समेट्ने र शिक्षाको संरचनाभित्र समावेश गर्ने कुरा सँग सम्बन्धित हुन्छ भनी बताए ।
- प्रारम्भिक बालविकासलाई बालबालिकाको अधिकार र राज्यको दायित्वकारूपमा लिनुपर्ने कुरा स्वीकार गरियो ।
- सरोकारवालाहरूले प्ररम्भिक बालविकास कार्यक्रममा ०-५ उमेर समूहलाई समेट्नुपर्ने कुरा सुझाए ।
- उत्तरदाताहरूका अनुसार प्रारम्भिक बालबिकास केन्द्रहरूको अभिलेख राख्ने र उपयुक्त व्यवस्था गर्ने, वालवालिकाको पहुँच बृद्धिगर्ने, बालअधिकारको सुनिश्चितता गर्ने, प्रारम्भिक बालविकासलाई सार्वाङ्गिण विकासको पूर्वाधारका रूपमा लिने, जीवनको गुणात्मकतालाई अभिप्रेरित गर्ने र समुदायको उत्तरदायित्व वृद्धिगर्ने कार्य भैरहेको हुनाले मूलप्रवाहीकरणको आवश्यकता पुष्टिहुन्छ ।
- प्रारम्भिक बालबिकास कार्यक्रमको दोहोरोपनबारे के बताइयो भने प्रारम्भिक बालबिकास कार्यक्रमको मूलप्रवाहीकरणका लागि आधारका रूपमा प्रारम्भिक बालबिकास केन्द्रको स्तरीयता कायम गर्न स्रोतहरूको उपयुक्त परिचालनको लागि एकद्वार प्रणाली र कर्यान्वयनमा एकरूपता तथा सरकारद्वारा निश्चित आधारहरू तय गर्नुपर्ने कुरा सुझाइयो ।
- प्रारम्भिक बालविकास कार्यक्रमको मूलप्रवाहीकरणकोलागि उत्तरदाताहरूले पहिचान गरेका समस्याहरू हुन् : (१) विद्यालयमा आधारित, समुदायमा आधारित र निजीस्तरमा संचालित पूर्व प्राथमिक विद्यालयहरूको समयावधिमा भिन्नता (२) निजी विद्यालयहरूबीच बालकेन्द्रित सर्वाङ्गिण विकासमा आधारित पाठचक्रमको प्रयोगमा उदासिनता (३) स्थानीय पाठचक्रमको अभाव
- प्रारम्भिक बालविकासका कार्यक्रमको मूलप्रवाहीकरणका सम्बन्धमा उत्तरदाताहरूले निम्नानुसार नीतिगत प्रावधानवारे सुझाए :
  - अल्पकालिन प्रावधानका लागि प्रारम्भिक वालकिास परिषद् र दीर्धकालिन प्रावधानकालागि प्रारम्भिक बालबिकास  मन्त्रालयको स्थापना गर्ने ।
  - शिक्षा विभागको प्रारम्भिक बालबिकास शाखालाई केन्द्रीय स्तर अथवा शैक्षिक जनशक्ति विकास केन्द्रको स्तर सरह बनाउने ।

- प्रारम्भिक बालबिकास केन्द्रहरूलाई भौगोलिक र राजनैतिक विभाजनका आधारमा वर्गीकरण गर्ने र स्थानीय आवश्यकताअनुरूप सहयोग प्रदान गर्ने सम्बन्धमा लचिलो बनाउने ।
- प्रारम्भिक बालकिास केन्द्रको नक्साङ्कन र तिनीहरूको आवश्यकता पहिचान गर्ने, प्रारम्भिक बालबिकास को महत्ववारे स्थानीय व्यक्तिको चेतना अभिवृद्धि गर्ने र प्रारम्भिक बालबिकास केन्द्रको व्यवस्थापनका उचित तरिका तथा यी केन्द्रहरूको स्वामित्वको आधार विकास गर्ने ।
- प्रारम्भिक बालविकास केन्द्रका लागि चाहिने वित्तीय स्रोतकालागि सशर्त सहयोग नीति अवलम्वन गरी बजेट वितरण गर्ने ।
- गाविस/नगरपालिकाको बजेटमा प्रारम्भिक बालबिकास केन्द्रका लागि निश्चित प्रतिशत रकम छुट्याउने प्रावधान गर्ने ।
- वालअधिकारको वकालत एवं सुरक्षा गर्ने ।
- मातृशिशु स्वास्थ्य कार्यक्रमअन्तर्गत कार्यरत स्वयंसेवी वालस्वास्थ्य कार्यकर्तालाई प्रारम्भिक बालबिकासको आवश्यक तालिम दिई प्रारम्भिक बालबिकास कार्यकर्ताका रूपमा नियुक्त गर्ने ।
- प्रत्येक जिल्लामा तालिम केन्द्र र तालिम निर्देशिका समेतको व्यवस्थागरी प्रारम्भिक बालबिकास केन्द्रका कार्यकर्ता/सहजकर्तालाई तालिमको प्रावधान मिलाउने ।
- स्थानीय तहमा प्रारम्भिक वालविकास केन्द्रको दैनिक क्रियाकलाप सञ्चालन र व्यवस्थापनको अनुगमन गाविस र समुदायका व्यक्तिद्वारा तथा शिक्षा विभाग तथा जिशिकाका योग्य तथा तालिम प्राप्त व्यक्तिद्वारा प्राविधिक अनुगमन गराउने ।

*अन्तरक्षेत्रीय समन्वय*

- धेरै योजना र कार्यक्रमहरूमा अन्तरक्षेत्रीय समन्वयको महत्वमा जोड दिइएको छ ।
- सम्वन्धित संस्थाहरूबीच अन्तरक्षेत्रीय समन्वय कायम गर्नका लाीग धेरै प्रयासहरू गरिएका छन् । केन्द्रीय वालकल्याण परिषद्, राष्ट्रिय प्रारम्भिक बालबिकास सञ्जाल, जिल्ला वालकल्याण परिषद् निर्माण यससम्बन्धी केही उदाहरणहरू हुन् ।
- यसो भएतापनि के पाइएको छ भने केन्द्रीय वालकल्याण परिषद्मा केन्द्रीय समन्वयको निकायकारूपमा विभिन्न प्रारम्भिक बालबिकास सेवा प्रदान गर्ने संस्थाहरूको पर्याप्त प्रतिनिधित्वको प्रावधान भएको छैन ।
- प्रारम्भिक बालबिकास परिषद् निर्देशिकाले गाविस र नगरपालिकालाई सञ्जालका लागि कामगर्ने समितिहरू निर्माण गर्ने अधिकार दिएको छ ।
- सरकारीसंस्थाहरू, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरूबीच समन्वय कायम गर्नकालागि स्थापित राष्ट्रिय प्रारम्भिक बालबिकास सञ्जाल सम्बन्धित संस्थाहरूबीच प्रभावकारी समन्वय कायम गर्ने कार्यमा प्रभावकारी भएको पाइएन ।
- वर्तमान शैक्षिक व्यवस्थापन सूचना प्रणाली र विद्यालय सुधार योजनाले प्रारम्भिक बालबिकास कार्यक्रमलाई समावेश गरेका छैनन् र प्रारम्भिक बालबिकास सम्बन्धी मुद्दालाई पनि सम्वोधन गरेका छैनन् ।

- स्थानीय तहमा वालहेरचाह, शिक्षा र विकासका कार्यक्रमहरू सञ्चालन गर्ने संस्थाहरूकाबीच कार्यगत समन्वयको अभाव पाइयो ।

- अन्तरक्षेत्रीय समन्वयका सम्बन्धमा उत्तरदाताहरूद्वारा निम्नानुसारका प्रावधानहरू सुझाइए :

  – प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगको सदस्यले नेतृत्व गरिएको परिषद् तथा केन्द्रीय वोर्डको प्रावधान राख्ने

  – साना वालवालिकाकालागि स्वास्थ्य, शिक्षा र विकासका मुद्दाहरूलाई सम्वोधन गर्नका लागि एकिकृत नीतिको विकास गर्ने

  – जिल्ला वालकल्याण परिषद्को सदस्यका रूपमा प्रारम्भिक बालबिकाससँग सम्बिन्धित संस्थाहरूको प्रतिनिधित्वको व्यवस्था गर्ने

  – पञ्चवर्षीय योजनामा प्रारम्भिक बालबिकास कार्यक्रमलाई समावेश गर्ने

  – राष्ट्रिय बजेटमा प्रारम्भिक बालबिकासका लागि बजेट व्यवस्था गर्ने

  – जिल्लाको बालबिकास सम्बन्धी सम्पूर्ण रेखदेखका लागि जिशिकामा प्रारम्भिक बालबिकास को छुट्टै शाखाको स्थापना गर्ने

  – प्रारम्भिक बालबिकास केन्द्र व्यवस्थापन समितिमा गाविस, गाशिस (गाउँ शिक्षा समिति), स्थानीय गैरसरकारी संस्थाहरू/समुदायमा आधारित संस्थाहरूका प्रतिनिधिहरूलाई समावेश गर्ने प्रावधान गर्ने ।

*प्रारम्भिक बालबिकासको दीगोपन*

- केन्द्रीय कार्यशालाका उत्तरदाताहरूले प्रारम्भिक बालबिकासको विद्यमान प्रावधानले कार्यक्रमलाई दीगो बनाउँदैन भन्ने कुरा बताए ।

- उत्तरदाताहरूले प्रतिक्रिया दिएअनुसार प्रारम्भिक बालबिकासको दीगोपनसँग सम्बन्धित समस्याहरू यस प्रकार छन् : व्यवहारिक नीतिको अभाव, प्रारम्भिक बालबिकास र प्राथमिक शिक्षाबीच खाडल, दाताको पैसामा आधारित कार्यक्रम, कार्यक्रममा समुदायको स्वामित्वको अभाव, प्रारम्भिक बालबिकास केन्द्रको स्थापनामा मागमा आधारित भन्दा आपूर्तिमा आधारित उपागम, प्रारम्भिक बालबिकास केन्द्रका वालमैत्री वातावरण एवं उपागमको अभाव, पर्याप्त भौतिक व्यवस्थाको अभाव र प्रारम्भिक बालबिकास केन्द्रमा वालसामग्रीको अभाव ।

- गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा संचालित प्रारम्भिक बालबिकास केन्द्रहरूको अनुगमन तुलनात्मकरूपमा प्रभावकारी पाइयो । तर शिक्षा विभागद्वारा सञ्चालित अधिकांश प्रारम्भिक बालबिकास केन्द्रहरू कुनै अनुगमन पद्धति विना नै सञ्चालित पाइए । यसले केन्द्रहरूको समुचित सञ्चालनमा प्रभाव पारेको छ ।

- प्रारम्भिक बालबिकास सहजकर्तालाई दिइएको पारिश्रामिक न्यून पाइयो र सहजकर्ताहरू आफ्नो पेशाप्रति न्यूनरूपले अभिप्रेरित पाइए । तिनीहरूमा कम योग्यता, पर्याप्त तालिमको अभाव र उपयुक्त पृष्ठपोषणको अभाव भएको पाइयो । यस्तो अवस्थाले गर्दा प्रारम्भिक बालबिकास कार्यक्रमको दीगोपनका लागि समस्या हुने कुरा वताइयो ।

- न्यून पारिश्रमिकका कारण वीसदेखि तीस प्रतिशतसम्म तालिम प्राप्त सहजकर्ताले पेशा छोडेको कुरा अनुमान गरियो ।

- समुदायमा आधारित प्रारम्भिक बालबिकास केन्द्रहरूमा समुदायका मानिसहरूको न्यून सहभागिता र पर्याप्त कोषको अभाव जस्ता समस्याहरू देखिए । त्यसैगरी विद्यालयमा आधारित प्रारम्भिक बालबिकास कार्यक्रममा विद्यालयका प्रधानाध्यापक तथा अध्यापकले कम ध्यान दिने, पढाइ, लेखाइ र गणितीय शिक्षणको अवलम्बन र शिक्षककेन्द्रित शिक्षणविधि जस्ता समस्याहरू पाइए ।

- विद्यालयमा आधारित प्रारम्भिक बालबिकास केन्द्रहरूमा विद्यालय अधिकारीले दिइएको कम चासो र औपचारिक शिक्षण विधिको प्रयोगका वावजुद विद्यालयमा आधारित केन्द्रहरू प्रारम्भिक बालबिकासका लागि कक्षाकोठाको उपलब्धता, केन्द्रमा वालवालिकाको बढी नियमितता र मासिक शिक्षण शुल्क नलगाइनुले गर्दा ती कार्यक्रमहरू दीगो हुने देखियो ।

- शिक्षा विभाग र जिशिकाअन्तर्गत संचालित प्रारम्भिक बालबिकास केन्द्रहरूमा विद्यार्थीको संख्या कम भएकोले विद्यालय स्वागत कार्यक्रम (Welcome to school program) को व्यवस्था गरी विद्यार्थीको भर्ना वृद्धि गर्ने आम जनचेतना कार्यक्रमको महत्व रहेको पाइयो ।

- केन्द्रीय कार्यशालाका सहभागीहरू र केन्द्रीय तहका अधिकारीहरूले तिनीहरूसँगको अन्तर्वाताका क्रममा कार्यक्रमलाई दीगो बनाउनका लागि निम्न लिखित आधारभूत शर्तहरू उल्लेख गरे ।
    - प्रारम्भिक बालबिकास केन्द्रको वातावरण : आन्तरिक र वाह्य वातावरण
    - प्रारम्भिक बालविकास केन्द्रको विषयवस्तु : ज्ञान, सीप र प्रवृत्ति
    - केन्द्रको व्यवस्थापनमा समुदाय एवं आमावावुको संलग्नता

- कार्यक्रमलाई दीगो बनाउनका लागि उत्तरदाताहरूले निम्नानुसारका नीतिगत प्रावधान सुझाए :
    - देशमा प्रारम्भिक विकासका लागि एउटा दीर्घकालीन नीति, योजना र रणनीति अवलम्बन गर्ने ।
    - भौतिक पूर्वाधार विकासका लागि समुदायमा आधारित प्रारम्भिक बालबिकास केन्द्रलाई सरकारद्वारा प्राविधक तथा वित्तीय सहयोग गर्ने ।
    - प्रारम्भिक बालबिकास केन्द्रको निम्ति चाहिने भौतिक सुवधिाहरूको विकासकालागि ५०-५० नीति देखि सरकारले ८० प्रतिशत सम्मको लचकता अपनाई सहयोग गर्ने र २० प्रतिशत विद्यालय वा समुदायले व्यहोर्ने ।
    - विद्यालयमा आधारित प्रारम्भिक बालबिकास केन्द्रमा सर्वाङ्गिण विकासमा आधारित निर्देशिकाको प्रावधान गर्ने ।
    - राष्ट्रिय बजेटमा प्रारम्भिक बालविकासका लागि बजेटको विनियोजन गर्ने
    - वलियो अनुगमन तथा सुपरिवेक्षण प्रणाली अपनाउने ।
    - केन्द्रहरूमा बालमैत्री वातावरण बनाउनका लागि आधारभूत आवश्यकता र किटवक्सको आपूर्तिद्वारा प्रारम्भिक बालबिकास केन्द्रहरूको भौतिक पूर्वाधार निर्माण गर्ने ।

- साना वालवालिकाका लागि प्रारम्भिक बालबिकासको महत्व र आवश्यकता महसुस गराउनकालागि सरोकारवालाहरूको जनचेतना जगाउने प्रचार कार्यक्रम सञ्चालन गर्ने ।
- केन्द्र तथा जिल्लामा प्रारम्भिक बालविकास तालिम केन्द्रको स्थापना गर्ने ।
- जिल्लाका, गाविस र स्थानीय समुदायमा अनुगमन पद्धतिको स्थापना गर्ने ।
- सहजकर्ताको अभिप्रेरणा वृद्धि गर्न र उनीहरूलाई नोकरीमा टिकाइराख्न निम्नानुसारका नीतिगत प्रावधान सुझाइएको छ :
  - सहजकर्ताको प्रारिश्रमिक पुनरावलोकन
  - सहजकर्ताको नैतिक र प्राज्ञिक उन्नयनको प्रावधान
  - सहजकर्ताको सामाजिक स्तर उकास्ने
  - शैक्षणीक सामग्रीका लागि कोषको व्यवस्था
  - प्रारम्भिक बालविकासको कार्यक्रमको अनुगमन जिल्ला तथा स्थानीय तहमा विशेष संयन्त्रको निर्माण बाल अधिकारको संरक्षणकालागि गाउँ तहमा बाल क्लबको स्थापन
  - आचार संहिताको विकास तथा कार्यान्वयन जसमा निम्नानुसारका पक्ष समावेश हुन्छन् :
  - बालबालिकालाई चाहिने शैक्षिक सामग्री
  - केन्द्रको सुरक्षा,
  - आनन्दित वातावरणमा शिक्षण-सिकाइ
  - स्वास्थ्य र पोषण सेवाहरू
  - जनजाति र जातीय विभेद नगर्ने

**सिफारिशहरू**

पुनरावलोकनका प्राप्तिका आधारमा मूल विषयको पुनरावलोकनसम्बन्धी सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

*मूलप्रवाहीकरण*

१ प्रारम्भिक बालबिकासलाई वालअधिकार सुनिश्चित गर्ने माध्यमकारूपमा राज्यले लिनुपर्दछ, त्यसैले बालअधिकारसम्बन्धी महासम्मेलनमा भनिएजस्तै जुनसुकै पारिवारिक पृष्ठभूमि भएता पनि सबै वालवालिकालाई प्रारम्भिक बालबिकास सेवा प्रदान गर्न राज्यले आवश्यक उपायहरू अपनाउनु पर्दछ ।

२. प्रारम्भिक बालबिकास कार्यक्रमलाई ३ देखि ५ वर्षको वालवालिकामा मात्र सीमित राख्नु हुँदैन । गर्भाधान देखि ५ वर्षको उमेरसम्मको समूहलाई समेट्नु पर्दछ । त्यसैले तीन वर्ष मुनिका वलावालिकाहरूका लागि आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३. प्रारम्भिक बालबिकास केन्द्रहरूको मूलप्रवाहीकरणको उद्देश्यका लागि सम्बन्धित मन्त्रालयहरूले प्रारम्भिक बालबिकाससँग सम्बन्धित ऐन र कानूनी प्रावधानका लागि मस्यौदा नीति तयार गरी

संसदमा प्रस्तुत गर्नुपर्दछ । मुख्य (nodal) मन्त्रालय पहिचान गर्नु महत्वपूर्ण हुन्छ र प्रत्येक मन्त्रालयको भूमिका र जिम्मेवारीलाई परिभाषित गरिनुपर्दछ ।

४. चारवटा मन्त्रालयहरू - शिक्षा तथा खेलकूद मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयले प्रारम्भिक बालबिकास कार्यक्रमहरूलाई मूलप्रवाहीकरण गर्नकालागि समन्वय कायम गर्नुपर्दछ र आवश्यक नीतिहरू तर्जुमा गर्नुपर्दछ । यसका लागि दुइवटा विकल्पहरू हुनसक्छन् । एउटा शिक्षाको संरचनाभित्र प्रारम्भिक बालबिकास  कार्यक्रमलाई समावेश गर्ने; र अर्को स्थानीय मन्त्रालयअन्तर्गत कानूनी प्रावधान गरी गाविस र नगरपालिकाहरूले उनीहरूको तजवीजमा प्रारम्भिक वालविकास गर्ने कुरालाई वाध्यात्मक बनाउने कार्यक्रमको कार्यान्वयन ।

५. मागमा आधारित बालबिकास केन्द्र कार्यान्वयन योजना कार्यान्वयनका लागि पिछडिएको समुदायमा वकालत गर्ने र जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

६. विद्यमान राष्ट्रिय प्रारम्भिक बालबिकास पाठचक्रमलाई परिमार्जन गरी स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठचक्रम विकास गर्ने पर्याप्त प्रावधान राखिनु पर्छ ।

७. प्रारम्भिक बालबिकास कार्यक्रमलाई मूलप्रवाहीकरण गर्नकालागि निश्चित नीतिगत प्रावधान गरिनु पर्दछ ।

८. प्रारम्भिक बालविकास कार्यक्रमलाई मूलप्रवाहीकरण गर्नका लागि उच्चस्तरीय अधिकारीले सभापतित्व गर्नेगरी प्रारम्भिक बालबिकासको उच्चस्तरीय परिषद् बनाउनु पर्दछ ।

९ राष्ट्रिय बजेटमा प्रारम्भिक बालबिकासका लागि निश्चित वजेट छुट्टयाउनु पर्दछ ।

*अन्तरक्षेत्रीय समन्वय*

१. प्रारम्भिक बालबिकास केन्द्र मापन गर्नाले भौगोलिक क्षेत्रका साथै जातिगत र सुविधाविहिन समूहका लागि प्रारम्भिक बालबिकासको क्षेत्र पहिचान गर्न सकिन्छ । यसले सुविधाविहीन समुदायमा बस्ने वालवालिकालाई लक्ष्यित गरेर उपयुक्त नीतिहरू बनाउनका लागि सहयोग पुऱ्याउने कुरा विश्वास गर्न सकिन्छ । यसले विभिन्न संस्थाहरूले कायान्वयन गरेका कार्यक्रमहरूको दोहोरोपन कम गर्नका लाग सहयोग पुऱ्याउँछ  र स्थानीय तहमा समन्वय गर्न समेत सहयोग गर्छ ।

२. विभिन्न तह - केन्द्र, जिल्ला, गाविस/नगरपालिका र स्थानीय समुदायमा अन्तरक्षेत्रीय समन्वय संयन्त्र बनाउनु पर्दछ ।

३. सरकारी मन्त्रालयहरू र तिनका निकायहरू, संयुक्त राष्ट्रका निकायहरु, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका बीचमा कार्यगत समन्वय स्थापना गरिनुपर्दछ ।

४. विद्यमान क्षेत्रगतरूपमा छरिएर रहेका कार्यक्रम, जस्तै स्वास्थ्य, पोषण र शिक्षाका कार्यक्रमहरूलाई एकीकृत प्रारम्भिक बालबिकास कार्यक्रमअन्तर्गत ल्याउनु पर्दछ ।

५. समन्वय समितिमा सम्बन्धित संस्थाहरूको व्यापक क्षेत्रको प्रतिनिधित्व हुने प्रावधान गर्नुपर्दछ ।

६. शैक्षिक व्यवस्थापन सूचना प्रणाली र विद्यालय सुधार योजनामा प्रारम्भिक बालबिकाससम्बन्धी कार्यक्रम र मुद्दाहरूलाई समावेश गर्ने प्रावधान गर्नुपर्दछ ।

*प्रारम्भिक बालविकास कार्यक्रमको दीगोपन*

१. प्रारम्भिक बालबिकास कार्यक्रमको योजना र कार्यान्वयनमा स्थानीय सहभागितालाई परिचालन गर्ने, संलग्न गराउने र सुनिश्चित गराउने कुरामा जोडदिनु पर्दछ । स्थानीय समुदायका व्यक्तिको संलगनताविना कार्यक्रमको प्रभावकारीता सुनिश्चित हुन सक्दैन ।

२. प्रारम्भिक बालबिकासको कार्यक्रमको महत्व र प्रभावकारिताप्रति सम्बन्धित सरोकारवालाहरूलाई सचेत गराउनकालागि वकालत कार्यक्रमको विकास गर्ने ।

३. प्रारम्भिक बालबिकास कार्यक्रमलाई स्वास्थ्य मन्त्रालयको मातृशिशु स्वास्थ्य कार्यक्रमसँग सम्बद्ध गर्दा कार्यक्रमको दीगोपन तथा स्वास्थ्य र पोषण सेवालाई सुनिश्चित गर्ने रणनीति बन्न सक्छ ।

४. समुदायका व्यक्तिहरूलाई प्रारम्भिक बालबिकास कार्यक्रमको स्वामित्व लिनका लागि तयार गर्नुपर्दछ ।

५. कार्यक्रमको दीगोपन सेवाको गुणात्मकतामा भरपर्दछ । सेवाको गुणात्मकतालाई सुनिश्चित गर्नका लागि निम्नानुसारका कदम चालिनु महत्वपुर्ण हुन्छ :

- तालिम कार्यक्रमको गुणात्मकतालाई सुनिश्चित गर्न सहजकर्ताको तालिमको मानक र ढाँचा बनाउने ।
- प्रारम्भिक बालबिकास कार्यकर्ताका रूपमा पेशामा प्रवेश गर्नुपूर्व अनिवार्य तालिमको प्रावधानलाई कडाइकासाथ अवलम्बन गर्नुपर्दछ ।
- विभिन्न तहमा काम गर्ने प्रारम्भिक बालबिकास कार्यकर्तालाई राष्ट्रिय तालिम पाठचक्रमको विकास गर्ने ।
- प्रारम्भिक बालबिकास केन्द्र संचालनका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने ।
- प्रारम्भिक बालबिकास को न्यूनतम स्तर र मानक विकास गर्ने र ती मानक र स्तरलाई कायम राख्ने प्रावधान गर्नुपर्दछ ।
- कार्यक्रमको गुणात्मकताको सुनिश्चितताको लागि आचार संहिता निर्माण एवं प्रयोग गर्ने ।
- प्रारम्भिक बालबिकास कार्यकर्ताहरूलाई खासगरी सहजकर्ताहरूलाई दिइएको सुविधालाई पुनरावलोकन गरी न्यूनतम आवश्यक पारिश्रमिक प्रदान गर्ने । प्रारम्भिक बालबिकास कार्यकर्ताको नैतिक र शैक्षिक पृष्ठभूमिको उन्नयनको प्रावधान गर्ने ।
- जिल्ला तथा गाविस/स्थानीय तहमा प्रभावकारी अनुगमन संयन्त्र विकास गर्ने ।

# खण्ड-६

# राम्रा अभ्यासहरू, सिकिएका पाठहरू र भावी कार्यदिशा

## राम्रा अभ्यासहरू

नेपाल सरकारको मुख्य रणनीतिका रूपमा विकेन्द्रीकरण पर्दछ । प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना, कार्यान्वयन र अनुगमन गर्ने अधिकार निर्वाचित स्थानीय सरकारी निकायहरूलाई प्रत्यायोजन गर्ने अभ्यासलाई राम्रो चलनको रूपमा लिइएको छ । यस्तो अभ्यासको थालनी सार्वजनिक विद्यालयहरूलाई समुदायमा हस्तान्तरण गर्ने प्रक्रिया भन्दा पनि अगाडि भएको हो ।

प्रारम्भिक बालबिकास कार्यक्रमको कार्यान्वयनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँगको सञ्जाल तथा सहकार्य अर्को सफल रणनीति हो । यस्तो रणनीतिको अवलम्वन गरी स्थानीय समुदायको तहमा सेवाहरूको विस्तार, अनुगमन र गुणात्मकताको सुनिश्चितता कायम गर्न सकिन्छ ।

राष्ट्रिय योजना तथा कार्यक्रमहरूमा प्रारम्भिक बालबिकास कार्यक्रमलाई प्राथमिकता दिंदा यसको विस्तारलाई जोड दिन सघाएको पाइन्छ । यसैगरी आमा समूह तथा वन उपभोक्ता समिति जस्ता समुदायमा आधारित संस्थाहरूको संलग्नतामा प्रारम्भिक बालविकास केन्द्रहरूको व्यवस्थापन गर्न स्थानीय समुदायको परिचालन अर्को सफल रणनीतिको रूपमा स्थापित भएको छ । यस्तो अभ्यासको प्रयोग देशभरि नै गर्न सकिन्छ ।

## सिकिएका पाठहरू

प्रारम्भिक बालबिकासका सेवाहरूको महत्व र तिनवाट प्राप्त हुने लाभका वारेमा अभिभावक सहित जनस्तरमा जनचेतनाको अभिवृद्धि गर्ने कार्य यो कार्यक्रममा स्थानीय व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्न ज्यादै प्रभावकारी सिद्ध भएको छ ।

प्रारम्भिक बालबिकास कार्यक्रमको दिगो विकास सुनिश्चित गर्न विकासको कार्यक्रममुखी दृष्टिकोणबाट संरचनामुखी दृष्टिकोणतर्फ अग्रसर हुन जरूरी देखिएको छ ।

प्रारम्भिक बालबिकास केन्द्रहरूलाई औपचारिक विद्यालयहरूसँग आवद्ध गर्दा प्रारम्भिक बालबिकास कार्यक्रममा सकारात्मक तथा नकारात्मक दुवै खाले प्रभाव परेको पाइन्छ । सकारात्मक प्रभावकारूपमा प्रारम्भिक बालविकास कार्यक्रमका लागि कक्षाकोठाहरू उपलब्ध गराएर कार्यक्रमको निरन्तरतालाई सघाउन सकिन्छ । जस्तै, प्रारम्भिक बालबिकास कार्यक्रमका वालवालिकाहरू आफ्ना दाजु, दिदीसँग अक्सर सँगै विद्यालय आउने हुँदा यस्ता वालवालिका समुदायमा केन्द्रित केन्द्रहरूमा पढने वालवालिकाभन्दा बढी नियमित भएको पाइएको छ । यसको नकारात्मक पाटो के छ भने विद्यालय परिवारको ध्यान र चासो अन्ततः अरू कक्षाहरूमा जाने हुनाले प्रारम्भिक वालअधिकार कार्यक्रमले कम प्राथमिकता पाउने गर्दछ । यसको अलावा औपचारिक विद्यालय कक्षा शिक्षणसिकाइ क्रियाकलापहरू बढी औपचारिक र संरचित हुने हुनाले शिक्षक र सहजकर्ताहरूले वालमैत्री शैली भन्दा भिन्न खालका उही विधिहरू प्रारम्भिक बालाबिकास केन्द्रका कक्षाहरूमा प्रयोग गरिदिन्छन् ।

विद्यमान प्रारम्भिक बालबिकास कार्यक्रमको नीति जतिसक्दो बढी बालवालिकासम्म सेवाहरूको विस्तार गर्नु रहेको छ । यो कार्यक्रमले आमसञ्चारको माध्यमबाट अभिभावक शिक्षा र वकालत कार्यक्रम सञ्चालन गरी अभिभावक र समुदायका व्यक्तिहरूको जनचेतना अभिवृद्धि मार्फत समुदायको संलग्नताको वकालत गरेको छ ।

प्रारम्भिक बालबिकास कार्यक्रममा संलग्न विभिन्न मन्त्रालयहरू, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरूबीच समन्वय ल्याउने र सञ्जाल कायम गर्ने कुरालाई नीतिगत दस्तावेजहरूले जोड दिएको भएतापनि अपेक्षित समन्वय कायम गर्न ठोस प्रयासहरू भएका छैनन् । प्रारम्भिक बालबिकास नीति विभिन्न सम्बन्धित मन्त्रालयहरू र अन्य निकायहरूसँग सहकार्य गरी विकास गर्नुपर्दछ । नीतिलाई व्यवहारमा ल्याउनका लागि सरकारको ऐन र नियमावलीमा प्रतिविम्बित हुनुपर्दछ ।

कार्यान्वयनको दीगोपनका लागि सेवाको गुणात्मकतालाई सन्तोषजनकरूपमा कायम राख्नु पर्दछ ।

**भावी कार्यदिशा**

नेपालमा प्रारम्भिक बालविकासको क्षेत्रमा भएको उपलब्धिको विश्लेषण र भिन्नतालाई पहिचान गर्ने सम्बन्धमा प्रारम्भिक बालविकास नीतिको पुनरावलोकन भावि कार्यदिशाका लागि महत्वपूर्ण कदम थियो । विभिन्न अवसरहरूमा विभिन्न सरोकारवालाहरूलाई छलफल सत्र, कार्यशाला र अन्तर्वातामा संलग्न गराएर प्रारम्भिक बालबिकासका महत्वपूर्ण मुद्दाहरूमा छलफल गराउन सम्बिन्धित अधिकारीहरूलाई एकै ठाउँमा ल्याउने काम भएको छ । तथापि पुनरावलोकनका प्राप्तिहरूलाई आधार बनाएर केही सुझाव दिदैमा पुनरावलोकन रोकिनु हुँदैन । सुझावदेखि नीति निर्माण र कार्यान्वयनमा पुग्नका लागि वर्तमान नीति पुनरावलोकन सम्पन्न भएपछि पनि निम्नानुसारका रणनीतिहरू अपनाउनु पर्छ :

- कार्यगत अनुसन्धान परियोजनाको विकास गर्ने र केही नीतिगत सुझावलाई परीक्षण गर्ने ।
- सञ्जाल समूहहरूको निर्माण गर्ने र प्रतिवेदनलाई प्रारम्भिक बालबिकास सञ्जाल समूहमा प्रचार प्रसार गर्ने ।
- पुनरावलोकन प्रतिवेदनलाई केन्द्रीय एवं क्षेत्रीय तहका वैठक/कार्यशाला/सेमिनारमा प्रचार प्रसार गर्ने
- संसद सदस्य र राजनीतिक पार्टिहरूका सदस्यहरूलाई प्रतिवेदन प्रचारप्रसार गर्ने ।
- नेपाली भाषामा सारांश प्रतिवेदन तयार गर्ने र व्यापक प्रचारमा ल्याउने ।
- पत्रकारहरूमा प्रतिवेदन प्रचार प्रसार गर्ने ।
- यसलाई सबैकालागि शिक्षा मध्य दशक मूल्याङ्कन क्रियाकलापसँग सम्बद्ध गर्ने र नियमित सुधार गर्ने ।
- सम्वद्ध मन्त्रालय अथवा परिषद्सँग प्रारम्भिक बालबिकास ऐन एवं विनियम लगायतका नीतिगत दस्तावेज विकास गर्ने कार्यमा सहकार्य गर्ने ।

# सन्दर्भ सूची


Bennett, L. (2005). *Gender, caste and ethnic exclusion in Nepal: Following the policy process from analysis to action.* Kathmandu: The World Bank.

CERID. (1999). *Strategic action plan for community-based early childhood development program.* Kathmandu: Author.

CERID. (2000). *In search of early childhood care and development (ECCD) indicators: A contribution to the EFA year 2000 assessment.* Kathmandu: Author.

CERID. (2003). *Management of community-based early childhood development program of Department of Education.* Kathmandu: Author.

CERID. (2004). *Effective operation and sustainable development of early childhood development program: strategies for rapid expansion*. Kathmandu: Author.

CERID. (2004). *Home-base early childcare and development program implemented by Seto Gurans National Child Development Services Parsa* with support from UNICEF Nepal. Kathmandu: Author.

Evans, J. L. (1992). *Nepal: from entry point to consolidation. An assessment of early childhood provision in Nepal with recommendations for UNICEF's involvement. Report of a consultancy.* Submitted to UNICEF/ Nepal. Unpublished research report.

Gurung, H. (2006). Social Inclusion and National Building in Nepal. In *The* Organization. *Social inclusion and nation building in Nepal.* Kathmandu, Nepal: Social Exclusion Research Fund Secretariat.

Ministry of Education and Culture. (1992). *Education for all plan of action (1992-2000).* Policies, Plans and Programs: Primary and Non-formal Education. Kathmandu: Author.

Ministry of Education. (1997). *The Basic and Primary Education Master Plan for 1997-2002. Kathmandu:* Author.

Ministry of Health and Population (MOHP), New Era, and Macro International Inc. (2007). *Nepal Demographic and Health Survey 2006.* Kathmandu: Author.

MOES. (2002). *EFA National Plan of Action (EFA/NPA) 2001 -2015.* Kathmandu: Author.

MOES. (2004). *Education for All: Core document 2004-09.* Kathmandu: Author.

National Planning Commission. (1998). *Ninth five year plan (1998-2002).* Kathmandu: Author.

National Planning Commission. (2002). *Tenth five year plan (2002-2007).* Kathmandu: Author.

United Nations Children's Fund (UNICEF).(1994). *ECE Program in Nepal: Its status and resources*. Unpublished document. Kathmandu: Author.

Vishwakarma, H. (2006). Social Justice and Peace in the Contest of Dalits. In *The* Organization. *Social inclusion and nation building in Nepal.* Kathmandu, Nepal: Social Exclusion Research Fund Secretariat.

United Nations
Educational, Scientific and
Cultural Organization